चर्चित

# दशकौँदेखि विमानस्थलकै सेटिङमा हुन्छ सुन तस्कर

## सुरक्षा निकायको लापरबाहीले गर्दा पाउँछन् तस्करहरुले उन्मुक्ति




प्राणमञ्च डेस्क, काठमाण्डौँ

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट संगठित रूपमा लामो समयदेखि सुन तस्करी हुँद आएको अनुसन्धानले देखाएको छ। १५ बैशाखमा दुई किलो तीन सय ३२ ग्राम सुनसहित पक्राउ परेकामाथि अनुसन्धान गर्दा उनीहरूले विगतमा पनि विमानस्थलकै सेटिङमा तस्करी गरेको पुष्टि भएको हो। पक्राउ परेका अभियुक्तले गोरे समूहसँग मिलेर आफूहरूले सुन तस्करी गर्दै आएको लिखित बयानसमेत दिएका छन्। ‘आफूहरू गोरे समूहको कारिन्दा मात्र भएको’ बयान पक्राउ परेका पाँचमध्ये दुई अभियुक्तले दिएका हुन्। तर, विमानस्थलस्थित भन्सार कार्यालयले त्यसतर्फ विस्तृत अनुसन्धान गर्न सकेको छन। विमानस्थलस्थित भन्सार कार्यालयका प्रमुख महेश भट्टराईका अनुसार पक्राउ परेका व्यक्तिले यसमा संलग्न अन्य व्यक्तिको नाम लिएका छन्, त्यसमा हामीले थप बुझ्ने काम गरिरहेका छौँ, उनीहरूले पहिला पनि त्यसरी सुन तस्करी गरेको बताएका छन्।

दुबईबाट आएको हिमालय एयरको शौचालयमा रहेको डस्टबिनमा लुकाई सो समूहले सफाइ कर्मचारीमार्फत विमानस्थलबाट सुन तस्करी गराउँद आएको थियो। त्यसरी तस्करी गरेको आरोपमा विमानमा सफाइको जिम्मा पाएको सुनगाभा सप्लायर्स एन्ड सरसफाइ प्रालिका तीन कर्मचारीलाई प्रहरीले पक्राउ गरेको थियो। ड्युटी सकेर विमानस्थलभित्रबाट निस्कँद गर्दा चेकजाँच गर्ने क्रममा भीमकुमार माबो र

सुमन तामाङको पर्समा सुन भेटिएको थियो। पछि उनीहरूका सुपरभाइजर ताराकान्त चाधरीलाई पनि भन्सार र प्रहरीले नियन्त्रणमा लिएको थियो। उनीहरूमाथि सोधपुछका क्रममा सुन रिसिभ गर्न पुगेका राजेश राई तथा ट्याक्सीचालक हेमबहादुर थापालाई पनि भन्सार कार्यालयले नियन्त्रणमा लिएको थियो। पक्राउ परेका राईले आफूहरूले अन्य व्यक्तिको निर्देशनमा त्यसरी सुन तस्करी गरेको बयान दिएका छन्। राई विगतमा विमान सफाइ कर्मचारी हुन्। पछि उनी जागिर छाडेर सुन ओसारपसारमा सक्रिय भएको खुलेको छ। ‘पक्राउ परेका व्यक्तिले यसमा संलग्न अन्य व्यक्तिको नाम लिएका छन्,’ विमानस्थलस्थित भन्सार कार्यालयका प्रमुख महेश भट्टराईले भने, ‘त्यसमा हामीले थप बुझ्ने काम गरिरहेका छौँ, उनीहरूले पहिला पनि त्यसरी सुन तस्करी गरेको बताएका छन्।’ सफाइ कर्मचारीले भने त्यसबारे केही जानकारी नभएको बताएका छन्। स्रोतका अनुसार राई र थापाले विमानस्थलबाट पाँच वर्षसम्म सुन तस्करी गर्ने गिरोहका एक नाइके चूडामणि उप्रेती ‘गोरे’ समूहको नाम लिएका छन्। उनीहरूले गोरेक एक आफन्तको नामसमेत लिएका छन्। तर, ती व्यक्तिलाई बुझ्ने कामसमेत भन्सारले गर्न सकेको छन। गोरे हाल सुन तस्करीसँग जोडिएको हत्या मुद्दामा जेलमा छन्। गोरे र पक्राउ परेका अभियुक्तबीच सम्बन्ध भए-नभएकोबारे बुझ्नेसम्म काम भन्सारले नगर्दा अनुसन्धान फितलो हुने देखिएको छ।

भन्सार कार्यालयले यो घटनाको अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको छ। तर, दुबईबाट कसले सुन ल्याएको थियो भन्नेसमेत पत्ता लगाउन सकेको छन। दुबईबाट आएका यात्रुले सो सुन विमानको शौचालयमा राखेको बताइएको छ। विमानभित्र सिसिक्यामेरा हुने भए पनि उड्डयन सुरक्षासम्बन्धी बाहेकमा सिसिक्यामेरा फुटेज उपलब्ध नहुने जानकारी पाएपछि त्यसतर्फ नलागिएको भन्सारका एक कर्मचारी बताउँछन्। भन्सार कार्यालयले यो घटनाको जिल्ला अदालत काठमाडांमा मुद्दा दायरको तयारी गरेको छ। एक करोडभन्दा धेर बिगो भएको घटनामा अदालतको कार्यक्षेत्र पर्छ। यस्तो मुद्दामा भन्सारले आरोपी पक्राउ परेको २५ दिनभित्र मुद्दा दायर गरिसक्नुपर्ने हुन्छ। तीन वा सोभन्दा धेरजना मिलेर गरेको यस्ता अपराधमा संगठित अपराध ऐनसमेत आकर्षित हुन्छ। तर, त्यसतर्फ चासो दिइएको छन। भन्सार प्रमुख भट्टराई संगठित अपराधमा अनुसन्धान गर्न आफूहरूलाई अधिकार नभएको बताउँछन्। अन्तर र्राष्ट्रिय विमानस्थलबाट संगठित रूपमा पटक-पटक सुन तस्करी गरेको घटनामा नाइकेसम्म नपुगी भन्सारले अनुसन्धान टुंग्याउन लागेको छ।




# विषयसूची


| | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १ | भोटको किनबेच कहिलेसम्म ? | सम्पादकीय | ४ |
| २ | विश्व दृष्टिकोणको निर्माण र व्यवहार बारे | शशिधर भण्डारी | ५ |
| ३ | निर्वाचन पार्टी र आमुल परिवर्तन | कृष्णहरि भट्ट | १० |
| ४ | खाद्य संकटको अभावतिर विश्व | सेटा ट्टुन्जिया | १६ |
| ५ | पार्टी निर्माण र चुनाव जित्ने काइदा | लिको संस्मरण | १८ |
| ६ | निर्वाचन, लोकतन्त्र र बालेन फ्याक्टर | रोशन जनकपुरी | २० |
| ७ | लु सुन सतत संघर्षशील लेखक | इस्माली | २६ |
| ८ | मिटरैपिच्छे ग्राहक ठग्दै प्राधिकरण | खोज समाचार | ३२ |
| ९ | समानता कहिले आउने ? | देवेन्द्रकुमार रिजाल | ३७ |
| १० | मातृ चित्कारको वोध र युवा संघर्ष | पदम प्रसाद पोखेल | ४० |
| ११ | युवा विद्यार्थीले आलोचनात्मकताको रक्षा गर्लान ? | रमेश केसी | ४४ |
| १२ | विज्ञानको चमत्कारः अब हावाबाट खान्की | डा. सुभाष पोखरेल | ५० |
| १३ | पितृ सत्तालाई कहिल्यै नपचेको "थुतुनो" | मेनुका बस्नेत | ५५ |
| १४ | उपचारकै कारण गरिब बन्दै नेपाली | समाचार | ५८ |
| १५ | घोराही–मुर्कुटी सडक उच्चमा | समाचार | ६० |
| १६ | कंगो स्वतन्त्रता संग्राम र लुमुम्बा | चिन्तामणी घिमिरे | ६२ |



## प्राणमञ्च राष्ट्रिय मासिक
वर्ष ३, अंक ५ बैशाख/जेष्ठ- २०७९

## प्रकाशनका लागि

**अतिथि सम्पादकः** शशिधर भण्डारी
**प्रधान सम्पादकः** पदम प्रसाद पोखेल
**प्रकाशक/सम्पादकः** पार्वती न्यौपाने
**प्रबन्धकः** जंगबहादुर रेउले
**कार्यालयः** प्यु.न.पा.४ जुम्री, प्यूठान
**मुद्रणः** सुलभ अफसेट प्रेस, बुटवल
**सम्पर्कः** ९८४७९७४८४२, ९८४०९१३८४०, ९८६८२८२४६७
Email: maanchap76@gmail.com Website: www.pranmancha.com
**कानुनी सल्लाहकारः वरिष्ठ अधिवक्ता एकराज भण्डारी, प्रबन्धकःः टंक केसी**

**मुल्यः** (व्यक्तिगत) रु. २००, **संस्थागतः** रु. ३५०

# भोटको किनबेच कहिलेसम्म ?

ठुलो तामझामले मुलुकभर यतिबेला स्थानीय तहको चुनाव सम्पन्न भएको छ । देशभरका ७ सय ५३ वटा स्थानीय तहमा जेठ ५ गतेदेखि ०७४ मा निर्वाचित जनप्रतिनिधिको पदावधि सकिने छ र नयाँ जनप्रतिनिधिको पुनर्योदय हुनेछ । बिधिको शासन र नैतिक राजनीतिको संस्कार भएका मुलुकमा हरेक निर्वाचनले नागरिकका वास्तविक अधिकार र मुलुकको उन्नत विकासको फड्को मार्ने गर्छन् तर विडम्बना नेपालमा भएका हरेक पटकका निर्वाचनको पछि एकातिर जनताको ढाड सेक्नेगरि बजार र करको चरम मुल्य वृद्धि हुन्छ भने अर्कोतिर व्यक्तिगत सम्पत्ति आर्जनका नयाँ षड्यन्त्रका तानावुना बुन्दै राज्यकोषको दोहन गर्न थाल्छ । हरेक निर्वाचनमा खस्ने भोट कागजि खोस्टो कि आफ्नो परिवार, समाज र देशको भविष्य बदल्ने महत्वपूर्ण दस्तावेज ? आफ्नो अमुल्य मतले दुई धारे तरबारको काम गरेको हुन्छ जुन असल, साहसिक र देशभक्तको पक्षमा खसे मुलुक कायापलट हुन्छ भने त्यही भोट कलंकित र देशद्रोहीको पक्षमा खसे मुलुक लिलाम हुन्छ । हालसम्मका दर्जनौं निर्वाचनमा हामीले खसालेका सबै मतहरुले मुलुक लिलाम गरिरहेको अवस्था छ। आधुनिक नेपालको निर्माण भएदेखि हामीले एउटा पनि राष्ट्र नायक पाउन सकेका छैनौं ।

२००७ सालको प्रजातान्त्र आगमन पछिका सबै निर्वाचनका परिणामले देश विकासका मार्ग चित्र किन कोर्न सकेन, हरेक निर्वाचनमा भोट खसाल्ने निर्दोष मतदाताहरु किन निराशा झेल्न विवश छन् । निर्वाचनको पूर्वसन्ध्यामा मतदाताको पाउ पर्दै भोटको गुहार माग्ने उम्मेदवार जितेर गएपछि नजताका अभाव र रोदनका सामिप्यमा जान किन सक्दैनन् ? चुनावी बालुवारुपी भव्य महलहरु जित्ने बित्तिकै किन गरल्यामगुर्लम्म ढल्छन र व्यक्तिगत दरवारहरु बन्छन् ? मतदाताले गहिरिएर किन समिक्षा गर्दैनन् कि, आफैले भोट गरेर जितेको जनप्रतिनिधि करोडपति बन्दै जाने तर आफु रोडपति बनिरहेको कुरा ? दलालीकृत भ्रष्ट संसदीय व्यवस्थाले व्यक्तिलाई केन्द्रमा राखेर आफु सदियौँको लागि मालामाल बन्ने तर देश र जनतालाई कंगालीकरण गरेर राज्यसत्तामा रजाइँ गर्न चाहन्छ । आफु चरम अवसरवादी र भ्रष्टिकृत हुँदै जनतालाई पनि त्यसै गर्नुपर्ने रहेछ भन्ने पाठ सिकाउँछ । शासक सेवक होइन मालिक हो भन्दै समाजमा पनि यो वा त्यो रुपमा नयाँ नयाँ आफ्ना पिछलग्गुहरुको निर्माण गर्छ र राज्यकोषको ढुकुटी रित्याउँदै समाज रित्याउन प्रेरित गर्दछ । हामीले कहिल्यै गमेर समिक्षा गरेनौं, बहुदलीय व्यवस्था पछिका चुनावका भोटहरुले यो देशका मेची, कोसी, महाकाली, नारायणी, राप्ती, कर्णाली लगायत दर्जनौं नदिनाला बेच्न सहयोग पुऱ्यायो । चुरेभावर हुँदै तराईका सबै नदिजन्य पदार्थको दोहनले नेपाल हिउँदमा मरुभूमि र बर्षामा समुन्द्र भयो, चार दर्जनभन्दा बढि उद्योग धन्दा र कलकारखाना गुमायो, गुमायो सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका १३ हजार बर्ग किमिका हाम्रो अमुल्य माटोहरु ।

यहि व्ययवस्थाले त हो ७० लाख नौजवान युवाहरुलाई विदेश धकेल्दै दैनिक पाँचवटा लास बाकसमा पोको परेर विमानस्थलमा झर्ने बनाएको ।लाखौं चेलीहरु आजपनि संसारका विभिन्न वेश्यालयहरुमा आफ्नो शरिर बेच्न विवश पार्ने पनि त यहि उन्नत लोकतान्त्रिक गणतन्त्र हो । हामीले हमेसा भोट दिने तर नेताहरु पलपलमा देशको राष्ट्रिय अस्मिता बेचिरहने यो कस्तो विडम्बना हो ? यहाँ सवाल स्थानीय तहका छोटे प्रतिनिधिहरुले त के गरेका छन् र भन्ने पनि आउँछ तर अपवादबाहेकका सबै स्थानीय प्रतिनिधिहरुको हालत उहि नै हो किनकि उनीहरुले त एउटामात्र भोट किन्न २० हजार भन्दा बढी खर्च गर्नुपरेको छ। त्यसको असुलउपरमा नदिजन्य पदार्थको दोहन गर्ने त्यो नभए वनजंलको तस्करी गर्ने, योजना, झैझगडा र मुद्दा मामिलाको बार्गेनिङ, यतिले पनि नपुगे नवमाडेहरु भित्र्याएर डाँडाकाँडा (विभिन्न खनिज पदार्थ दोहनको नाममा) बेच्ने । अब पनि हालत उहि नै हो भने यो जनप्रतिनिधि भन्ने शब्द नितान्त गलत हुन्छ बरु उनीहरुलाई झधनप्रतिनिधित्र भन्नु अत्यन्तै उपयुक्त हुन्छ ।

# सर्वहारा विश्व दृष्टिकोण र व्यवहार बारे

**“माओले सन् १९२८ बाटै पार्टीको सैन्य दस्ता तथा राजनीतिक कार्यकर्ताहरुलाई कम्युनिस्ट आचरण र नैतिकताको विषयमा प्रशिक्षित गरेको देखिन्छ । त्यसका साथसाथै माओले कार्यकर्ताहरुलाई लगातार उत्पादनमा लाग्न, अध्ययनशील बन्न, लेखा प्रणाली ठिक राख्न, जनतासित घनिष्ट सम्बन्ध राख्न, लक्षमा दृढ रहन, समान व्यवहार गर्न, वैचारिक बन्न लगातार प्रेरित गरेको पाइन्छ”**



शशिधर भण्डारी

अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा सर्वहारावादी विश्व दृष्टिकोण क्रान्तिकारी आचरण, कम्युनिस्ट नैतिकता र व्यवहारका विषयमा प्रशस्त चर्चा र विमर्शहरु भएका छन् । रुसको कम्युनिस्ट आन्दोलनमा एउटा बोल्सिभिक पार्टीको सदस्यको आचरण र व्यवहारका उन्नत गरिमाका विषयमा धेरै साहित्यहरु लेखिएका छन्। आमा उपन्यासमा नै पावेल, आमा र उनका साथमा क्रियाशिल पात्रहरुको भूमिका र वर्गप्रेममा आधारित महान गाथाहरुले जो कसैलाई प्रभावित पार्दछ । कम्युनिस्ट कार्यकर्ता र नेताहरुमा हुनुपर्ने नयाँ साँस्कृतिक पुञ्ज हो , आमा उपन्यास । लेलिनले म्याक्सिम गोर्कीले लेखेको आमा उपन्यासको प्रभावका कारण रुसको समाजवादी क्रान्तिलाई १० वर्ष नजिक ल्यायो भनेर त्यतिकै भनेका थिएनन् । वाङ ओद्वारा लेखित युवाहरुको गीत भन्ने चिनियाँ क्रान्तिकारी उपन्यासमा एउटा कम्युनिस्ट विश्व दृष्टिकोण र पुँजीवादी विश्व दृष्टिकोणमा देखा पर्ने आधारभूत अन्तरका विषयमा गहन विचार प्रस्तुत भएको छ । जुन उपन्यास सन् १९६३ मा लेखिएको थियो । सो उपन्यास सन् १९३१ देखि १९३५ का बीचमा राजनीतिक घटना र परिघटनासँग सम्बन्धित छ । त्यसैगरी अग्नी दिक्षा, रातो चट्टान लगायतका उपन्यासहरु सर्वहारावादी चिन्तन र क्रान्तिकारी उत्सर्गका खजनाहरुले भरिएका छन् । अन्तराष्ट्रिय मालेवादी साहित्यका यस्ता खजनाहरु धेरै छन्, जसले एउटा सर्वहारावादी विश्व दृष्टिकोण र क्रान्तिकारी विश्व दृष्टिकोण निर्माणमा महत्वपूर्ण वैचारिक तथा मनोवैज्ञानिक चेत भर्नमा योगदान पुऱ्याउँछन् । भियतनामको कम्युनिस्ट आन्दोलनमा क. होचि मिन्ह नेतृत्वमा नैतिक आदर्शले भरिएको कम्युनिस्ट पल्टन तयार गऱ्यो । त्यही पल्टनले फ्रान्सेली साम्राज्यावाद र अमेरिकी साम्राज्यावादलाई रणभूमिमा पछार्न सफल भएको थियो । द्वितीय विश्व युद्ध (१९३९-१९४५) मा तत्कालिन सोभियत संघका बोल्सेभिक पार्टीका लाल सेनाहरुले नाजि र फासिस्टहरुलाई सोभियत संघ र पूर्वी युरोपको भूगोलबाट लघारेका थिए । यो सामान्य विरताको इतिहास होइन। द्वितीय विश्वयुद्धमा नाजिका सैनिक र फासिस्टहरुसित रणभूमिमा लडेका कैयन योद्धाहरुले युद्धको समाप्तीपछि विराट-विराट साहित्यिक ग्रन्थहरु तयार पारेका थिए । कोरिया प्रायद्धिपको कम्युनिस्ट आन्दोलनमा जापानीज साम्राज्यावादको विरुद्धमा संघर्षरत गोरिल्लाहरुको संस्मरण पढ्दा पनि गहिरो वर्गप्रेम, वर्गीय मित्रता र सहयोद्धाप्रतिको ममता देखि जो कोही भावुक बन्दछ । उत्तरकोरियाका तत्कालिन सर्वोच्च नेता कमरेड किमइल सुङले आफ्ना कार्यकर्तासँग सँगै खाने र सँगै सुत्ने गर्दथे । नेता कार्यकर्ता र गोरिल्लाहरुमा भेद नआवस भनेर क. किमइल सुङ सदा सजग रहन्थे ।

अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास र साहित्यको सामान्य अध्ययन गर्दापनि सर्वहारावादी विश्व दृष्टिकोणको निर्माणको प्रश्न एउटा कम्युनिस्ट पार्टीको नेता र कार्यकर्ताका निम्ति अत्यन्त महत्वपूर्ण तथा आधाभूत कुरा भएको देखिन्छ, तर त्यो दृष्टिकोण निर्माणको कुरा कठिन कुरा भएको पनि देखिन्छ। चीनमा सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सम्पन्न भएपछि माओत्सेतुङ र ल्यु शाओचिहरुको बीचमा चिनीया व्यवस्थालाई समाजवादतिर संक्रमण गराउने कि यथाथिस्तिमा गम्भीर मदभेदको स्थिति देखा पऱ्यो । माओत्सेतुङले सन् १९५४ पछाडि चीनलाई समाजवादी संक्रमणको दिशा अगाडि बढाउने कुरामा जोड दिन थाले। तर लिउसाओचिहरुले नयाँ जनवादी व्यवस्थालाई नै कायम राख्ने कुरामा जोड दिन थाले। नयाँ जनवादी व्यवस्था त एउटा नयाँ पुँजीवादी व्यवस्था थियो। फरक यति थियो कि त्यो व्यवस्थाको नेतृत्व दलाल पुँजीपति वर्ग नभएर कम्युनिस्ट पार्टील गरेको थियो।

> उत्तरकोरियाका सर्वोच्च नेता कमरेड किमइल सुङले आफ्ना कार्यकर्तासँग सँगै खाने र सँगै सुत्ने गर्दथे । नेता कार्यकर्ता र गोरिल्लाहरुमा भेद नआवस भनेर उनी सदा सजग रहन्थे । अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास र साहित्यको सामान्य अध्ययन गर्दापनि सर्वहारावादी विश्व दृष्टिकोणको निर्माणको प्रश्न एउटा कम्युनिस्ट पार्टीको नेता र कार्यकर्ताका निम्ति अत्यन्त महत्वपूर्ण तथा आधाभूत कुरा भएको देखिन्छ तर त्यो दृष्टिकोण निर्माणको कुरा कठिन कुरा भएको पनि देखिन्छ ।

इतिहासमा दृष्टिकोण राख्ने प्रश्नमा कहिलेकाँहि उदेकलाग्दा दृश्यहरुपनि देखा पर्दछन् । असल कम्युनिस्ट कसरी बन्ने ? भन्ने भन्ने त्यती धेरै महत्वपूर्ण पुस्तक लेखेका लिउशाओचि नयाँ प्रकारको पुँजीवादी व्यवस्था अथवा नयाँ जनवादी व्यवस्थालाई नै कायम राख्नै पर्ने कुरामा अडान राखे। प्रश्न त्यहि मात्र सीमित रहेन, त्यतीबेला चिनियाँ कम्युनिस्ट पार्टीमा सुनका गहनाहरुले छाइन र घरमा घरेलु नोकर राख्ने कुरालाई समेत गैरसर्वहारा आचरण मानिन्थो । ल्युशाओचिले महिलाहरुले प्रशस्त सुनका गहनाहरु लाउन र घरेलु नोकर राख्न पाउने कुरामा जोड दिए । त्यतिबेला यति कुराले पनि कसको के दृष्टिकोण छ भन्ने कुरा प्रष्ट पारेको थियो । यही मदभेद झाँगिदै जाँदा क.ल्युशाओची चिनियाँ कम्युनिस्ट आन्दोलनमा बुढेसकालमा दक्षिणपन्थी धारका एक जना प्रवक्ताको रुपमा अगाडि आए । पार्टीमा ल्यूशाओचीहरुकै बहुमत हुँदै गयो । सन् १९५९ मा माओलाई राष्ट्रपतिबाट हटाइयो र ल्यूशाओची पदासीन भए । पार्टीमा दक्षिणपन्थी विचारधार हावी भयो । चिनियाँ कम्युनिस्ट आन्दोलनको इतिहास हेर्दा अन्तरसंघर्षको पनि महत्वपूर्ण योगदान रहेको थियो । सन् १९७१ मा योजना नं. ५७१ बनाएर माओको हत्या गर्ने योजनामा लागेका लिन पियाओ सशस्त्रको बेलामा घाइते भएका योद्धा थिए । चीन समाजवादी व्यवस्था निर्माणको प्रक्रियामा अगाडि बढीसक्दा पनि धेरै कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरुमा विश्व दृष्टिकोण निर्माणको प्रश्न एउटा महत्वपूर्ण प्रश्न भइरह्यो । त्यसैले माओत्सेतुङले आफै नेतृत्व गरेर सन् १९६६ बाट महान सर्वहारा साँस्कृतिक क्रान्तिको झण्डा उठाए। महान सर्वहार साँस्कृतिक क्रान्ति पुराना विचार, आनीवानी ,आचरण तथा पुँजीवादी र गैरसर्वहारा चिन्तन प्रणाली तथा प्रवृतिका विरुद्धको धावा थियो। कम्युनिस्ट नैतिकताको प्रश्नमा पनि माओको अत्यन्त सजक देखिन्छन् । माओले सन् १९४७ चिनियाँ जनमुक्ति सेनाको जनरल हेडक्वाटर मार्फत अनुशासनका तीन मुख्य निमय र ध्यानदिनुपर्ने आठ कुराहरुको सर्कुलर गरेका थिए ।

**अनुशासनका तिन कुरा** :

१. आफ्ना सबै काम कारबाहीमा आदेशको पालना गर।

२. जनताबाट एउटा सियो र एउटा धागोसम्म नलेऊ।
३.जफत गरेका सबै चिज बुझाऊ ।

**ध्यानदिनुपर्ने आठ कुराहरुः**

१. नम्रताका साथ बोल
२.किनेको चीजबीजको उचित मूल्य तिर
३. पैँचो लिएका हरेक चीजबीज फर्काउ
४. बिगारे, भत्काएको हरेक चीजको मोल तिर
५.जनतालाई कुटपिट वा गाली बेइजत नगर
६. बालनाली नास नगर
७.नारीहरुसँग उत्ताउलो व्यवहार नगर
८.बन्दीहरुसँग दुर्व्यवहार नगर

यसरी यस्ता विषयमा माओले सन् १९२८ बाटै पार्टीको सैन्य दस्ता तथा राजनीतिक कार्यकर्ताहरुलाई कम्युनिस्ट आचरण र नैतिकताको विषयमा प्रशिक्षित गरेको देखिन्छ। त्यसका साथसाथै माओले कार्यकर्ताहरुलाई लगातार उत्पादनमा लाग्न, अध्ययनशील बन्न, लेखा प्रणाली ठिक राख्न, जनतासित घनिष्ट सम्बन्ध राख्न, लक्षमा दृढ रहन, समान व्यवहार गर्न, वैचारिक बन्न लगातार प्रेरित गरेको पाइन्छ । विचार सिद्धान्त, सर्वहारावादी विश्व दृष्ट्रिकोण, कम्युनिस्ट नैतिकता र आचरणको धरातलमा हेर्ने हो भने हामीले नेपालको कम्युनिस्ट आन्दोलनमा निकै भिन्न र बेग्लै तस्बिर पाउँछौं। कम्तीमा पनि चीनमा ल्यूशाओचीले कम्युनिस्ट पार्टीको नेतृत्वको नयाँ जनवादी व्यवस्था जोगाउने र तत्काल संक्रमणकालको दिशामा अगाडि नबढ्ने भनेका थिए । नेपालमा यो दलाल तथा नोकरशाही पुँजीपति वर्गले नेतृत्व गरेको व्यवस्थालाई एमाले , माओवादी र एकीकृत समाजवादी पार्टीहरुले जनवादी व्यवस्था भन्दछन् । सरकारी नेकपा (मसाल)का महामन्त्रीले अग्रमोर्चामा रहेर यही दलाल तथा नोकरशाही पुँजीवादी व्यवस्थाको रक्षा गर्नुपर्छ भन्नुहुन्छ। सरकारी नेकपा (मसाल) र त्यसको वैधानिक मोर्चा राष्ट्रिय जनमोर्चाले संसदीय निर्वाचनबाट प्राप्त हुने तुच्छ स्वार्थ पुर्तिको निमित्त दलाल पुँजीवादी पार्टी नेपाली कांग्रेससित गठबन्धन गरेको छ। कतिपय स्थानमा रुख चिन्ह लिएर चुनाव लडेको छ र रुख चिन्हको प्रचारमा पनि सक्रियतापूर्वक हिडेको देखियो। यो विचित्रको दृश्यले त नेपालका वर्गसमन्वयवादी सरकारी कम्युनिस्ट पार्टी तथा त्यसका नेताहरु भन्दा त ल्यूशाओची र उनको विचार धेरै प्रगतिशील देखिन्छ। ल्युशाओचीले दलाल तथा नोकरशाही पुँजीपति वर्गले प्रतिनिधित्व गर्ने दलाल संसदीय व्यवस्थालाई समर्थन गरेका थिएनन्। सर्वहारावादी मालेवादी दृष्टिकोण , नैतिकता र आचरणको दृष्टिकोणबाट हेर्ने हो भने नेपालका सरकारी कम्युनिस्ट पार्टीका कैयन नेताकार्यर्ताहरु भ्रष्ट, मेडिकल माफिया, शैशिक माफिया, तस्कर, दलाल, म्यानपावरका दलाल तथा एजेन्ट, मिटर व्याजे पैसा लगाउने, सुदखोर आदि छन्। सिद्धान्तमा यति डरलाग्दो पतन र आचरणमा यस्ता धन्दामा क्रियाशील व्यक्तिहरु कम्युनिस्ट हौँ भन्दै पार्टीको सदस्यता देखाउदै करोडौंका कारहरुमा हुँइकिन्छन् । कतिपय नेताकार्यकर्ताहरुले त अवैधानिक रुपमा संचालित नेटवर्कीङ व्यवसायमा समेत लगानी गरेका छन् । राष्ट्रिय उत्पादन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा तिनलाई कुनै चिन्ता छैन्। उर्भर जग्गा मासेर घडेरी भन्दै गट्टी र बालुवा फिज्छन्, कमिसनखोर यिनै छन्। बोल्सेभिक पार्टीको आदर्श बोकेको एउटा कम्युनिस्ट पार्टीको सदस्य बन्नु र संगठित हुनु एउटा गौरवको कुरा हो, सैद्धान्तिक रुपमा तर व्यवहारत यस्ता परिस्कृत बुर्जुवाको तहमा समेत नभएका नेता कार्यकर्ताहरुले कम्युनिस्ट पार्टीको परिचालन गरेको अवस्थमा यस्ता कम्युनिस्ट पार्टीको सदस्यता लिनु कुनै गर्वको विषय देखिदैन। त्यसैले छरिएर रहेका विभिन्न घटकहरुमा अलमलिएका सच्चा क्रान्तिकारीहरुका बीचमा कोअर्डिनेशन, एकता र नयाँ कम्युनिस्ट केन्द्रको स्थापना र संघर्ष आजको युगको माग हो। नेपाली कम्युनिस्ट आन्दोलनमा पैदा भएको यति डरलाग्दो मूल्यविघटनको जवाफ यहि नै हो अरु विकल्प छैन।

# पानी शुद्धिकरणका घरेलु विधिहरू

**१. उमाल्ने**

भरपर्दो र प्रचलित विधि हो । यसमा जीवाणुहरु पूर्णत: नष्ट हुन्छ । जीवाणु नष्ट गर्न पानीलाई कम्तिमा एक भुल्को उमाल्नुपर्छ । उमालिसकेको पानीलाई पुन: प्रदुषण हुन नदिन छोपिराख्नु पर्छ ।



**२. फिल्टर**

**क्याण्डल फिल्टर**

सजिलो र सुलभ विधि हो । यसले धमिलोपना र केही मात्रामा किटाणु हटाउँछ ।
जीवाणु पूर्णरुपले नहट्ने हुनाले अन्य विधि पनि अपनाउनु पर्दछ ।

**सिएस फिल्टर**

धमिलोपना हटाउनु साथै किटाणु पनि नष्ट गर्छ । तर पानी धेरै धमिलो भए छानेर मात्र फिल्टरमा राख्नु पर्दछ ।
यस फिल्टरको क्याण्डलमा चाँदी लेपन गरिएको हुन्छ जसले सुक्ष्म जीवाणुलाई नष्ट गर्छ ।

**बायोस्याण्ड फिल्टर**

स्थानीय स्तरमा उपलब्धी गिट्टी, बालुवाबाट निर्माण गरिन्छ ।
यसले पानीमा भएको आइरनको साथै धमिलोपना, सुक्ष्म जीवाणु, आइरन समेत हटाउँछ ।

**३. क्लोरिनेसन**

पानीमा क्लोरिन नामक रसायन हालेर सुक्ष्म जीवाणु नष्ट गर्ने विधिलाई क्लोरिनेसन भनिन्छ । यो विधि घरेलुस्तरका साथै केन्द्रीयस्तरमा समेत प्रचलित विधि हो ।
क्लोरिनेसनको लागि बजारमा पीयूष, वाटरगार्ड जस्ता क्लोरिन झोल पाइन्छ ।
क्लोरिन हालेको आधा घन्टापछि मात्र प्रयोग गर्नुपर्दछ ।

**४. सोडिस**

सूर्यको प्रकासमा हुने UV किरणको मद्दतले पानी शुद्धिकरण गर्ने विधि सोडिस हो । यसको लागि सफा, सेतो पारदर्शी प्लाष्टिक बोटलमा पानी भरेर घाममा सुकाइन्छ । बोटलको ब्यास १० से.मी. भन्दा ठूलो हुनुहुँदैन । घारिलो घाम भए दिनभर र घाम नलागेको वा पूरा बादल लागेमा दुई दिनसम्म सुकाउनु पर्दछ ।

डिभिजन प्रमुख

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रूकुम (पश्चिम)**

---

# पानी शुद्धिकरणका घरेलु विधिहरू

**१. उमाल्ने**

भरपर्दो र प्रचलित विधि हो । यसमा जीवाणुहरु पूर्णत: नष्ट हुन्छ । जीवाणु नष्ट गर्न पानीलाई कम्तिमा एक भुल्को उमाल्नुपर्छ । उमालिसकेको पानीलाई पुन: प्रदुषण हुन नदिन छोपिराख्नु पर्छ ।



**२. फिल्टर**

**क्याण्डल फिल्टर**

सजिलो र सुलभ विधि हो । यसले धमिलोपना र केही मात्रामा किटाणु हटाउँछ ।
जीवाणु पूर्णरुपले नहट्ने हुनाले अन्य विधि पनि अपनाउनु पर्दछ ।

**सिएस फिल्टर**

धमिलोपना हटाउनु साथै किटाणु पनि नष्ट गर्छ । तर पानी धेरै धमिलो भए छानेर मात्र फिल्टरमा राख्नु पर्दछ ।
यस फिल्टरको क्याण्डलमा चाँदी लेपन गरिएको हुन्छ जसले सुक्ष्म जीवाणुलाई नष्ट गर्छ ।

**बायोस्याण्ड फिल्टर**

स्थानीय स्तरमा उपलब्धी गिट्टी, बालुवाबाट निर्माण गरिन्छ ।
यसले पानीमा भएको आइरनको साथै धमिलोपना, सुक्ष्म जीवाणु, आइरन समेत हटाउँछ ।

**३. क्लोरिनेसन**

पानीमा क्लोरिन नामक रसायन हालेर सुक्ष्म जीवाणु नष्ट गर्ने विधिलाई क्लोरिनेसन भनिन्छ । यो विधि घरेलुस्तरका साथै केन्द्रीयस्तरमा समेत प्रचलित विधि हो ।
क्लोरिनेसनको लागि बजारमा पीयूष, वाटरगार्ड जस्ता क्लोरिन झोल पाइन्छ ।
क्लोरिन हालेको आधा घन्टापछि मात्र प्रयोग गर्नुपर्दछ ।

**४. सोडिस**

सूर्यको प्रकासमा हुने UV किरणको मद्दतले पानी शुद्धिकरण गर्ने विधि सोडिस हो । यसको लागि सफा, सेतो पारदर्शी प्लाष्टिक बोटलमा पानी भरेर घाममा सुकाइन्छ । बोटलको ब्यास १० से.मी. भन्दा ठूलो हुनुहुँदैन । घारिलो घाम भए दिनभर र घाम नलागेको वा पूरा बादल लागेमा दुई दिनसम्म सुकाउनु पर्दछ ।

डिभिजन प्रमुख

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, अर्घाखाँची**

# हार्दिक बधाई तथा शुभकामना



बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका सामाजिक व्यक्तित्व **मानबहादुर केसी** हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नत वडा निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| | |
|---|---|
| अध्यक्ष<br>ओवे कामी | प्रधानाध्यापक<br>ओविराम पुनमगर |

**एवं अम्बिका मा.वि. परिवार**

नौबहिनी गाउँपालिका ८ फोप्ली, प्युठान

# हार्दिक बधाई तथा शुभकामना



बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस सामुदायिक वनका अध्यक्ष **मानबहादुर केसी** हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नत वडा निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| सचिव<br>जुमानसिंह पुन | स.सचिव<br>चक्र ब. भण्डारी | उपाध्यक्ष<br>भेषराज पुन |

**एवं कल्लेरीपाखा सामुदायीक वन उपभोक्ता समिति**

नौबहिनी गाउँपालिका ८ फोप्ली, प्युठान

# हार्दिक बधाई तथा शुभकामना




बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका सामाजिक व्यक्तित्व **मानबहादुर केसी** हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नत वडा निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक : गोठबहादुर पन

**एवं ठाकुरभुमि प्राथपमिक विद्यालय परिवार**

नौबहिनी गाउँपालिका ८ फोप्ली, प्युठान

# हार्दिक बधाई तथा शुभकामना



बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका सामाजिक व्यक्तित्व **मानबहादुर केसी** हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नत वडा निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक : मेघबहादुर पुन

**एवं जनजाति प्राथपमिक विद्यालय परिवार**

नौबहिनी गाउँपालिका ८ गोहरी, प्युठान

# निर्वाचन, पार्टी र आमूल परिवर्तन



कृष्णहरि भट्ट

नेपाल संसदवादी व्यवस्थाको उच्चतम प्रयोग पहिलो हुने निर्वाचित हुने अल्पमतले शासन गर्ने प्रणालीको स्थानीय तहको निर्वाचनको गरमागर्मीमा छ । यो निर्वाचनमा मूलतः दुई पक्ष छन् । दुबै पक्ष भने एकै प्रवृत्तिका हुन् । एउटा पक्ष भनेको नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा छ भने अर्को पक्ष भनेको बहुमतको आफ्नो सरकार टिकाउन नसक्ने एमालेका अध्यक्ष तथा पूर्व-प्रधानमन्त्री खड्गप्रसाद ओली नेतृत्वमा छ । देउवासँग माके, एस, जसपा, राजमोको एकआपसको टेको गठबन्धन छ भने ओलीसँग लिङ्गदेन र थापाको टेको गठबन्धन रहेको छ । यो व्यवस्थालाई मान्ने र नमान्नेहरू पनि यो निर्वाचनमा आफ्नो अस्तित्व देखाउन तछाड-मछाड गरिरहेका छन् । स्वतन्त्र उम्मेद्वारीको बाढी नै चलेको छ । यसको अर्थ पनि यो सत्ताको विकल्पको खोजी हो । नेपाली समाजको परिवर्तनको आन्दोलन देशी-विदेशी प्रतिक्रियावादीसँगको सम्झौताबाट अगाडि बढेको छ; जसका कारणले गर्दा नेपाली समाजको प्रगति-उन्नतिमा आमूल परिवर्तन हुन सकेन । २०१५ सालदेखि हुने गरेका निर्वाचन र यसले दिएको परिणाम कहिल्यै पनि जनपक्षीय हुन सकेनन् । भएका परिवर्तनले मात्रामा मात्र परिवर्तन गर्न सक्यो, गुणमा परिवर्तन गर्न सकेन । व्यवस्था परिवर्तन भयो, जनताको अवस्था परिवर्तन हुन सकेन । जनताको अवस्था परिवर्तन गर्न नसक्ने दलीय व्यवस्थाप्रति जनताको विश्वास घट्दो छ । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक निराशा व्याप्त छ । किन यस्तो भयो ? के कारणले गर्दा भयो ? हामीले गरेका आन्दोलन र संघर्षमा के कमी रहे ? मतदानमा जानुअगाडि यसबारेमा गहिरो विमर्श हुन जरुरी छ ।

**पहिलो विमर्श**

सामन्तवादको अन्त्य गरेर पुँजीवादको स्थापना गर्न नेपाली काँग्रेस स्थापना भएको थियो । उसको सम्झौतापरस्त नीतिका कारण आज ऊ सामन्ती दलाल तथा नोकशाही दलदलमा फसेको छ । यो निजीकरण, उदारीकरण र भूमण्डलीकरणको पक्षपाती छँदै थियो । उसका कारण समेतले एमसीसी पास गरेर आज देश अमेरिकी साम्राज्यवादको रणनीतिक क्रीडास्थल बनाउने कारण बन्यो । यो नेपाली स्वाधीनताप्रेमी जनताको स्वाभिमान बन्धक बनाउने कार्य भएको छ । यसले गर्दा नेपाली काँग्रेसको नेतृत्वमा हुन पर्ने प्रगतिशील पुँजीवादी विकासको सम्भावनासमेत समाप्त भएर गएको छ ।

**दोश्रो विमर्श**

सामन्तवाद, देशी-विदेशी प्रतिक्रियावाद, भारतीय एकाधिकार पुँजीवाद तथा एङ्लो अमेरिकन साम्राज्यवादको अन्त्य गरेर नयाँ जनवादी गणतन्त्र नेपालको स्थापनाका लागि नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको थियो । आफ्नो उद्देश्यमा यो पार्टी पनि दुईवर्षदेखि टिक्न सकेन र संशोधनवादी मनमोहनहरू हावी हुन पुगे । त्याग, संघर्ष र बलिदानका गाथाले

भरिपूर्ण नेपालको कम्युनिस्ट आन्दोलन कहिले दक्षिणपन्थी अवसरवादमा त कहिले उग्रवामपन्थी दुस्साहसवादी भड्कावमा प्रभावी बन्यो । पटक-पटक यो आन्दोलनलाई दक्षिणपन्थी विसर्जनमा पतन गराइए पनि यो आन्दोलन मरिसकेको भने छैन ।

**तेस्रो विमर्श**

आजको युग समाजवाद र साम्राज्यवादवीचको संघर्षकै युग हो । अहिलेको विश्व तीन तहको उत्पादन सम्बन्ध रहेको विश्व हो । पहिलो, उच्च तहका जी आठहरू हुन । दोश्रो, मध्यम तहका र तेश्रो भनेको न्यून तह अर्थात् तेश्रो विश्वका देशहरू, जसमा नेपाललागयत एसियाली, अफ्रिकी मुलुकहरू छन् । उच्च उत्पादन सम्बन्ध भएका देशहरूले मध्यम र न्यून उत्पादन सम्बन्ध भएका मुलुकहरूमाथि शोषण उत्पीडन थोपरिरहेका छन् भने मध्यम उत्पादन सम्बन्ध भएका मुलुकहरूले न्यून उत्पादन सम्बन्ध भएका मुलुकहरूमाथि शोषण र उत्पीडन थोपरिरहेका छन् । यसरी न्यून उत्पादन सम्बन्ध रहेका मुलुकहरू भने दोहोरो शोषण उत्पीडनको चपेटामा परेका छन् ।

**चौथो विमर्श**

आजको युग विज्ञान र प्रविधिको युग हो । श्रमिक सर्वहारावर्ग यसका जननी हुन् । यसको विकासको गतिले मानव समाजलाई सुगम र सक्षम बनाइदिएको छ । तर, यसरी सर्वहारा मजदुरवर्गले निर्माण गरेका आविस्कारहरू पुँजीपतिको कब्जामा छ, जसका कारण समाजमा हुने गरेको शोषण र शासनमा परिवर्तनहरू आएका छन् । उत्पादन र उत्पादक शक्तिमा फेरबदल भएको छ । उत्पादनका साधनमाथिको स्वामित्वमा भने परिवर्तन भएको छैन । सम्पत्तिमाथिको निजी स्वामित्व कायमै छ र यसको संरक्षणका लागि सम्पूर्ण राज्यसत्ताको अवयवहरूको प्रयोग गरिएको छ । र पनि, पुँजीवादीहरूले आफ्नो संकट टारिरहेका छन् । पर सारिरहेका छन् । समाधान गर्न सकिरहेका छैनन् ।

> प्रतिक्रियावादी संसदीय निर्वाचन नेपाली समाजमा रहेका उल्लिखित समस्याको समाधान दिन सक्दैन । विगत २०१५ सालदेखि अहिलेसम्म हुने गरेका निर्वाचनहरूले प्रमाणित गरिसकेका छन् । क्रान्ति भनेको मात्रात्मक परिवर्तन मात्र होइन, गुणात्मक परिवर्तन हो । निर्वाचनबाट आउने नतिजाले गुणमा परिवर्तन गरेको कहीँ कतै इतिहास छैन । सबै संसदवादी पार्टीहरू यही चलिरहेको प्रणालीमा आफ्नो अस्तित्व देख्दछन्; जसबाट देश र जनताको भलाइ असम्भव छ

**पाँचौं विमर्श**

रूसी अक्टोवर क्रान्तिले संसारमा नयाँ युगको सूत्रपात गर्‍यो । औपनिवेशिक विश्व सम्बन्धलाई स्वतन्त्रता प्रदान गर्‍यो । किसान र मजदुरको राज्यसत्ता हुन्छ र उनीहरूले पनि शासनसत्ता सञ्चालन गर्न सक्छन भन्ने कुरा स्थापित भयो । र, मानव समाजमा रहेका विभेद र शोषणको अन्त्य गर्न एक स्तरसम्म सफल भयो । तर, स्टालिनको अवसानपछि खुचोबी संशोधनवाद रूसी समाजवादको मात्र अवसान गराएन; विश्व कम्युनिस्ट आन्दोलनमै फाटो ल्याउने कारण बन्यो । क्रान्तिकारी उद्देश्यमा दक्षिणपन्थी संशोधनवाद कति घातक हुन्छ, यस घटनाबाट बुझ्न सकिन्छ । रूसी संशोधनवादविरूद्ध माओले चलाउनुभएको संघर्ष महान् बहसको नामले विख्यात छ । त्यसपछि यो स्तरमा वैचारिक संघर्ष कहीँ कतै विकास भएको छैन । बरू चिनियाँ क्रान्तिको सन्दर्भमा मार्क्सवाद-लेनिनवादको आधारमा विकास भएको माओ विचाधारालाई माओवादको नाममा भएका

दीर्घकालीन जनयुद्धमार्फत नयाँ जनवादी राज्यसत्ता स्थापनाका लागि संसारभरि गरिएका संघर्षहरू कि त सुषुप्त भएर सकिए, कि त अगाडि बड्न सकेनन्, कि त सत्तारोहण गर्दै दक्षिणपन्थी अवसरवादमा विसर्जन भए वा पुऱ्याइए। तेश्रो विश्वको क्रान्तिको हतियारको रूपमा विकास हुन सक्ने माओ विचारधारालाई किन माओवाद भनियो ? बद्नाम गराइयो ? यसको समाधानबिना अगाडि बढ्न सम्भव छैन ।

## छैटौं विमर्श

माओको अवसान र रूसी समाजवादको विघटनपछि विश्वव्यवस्थामा काफी हदसम्म बदलावहरू देखा परे। निजीकरण, उदारीकरण र भूमण्डलीकरणजस्ता अमेरिकी एकल साम्राज्यवादका नीतिहरू प्रभावी बने। साम्राज्यवादी शिविरबाटै युरोपियन यूनियनको गठन र यूरोको उदयले विश्वबजारको डलरको एकल प्रभुत्वलाई चुनौती दियो । यसपछि गठन भएको ब्रिक्स (रूस, चीन, भारत, दक्षिण अफ्रिका र ब्राजिल) ले विकास साझेदारीका लागि पूर्वाधार विकास बैंक स्थापना गरे । नब्बेको दशकपछि एकधुव्रीय विश्वव्यवस्था कायम भयो भन्ने अमेरिकी साम्राज्य बहुधुव्रमा बाँडिन पुग्यो । यस्तैमा चीनको जल, स्थल र हवाईमार्गबाट संसार जोड्ने योजना बनायो। यसको प्रतिउत्तरमा अमेरिकी साम्राज्यवादले आईपीएस, एमसीसी र क्वाडजस्ता संरचना निर्माण गरेर चीन घेराउ योजना बनायो । यसरी अमेरिकी साम्राज्यवाद र यसका मतियार तथा चिनियाँ विश्व बजारीकरणबिचको शीतयुद्ध अहिले चलिरहेको छ ।

## सातौं विमर्श

विश्व विकासका प्रवृत्तिहरू एकनासका छैनन् । समाजवाद उन्मुख राज्यसत्ता भएका मुलुकहरू र पुँजीवादी राज्यसत्ता भएका मुलुकहरूको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासका गति र सूचचाङ्क नै भिन्न छ। युरोपियन, अमेरिकन साम्राज्यले खडा गरेको विकास पद्धति र विगतको रूस र चीनले खडा गरेको विकास पद्धतिको तुलनात्मक अध्ययन गरियो भने यसका भिन्नताहरू प्रस्ट हुन्छ। झन्डै एक हजारवर्ष पुरानो युरोपियन साम्राज्य र दुईसय तेत्तीसवर्ष पुरानो अमेरिकनलगायतका मुलुकहरूको विकास र सत्तरी वर्षको चिनियाँ विकासको गति र सूचचाङ्क हेरियो भने कुन प्रणाली सही हुन्छ भन्ने कुरा थाहा लाग्दछ । चीनको अर्थतन्त्र अमेरिकी अर्थतन्त्रपछिको दोश्रो ठूलो अर्थतन्त्र हो । चीनको अर्थतन्त्रको विकासको गति यही गतिमा मात्र कायम रह्यो भने पनि अबको दश वर्षमा विश्वको पहिलो अर्थतन्त्र बन्दैछ। विगत सत्तरी वर्षमा विदेशीको ऋणमा डुबेको निर्धन मुलुकलाई विज्ञान र प्रविधियुक्त बनाउँदै यो स्थानमा पुऱ्याउनु अद्भूत घटनाको रूपमा विश्व मानचित्रमा छ। तेश्रो विश्वका मुलुकका लागि प्रेरणाको श्रोतको रूपमा छ। यहाँ हामीले यो पनि विर्सन हुँदैन कि चीन समाजवादतिर जान्छ कि पुँजीवादतिर, ऊ दोसाँधमा छ। यसरी समाजवाद उन्मुख राज्यप्रणाली नै मानव समाजको विकासका लागि उत्तम प्रणाली प्रमाणित भएको छ। तर, विश्व साम्राज्यवाद मानव समाजको यो विकास र परिवर्तनको गतिलाई रोक्न चाहन्छ।

## आठौं विमर्श

नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद उन्मुख राज्यसत्ता स्थापनाका लागि थियो । समाजमा रहेका सामन्ती तथा प्रतिक्रियावाद, भारतीय एकाधिकार पुँजीवाद तथा अमेरिकन एङ्लो अमेरिकन साम्राज्यवाद क्रान्तिका लागि रुकावट बन्यो । यसलाई परास्त गर्ने शक्ति र सामर्थ्य निर्माण गर्नुपर्नेमा तत्कालीन कम्युनिस्ट पार्टीको नेतृत्व मण्डली सम्झौतापरस्त हुन पुग्यो । सुरुवातीकालमा कोही दक्षिणपन्थी अवसरवादमा विसर्जित भए भने कोही उग्रवामपन्थी दुस्साहसवादी हुँदै विसर्जित भए । आजसम्म आइपुग्दा नेपालमा

नयाँ जनवादी क्रान्ति गर्नुपर्छ भन्नेहरू कतिपयले यो नीति नै छोडे भने कतिपय विभिन्न चिरामा विभाजित छन् । एक हुनुपर्ने वस्तुगत अवस्था हुँदा पनि मोर्चाबन्दीसम्म नहुनु समस्याको रूपमा छ ।

**नवौं विमर्श**

अहिले नेपालको शासनसत्ता सामन्ती दलाल तथा नोकरशाही पुँजीवादीको नेतृत्वमा चलिरहेको छ । यो संसदवादी व्यवस्थामा आधारित छ । यो व्यवस्थाको मूल चरित्र भनेको मानव तथा प्राकृतिक संसाधन बेच्ने हो । देशभित्र चरम कर थोपर्ने हो । निष्ठा, इमानदारिता, अनुशासन, विचार, सिद्धान्त, मूल्य, मान्यता सत्तासीनहरूमा पूर्णतः स्खलित भएको छ । सत्तापक्ष प्रतिपक्ष एउटै हुन् । यिनीहरूमा आधारभूत रूपमा भिन्नता छैन ।

**दशौं विमर्श**

प्रतिक्रियावादी संसदीय निर्वाचन नेपाली समाजमा रहेका उल्लिखित समस्याको समाधान दिन सक्दैन । विगत २०१५ सालदेखि अहिलेसम्म हुने गरेका निर्वाचनहरूले प्रमाणित गरिसकेका छन् । क्रान्ति भनेको मात्रात्मक परिवर्तन मात्र होइन, गुणात्मक परिवर्तन हो । निर्वाचनबाट आउने नतिजाले गुणमा परिवर्तन गरेको कहीँ कतै इतिहास छैन । सबै संसदवादी पार्टीहरू यही चलिरहेको प्रणालीमा आफ्नो अस्तित्व देख्दछन्; जसबाट देश र जनताको भलाइ असम्भव छ । यदि यस्तो भ्रमबाट मुक्त हुन आवश्यक छ भने निर्वाचन प्रणालीसँगै यो व्यवस्थाको विकल्पमा उभिन सक्नुपर्छ ।

**निष्कर्ष**

माथि केही सांकेतिक रूपमा राजनीतिक शक्तिको चरित्र चित्रण गरिएको छ । वर्तमान संसदवादी सत्ता क्रान्तिकारी परिवर्तन वा क्रान्तिका लागि बाधक छ । यो देशी-विदेशी प्रतिक्रियावादीहरूको टेकोपुडोमा टिकेको छ । जानी-नजानी परिवर्तनकामी जनता आफ्नो हित विपरीतका शक्तिहरूको सहयोगी बन्न पुगिरहेका छौं । यस्ता प्रकारका भ्रामक प्रपञ्चबाट मुक्त हुन आवश्यक छ । नेपाली समाजमा रहेका युगौंदेखिका समस्याहरूको समाधान गर्न र आमूल परिवर्तनको कार्यभारलाई पूरा गर्न नयाँ जनवादी क्रान्तिको आवश्यकता र सान्दर्भिकता अझ बढेर गएको छ । क्रान्तिका लागि संयुक्त जनआन्दोलन-जनविद्रोहको आधार र तयारीको आवश्यकता छ । नेपाल कम्युनिस्ट पार्टी रूपान्तरणसहितको कम्युनिस्ट पार्टी र आन्दोलनको पुनर्गठनको दिशाका सक्रिय छ । यो व्यवस्थाको विकल्पको खोजी गरिरहेका क्रान्तिकारी शक्तिसहितको रणनीतिक संयुक्त मोर्चा यसको प्रस्थानविन्दु हो ।

(अजलाइन डबलीबाट....)


**डिभिजन वन कार्यालय दाङको जनहितमा जारी सन्देश**

- वन डढेला नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं ।
- सुख्खा सिजन अगावै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्वलनशील बस्तुहरु वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं ।
- सुख्खा पात पतिंगर, झाडीहरु संकलन गरी वन डढेलोको जोखिम कम गरौं ।
- हुरी बतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नी रेखा निर्माण गरौं ।
- वन क्षेत्रमा चुरोट, विडी खाई जथाभावी नफालौं ।
- सुख्खा सिजन भरी वन क्षेत्रमा सलाई, विडी, चुरोट र राँग बाल्ने कार्यमा रोक लगाऔं ।
- वन डढेलो नियन्त्रणमा युवा समूह, स्थानीय कलब र अन्य संघ संस्थासाग समन्वय बढाई सहयोगमा जुटौं ।
- वन डढेलो कारण उत्पन्न हुन सक्ने प्रतिकूलताका बारेमा आफू पनि बुझौं र अरुलाई पनि बुझाऔं ।
- प्रकृति प्रदत्त वन हामी सबैको साझा धन हो । त्यसैले सबै मिली हातेमालो गर्दै वन डढेलो नियन्त्रण गरौं ।

कार्यालय प्रमुख

**डिभिजन वन कार्यालय, रोल्पा**

## डिभिजन वन कार्यालय पाल्पाको जनहितमा जारी सन्देश

- वन डढेला नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं ।
- सुख्खा सिजन अगाबै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्वलनशील बस्तुहरू वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं ।
- सुख्खा पात पतिंगर, झाडीहरू संकलन गरी वन डढेलोको जोमि कम गरौं ।
- हुरी वतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नी रेखा निर्माण गरौं ।
- वन क्षेत्रमा चुरोट, विडी खाई जथाभावी नफालौं ।
- सुख्खा सिजन भरी वन क्षेत्रमा सलाई, विडी, चुरोट र राँग बाल्ने कार्यमा रोक लगाऔं ।
- वन डढेलो नियन्त्रणमा युवा समूह, स्थानीय कलव र अन्य संघ संस्थासाग समन्वय बढाई सहयोगमा जुटौं ।
- वन डढेलो कारण उत्पन्न हुन सक्ने प्रतिकूलताका बारेमा आफू पनि बुझौं र अरूलाई पनि बुझाऔं ।
- प्रकृति प्रदत्त वन हामी सबैको साझा धन हो । त्यसैले सबै मिली हातेमालो गर्दै वन डढेलो नियन्त्रण गरौं ।

कार्यालय प्रमुख

**डिभिजन वन कार्यालय,पाल्पा**

## डिभिजन वन कार्यालय गुल्मीकोजनहितमा जारी सन्देश

- वन डढेला नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं ।
- सुख्खा सिजन अगाबै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्वलनशील बस्तुहरू वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं ।
- सुख्खा पात पतिंगर, झाडीहरू संकलन गरी वन डढेलोको जोमि कम गरौं ।
- हुरी वतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नी रेखा निर्माण गरौं ।
- वन क्षेत्रमा चुरोट, विडी खाई जथाभावी नफालौं ।
- सुख्खा सिजन भरी वन क्षेत्रमा सलाई, विडी, चुरोट र राँग बाल्ने कार्यमा रोक लगाऔं ।
- वन डढेलो नियन्त्रणमा युवा समूह, स्थानीय कलव र अन्य संघ संस्थासाग समन्वय बढाई सहयोगमा जुटौं ।
- वन डढेलो कारण उत्पन्न हुन सक्ने प्रतिकूलताका बारेमा आफू पनि बुझौं र अरूलाई पनि बुझाऔं ।
- प्रकृति प्रदत्त वन हामी सबैको साझा धन हो । त्यसैले सबै मिली हातेमालो गर्दै वन डढेलो नियन्त्रण गरौं ।

कार्यालय प्रमुख

**डिभिजन वन कार्यालय, गुल्मी**

## पानी शुद्धिकरणका घरेलु विधिहरू

### १. उमाल्ने

भरपर्दो र प्रचलित विधि हो । यसमा जीवाणुहरु पूर्णत: नष्ट हुन्छ । जीवाणु नष्ट गर्न पानीलाई कम्तिमा एक भुल्को उमाल्नुपर्छ । उमालिसकेको पानीलाई पुन: प्रदुषण हुन नदिन छोपिराख्नु पर्छ ।



### २. फिल्टर

**क्याण्डल फिल्टर**

सजिलो र सुलभ विधि हो । यसले धमिलोपना र केही मात्रामा किटाणु हटाउँछ ।
जीवाणु पूर्णरुपले नहट्ने हुनाले अन्य विधि पनि अपनाउनु पर्दछ ।

**सिएस फिल्टर**

धमिलोपना हटाउनु साथै किटाणु पनि नष्ट गर्छ । तर पानी धेरै धमिलो भए छानेर मात्र फिल्टरमा राख्नु पर्दछ ।
यस फिल्टरको क्याण्डलमा चाँदी लेपन गरिएको हुन्छ जसले सुक्ष्म जीवाणुलाई नष्ट गर्छ ।

**बायोस्याण्ड फिल्टर**

स्थानीय स्तरमा उपलब्धी गिट्टी, बालुवाबाट निर्माण गरिन्छ ।
यसले पानीमा भएको आइरनको साथै धमिलोपना, सुक्ष्म जीवाणु, आइरन समेत हटाउँछ ।

### ३. क्लोरिनेसन

पानीमा क्लोरिन नामक रसायन हालेर सुक्ष्म जीवाणु नष्ट गर्ने विधिलाई क्लोरिनेसन भनिन्छ । यो विधि घरेलुस्तरका साथै केन्द्रीयस्तरमा समेत प्रचलित विधि हो ।
क्लोरिनेसनको लागि बजारमा पीयूष, वाटरगार्ड जस्ता क्लोरिन झोल पाइन्छ ।
क्लोरिन हालेको आधा घन्टापछि साथ प्रयोग गर्नुपर्दछ ।

### ४. सोडिस

सूर्यको प्रकासमा हुने UV किरणको मद्दतले पानी शुद्धिकरण गर्ने विधि सोडिस हो । यसको लागि सफा, सेतो पारदर्शी प्लाष्टिक बोटलमा पानी भरेर घाममा सुकाइन्छ । बोटलको ब्यास १० से.मी. भन्दा ठूलो हुनुहुँदैन । धारिलो घाम भए दिनभर र घाम नलागेको वा पूरा बादल लागेमा दुई दिनसम्म सुकाउनु पर्दछ ।

डिभिजन प्रमुख

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पा**

## डिभिजन वन कार्यालय दाङको जनहितमा जारी सन्देश

- वन डढेला नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं ।
- सुख्खा सिजन अगाबै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्वलनशील बस्तुहरू वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं ।
- सुख्खा पात पतिंगर, झाडीहरू संकलन गरी वन डढेलोको जोमि कम गरौं ।
- हुरी वतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नी रेखा निर्माण गरौं ।
- वन क्षेत्रमा चुरोट, विडी खाई जथाभावी नफालौं ।
- सुख्खा सिजन भरी वन क्षेत्रमा सलाई, विडी, चुरोट र राँग बाल्ने कार्यमा रोक लगाऔं ।
- वन डढेलो नियन्त्रणमा युवा समूह, स्थानीय कलव र अन्य संघ संस्थासाग समन्वय बढाई सहयोगमा जुटौं ।
- वन डढेलो कारण उत्पन्न हुन सक्ने प्रतिकूलताका बारेमा आफू पनि बुझौं र अरूलाई पनि बुझाऔं ।
- प्रकृति प्रदत्त वन हामी सबैको साझा धन हो । त्यसैले सबै मिली हातेमालो गर्दै वन डढेलो नियन्त्रण गरौं ।

**डिभिजन वन कार्यालय दाङ**

## जिल्लावासीहरुमा डिभिजन वन कार्यालय सल्यानको अनुरोध

- वन डढेला नियन्त्रण गरौं, जैविक विविधता संरक्षणमा योगदान गरौं ।
- सुख्खा सिजन अगाबै वन क्षेत्रमा झाडी सफाई गरी प्रज्वलनशील बस्तुहरू वन क्षेत्र बाहिर ल्याई सदुपयोग गरौं ।
- सुख्खा पात पतिंगर, झाडीहरू संकलन गरी वन डढेलोको जोमि कम गरौं ।
- हुरी वतासको सिजन अगावै सामुदायिक वन क्षेत्रमा अग्नी रेखा निर्माण गरौं ।
- वन क्षेत्रमा चुरोट, विडी खाई जथाभावी नफालौं ।
- सुख्खा सिजन भरी वन क्षेत्रमा सलाई, विडी, चुरोट र राँग बाल्ने कार्यमा रोक लगाऔं ।
- वन डढेलो नियन्त्रणमा युवा समूह, स्थानीय कलव र अन्य संघ संस्थासाग समन्वय बढाई सहयोगमा जुटौं ।
- वन डढेलो कारण उत्पन्न हुन सक्ने प्रतिकूलताका बारेमा आफू पनि बुझौं र अरूलाई पनि बुझाऔं ।
- प्रकृति प्रदत्त वन हामी सबैको साझा धन हो । त्यसैले सबै मिली हातेमालो गर्दै वन डढेलो नियन्त्रण

कार्यालय प्रमुख

**डिभिजन वन कार्यालय, सल्यान**

## पानी शुद्धिकरणका घरेलु विधिहरु

**१. उमाल्ने**

भरपर्दो र प्रचलित विधि हो । यसमा जीवाणुहरु पूर्णत: नष्ट हुन्छ । जीवाणु नष्ट गर्न पानीलाई कम्तिमा एक भुल्को उमाल्नुपर्छ । उमालिसकेको पानीलाई पुन: प्रदुषण हुन नदिन छोपिराख्नु पर्छ ।



**२. फिल्टर**

**क्याण्डल फिल्टर**

सजिलो र सुलभ विधि हो । यसले धमिलोपना र केही मात्रामा किटाणु हटाउँछ ।
जीवाणु पूर्णरुपले नहट्ने हुनाले अन्य विधि पनि अपनाउनु पर्दछ ।

**सिएस फिल्टर**

धमिलोपना हटाउनु साथै किटाणु पनि नष्ट गर्छ । तर पानी धेरै धमिलो भए छानेर मात्र फिल्टरमा राख्नु पर्दछ ।
यस फिल्टरको क्याण्डलमा चाँदी लेपन गरिएको हुन्छ जसले सुक्ष्म जीवाणुलाई नष्ट गर्छ ।

**बायोस्याण्ड फिल्टर**

स्थानीय स्तरमा उपलब्धी गिट्टी, बालुवाबाट निर्माण गरिन्छ ।
यसले पानीमा भएको आइरनको साथै धमिलोपना, सुक्ष्म जीवाणु, आइरन समेत हटाउँछ ।

**३. क्लोरिनेसन**

पानीमा क्लोरिन नामक रसायन हालेर सुक्ष्म जीवाणु नष्ट गर्ने विधिलाई क्लोरिनेसन भनिन्छ । यो विधि घरेलुस्तरका साथै केन्द्रीयस्तरमा समेत प्रचलित विधि हो ।
क्लोरिनेसनको लागि बजारमा पीयूष, वाटरगार्ड जस्ता क्लोरिन झोल पाइन्छ ।
क्लोरिन हालेको आधा घन्टापछि मात्र प्रयोग गर्नुपर्दछ ।

**४. सोडिस**

सूर्यको प्रकासमा हुने UV किरणको मद्दतले पानी शुद्धिकरण गर्ने विधि सोडिस हो ।
यसको लागि सफा, सेतो पारदर्शी प्लाष्टिक बोटलमा पानी भरेर घाममा सुकाइन्छ । बोटलको ब्यास १० से.मी. भन्दा ठूलो हुनुहुँदैन । धारिलो घाम भए दिनभर र घाम नलागेको वा पूरा बादल लागेमा दुई दिनसम्म सुकाउनु पर्दछ ।

डिभिजन प्रमख

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रुकुम (पुर्व)**

विश्व

# खाद्य संकटको चरम अभावतिर विश्व



सेटा टुटुन्डजिया

विश्वभर खाद्यान्नको मूल्य आकासिएको छ। अत्यावश्यक खाद्यवस्तु क्रमशः अनाज, मासु, दुग्धपदार्थ, वनस्पति तेल र चिनीलाई समेट्ने राष्ट्र संघको खाद्य तथा कृषि संगठनको खाद्य मूल्य सूचकांक मार्चमा एक सय ४१ दशमलव एकबाट बढेर एक सय ५९ दशमलव सातको हालसम्मकै उच्च बिन्दुमा पुगेको थियो। अप्रिलमा भने सूचकांक थोरैले घटे पनि युक्रेनमा रुसी युद्धलगायत घटनाक्रमले खाद्यान्नको मूल्य नयाँ उचाइमा पुग्ने आकलन गरिएको छ र विश्व भोकमरीमा भयावह परिणाम निम्तिने देखिन्छ।

कोभिड-१९ महामारीले विश्वको खाद्य प्रणालीको कमजोरी र कार्यक्षमतालाई उजागर गर्‍यो र त्यसमा आवागमन प्रतिबन्ध र आपूर्ति-शृंखलाको अवरोधले मूल्य बढायो, जसले ग्रामीण जीविकालाई नष्ट गरिरहेको छ, विशेषतः विपन्नमाझ खाद्य असुरक्षा बढाएको छ। दुवै पक्ष खाद्यान्न, पेट्रोल र मलका ठूला निर्यातकर्ता भएकाले युक्रेन युद्धले खाद्यान्न समस्यालाई बढाइरहेको छ। अर्कातर्फ लु, बाढी र लामो समयसम्म चल्ने खडेरीजस्ता जलवायु परिवर्तनका मौसमसम्बन्धित घटनाक्रमले विश्वव्यापी खाद्य सुरक्षामा ठूलो धक्का पुर्‍याएको छ। तापक्रम बढ्दै जाँदा यी धक्का दोहारिरहनेछन् र शक्तिशाली बन्दै जानेछन्। यदि विश्व औसत तापमान एक दशमलव पाँच डिग्री सेल्सियसको सीमा नाघ्छ भने नतिजा प्रलयकारी हुन सक्छ। हालैको जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी मञ्चका अनुसार औसत तापमान वृद्धि रोक्न छिटो एवं कठोर कदम चाल्न आवश्यक हुन्छ। यसबाहेक जोखिममा रहेका समुदायलाई विद्यमान तापक्रम वृद्धिबाट जोगाउन ठूलो मात्रामा अनुकूलन प्रयास आवश्यक पर्ने देखिन्छ। सबैभन्दा सकँरात्मक प्रयास र पहलकदमीका बाबजुद विश्व तापमान वृद्धिले एक दशकमा एक दशमलव पाँच डिग्री सेल्सियसको सीमा पार गर्ने अनुमान गरिएको छ। नतिजा जलवायु क्षेत्रहरू सर्नेछन्, समुद्रको सतह बढ्नेछ, र जलचक्र अवरुद्ध हुनेछ, त्यसैगरी प्रतिकूल मौसमको आवृत्ति र तीव्रता बढ्नेछ। आर्थिक र स्वास्थ्य जोखिममा वृद्धिबाहेक खाद्य र जल आपूर्तिमा हुने अवरोधले सामाजिक र राजनीतिक उथलपुथललाई निम्त्याउने सम्भावना छ। नतिजा गरिबी, भोकमरी, अस्थिरता र द्वन्द्वको दुष्चक्र दिनानुदिन बढिरहने र त्यसमा बसाइँसराइमा तीव्र वृद्धि हुने देखिन्छ।

जुनसुकै जलवायु न्यूनीकरण वा अनुकूलन रणनीतिले बलियो, दिगो र समतामूलक खाद्य प्रणालीलाई समावेश गर्नैपर्छ। यस्तो प्रणाली स्थापना गर्दा विशेषतः कमजोर माटो, न्यून कृषि मूल्य भएको जमिन, त्यसैगरी पानीजस्ता प्राकृतिक स्रोत दुर्लभ वा दूषित भएको र सामाजिक-आर्थिक अवस्था गम्भीर रहेका मुलुकका अप्ठ्यारालाई बेवास्ता गर्नुहुँदैन। यी

क्षेत्रले स्थानीय जनताको पोषणको माग पूरा गर्न दिगो रूपमा पर्याप्त खाद्य उत्पादन गर्न सक्दैनन्। जब कि यी क्षेत्र विश्वको जनसंख्याको पुगनपुग २५ प्रतिशत मानिसको घर हो, अर्थात् अनुमानित एक अर्ब ७० करोड मानिसको घर हो। र, यो तप्काको जनसंख्याले विश्वकै गरिब र कुपोषितको बहुमत अर्थात् ७० प्रतिशत हिस्सा ओगट्छ।

गरिबी र भोकमरीले किसानलाई अल्पकालीन समाधानका लागि नाजुक वातावरणीय स्रोतहरूको अत्यधिक प्रयोग गर्न प्रेरित गर्न सक्छ। उसो त अल्पकालीन समाधान रोज्नु भनेको खेत नष्ट गर्नु र आफ्नै परिवार र समुदायलाई दीर्घकालीन रूपमा गरिब बनाउनु हो। यद्यपि अपर्याप्त पूर्वाधार, वैकल्पिक आर्थिक सम्भावना र बजारको पहुँचबाट टाढाका ठाउँमा बस्ने मानिसले यस्ता निर्णय गर्ने सम्भावना बढी हुन्छ। फलस्वरूप न्यून उर्वरता भएका मुलुक खाद्य आयातमा धेरै निर्भर हुन्छन्, जहाँ केही परिस्थितिमा ८० प्रतिशतसम्म खाद्य आयात गर्नुपर्ने हुन्छ। र, महामारी एवं युद्धका कारण हुने अवरोध र त्यसमाथि मुलुकभित्रै बढ्दो मूल्यवृद्धिले यस्ता मुलुक थप कमजोर हुनेछन्। खाद्य तथा कृषि संगठनको सन् २०२१ को खाद्य तथा कृषि प्रतिवेदनअनुसार सन् २०२० मा थप १६ करोड १० लाख मानिस भोकमरीबाट प्रभावित भएका थिए। विश्व खाद्य कार्यक्रमका अनुसार द्वन्द्व, कोभिड, जलवायु प्रकोप र बढ्दो मूल्यले ३८ देशका ४४ करोड मानिस भोकमरीको दलदलमा धकेलिएका छन्। धेरै मुलुकले आफ्नो खाद्य निर्भरताको पुनः मूल्यांकन गर्दै छन् र स्थानीय उत्पादन विस्तार गर्न प्रयासरत छन् भने केही मुलुक आफ्ना जनताको पोषणको आवश्यकता पूरा गर्न पर्याप्त खाद्यान्न आपूर्ति गर्न संघर्ष गरिरहेका छन्। यद्यपि, दिगोपनमा ध्यान नदिएसम्म आपूर्ति शृंखला छोट्याएर छोटो अवधिको लचिलोपन बढाउने प्रयासले कृषि स्रोतहरू घटाएर मध्यम एवं दीर्घकालीन लचिलोपनलाई खतरामा पार्न सक्छ।

> लु, बाढी र लामो समयसम्म चल्ने खडेरीजस्ता जलवायु परिवर्तनका मौसमसम्बन्धित घटनाक्रमले विश्वव्यापी खाद्य सुरक्षामा ठूलो धक्का पुऱ्याएको छ। तापक्रम बढ्दै जाँदा यी धक्का दोहारिरहनेछन् र शक्तिशाली बन्दै जानेछन्। यदि विश्व औसत तापमान एक दशमलव पाँच डिग्री सेल्सियसको सीमा नाघ्छ भने नतिजा प्रलयकारी हुन सक्छ

दिगोपन सस्तो छैन। 'बायोफिजिकल' र जलवायु अवरोधको सामना गर्दै प्रभावकारी उत्पादनका लागि महँगो प्रविधिमा लगानी आवश्यक छ। यद्यपि, धेरै मुलुकले कमजोर शासन संस्था, वृद्धिको सीमित सम्भावना र उच्च ऋण स्तरका कारण ठूलो चुनौती सामना गरिरहेका छन्। महामारीले सरकारी बजेटमा ठूलो दबाब निम्त्याएको छ र धेरै सरकार ऋण संकटको सामना गरिरहेका छन्। यिनले महामारीको सामना गर्न ऋण लिएका थिए। गरिब एवं कमजोर मुलुकले प्रदूषण र जैविक विविधताको क्षतिदेखि भोक र गरिबीसम्मका धेरै अन्तरसम्बन्धित कठिनाइको सामना गरून् भन्ने अपेक्षा गर्न सकिँदैन। दीर्घकालीन खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्न हामीले सीमान्तकृत मानिसका चिन्तालाई ध्यानमा राख्ने क्षेत्रीय र अन्तर ाष्ट्रिय समाधानतर्फ जानुपर्छ। अन्यथा, भोकमरी, आप्रवासन र हिंसाको अस्थिर चक्र जारी रहनेछ।

(टुटुन्डजिया खाद्य व्यवस्थापनसम्बन्धी संस्था थ्राइभिङ सोलुसन्सकी प्रमुख कार्यकारी अधिकृत हुन्)

# पार्टी निर्माण र चुनाव जित्ने काइदा



लि.क्वान यु

१९५४ मा अपराधीक मुद्दामा चासो राख्ने र अधिकांश अवस्थामा मुद्दा जित्ने डेभिड मार्सलले लिसँग नया पार्टी गठन गर्नेबारे सल्लाह गरेका थिए ।कम्युनिस्टको कार्यसैली नरुचाउने, प्रजातान्त्रिक समाजवादी मलय स्थापनामा रुचि राख्नेहरु एक ठाँउमा उभिएर पार्टी गठन गर्नुपर्छ भन्ने उनको भनाइ थियो । केही समय पार्टी गठनका लागि विभिन्न मजदुर समूहसँग छलफल नचलाएका पनि होइनन् कतिपय अवस्थामा लि आफैँ पनि त्यस्ता भेलामा जाने गर्थे । डेभिडको मुड तुरुन्तै परिवर्तन हुने भएकाले कसैले पनि भरपर्दो मान्दैनथे बरु लिम चिन सियोङ र फोङ स्वि सुआनलाई लिले भरपर्दा अनुशासित र स्वार्थरहित नेता बन्न सक्ने सम्भावना देखिरहेका थिए मन मिल्ने व्याक्तिहरुसँग पार्टी गठनका लागि लिले छलफल चलाउन थाले। उनी र उनको समूह मिलेर सन् १९५४ को ननेभेम्बर २१मा पिपुल्स एक्सन पार्टी (पिएपी) घोषणा पनि गरे ।

सबैको पार्टी भएको छनक दिन त्यो बेला युनाइटेड मलयज् नेसनल अर्गनाइजेसन (युएमएनओ )का प्रतिष्ठित नेता टुंकु अब्दुल रहमानलाई मलय बोल्न लगाइयो । यी दुई प्रतिष्ठित नेताको शुभेच्छाले पिएपीको इज्जत बढ्यो । पार्टी पहिलो बैठकमा टान वि केङ, देवेन नायर, एस सोकालिङ्गम, लि क्वान यु, ओङ इङ गुआन, फोङ स्वि सुआन, लि जेक सेङ, मोफ्रदी बिन हाजी मोहमद, नूर तोह चिन चाइ, इस्माइल रहिम र चिन चिउ थोर उपस्थित भएर केन्द्रीय समिति गठन गरे । पार्टी पहिलो महाधीवेशन शुभेच्छा दिन अन्य पार्टीका नेताहरु पनि आइपुगेका थिए । पार्टी खुलेको कुरालाई पत्रिकाले ठिकै महत्व दिएका थिए । १९५५ को अप्रिल २ मा आयोजना हुने चुनावी मैदानमा सहभागी हुन लि र उनको टोलिले फेब्रुअरी २८ मा आफ्नो पार्टीको सहभागीता हुने घोषणा गर्यो तत्कालका लागि पाँच सिटमा उमेदवार उठायो । बुकित तिमाहबाट लिम चिङ सियोङ उठ्ने भए फेररपार्कवाट देवेन नायर, पुंगोल टेम्पाइनबाट गो चिउ चुआ तान्जोङ पेगारबाट लि आफै उठ्ने भए त्यस्तै अहमद इब्राहिम सेम्बावाङवाट उठ्ने निश्चित भयो। पिएपीको संगठन ज्यादै कमजोर थियो । स्थानीय स्तरका कुनै नेता थिएनन् ,कुनै साखा विस्तार


> चिनियाँ वामपन्थीहरू लिलाई सहयोग गर्न तयार थिएनन् । उनिहरुको असहयोगका कारण आफै सबैतिर दौडिनुपर्ने अवस्था लिलाई थियो । त्यसैले उनी हरेक गल्लीगल्ली, घरघर, सडकसडकमा आफै दौडिएर नयाँ पार्टीलाई सहयोग गने निस्के, अविचलित - अविराम रूपमा । उनी खेत-खलियानसम्म पुगे, जहाँ दुःख गरिरहेका मजदुरहरूले आफ्नो भविष्यको मसिहाको इच्छाशक्ति बुझिरहेका थिए

गरिएका थिएनन्, कुनै वैतनिक कारिन्दा थिएनन् कुनै न्यालि आयोजना गर्नुपर्यो भने सम्बन्ध विस्तार गरिएका कतिपय युनियन र स्कुलका विद्यार्थीहरुलाई बोलाइन्थ्यो। हरेक ठाउँमा लिनै जानुपर्थ्यो किनभने पार्टीमा सबै भन्दा राम्रो व्याक्ति उनी नै थिए । पाँच निर्वाचन क्षेत्रमा उनी नै प्रमुख व्यक्ति चुनावी कमाण्डरका रुपमा दौडाहामा हुन्थे । यसैबीच एउटा अर्को झमेला पनि लिलाई आइपर्यो । झमेला के थियो भने सिंगापुरे नयाँ रेन्डेल संविधान अनुसार स्थानीय चुनावमा उठ्नका लागि प्रतियोगि उम्मेदवार भएको ठाँउमा कम्तिमा १० वर्ष बसोबाँस गरेको हुनुपर्दथ्यो । पढ्नका लागि लि बेलायत गएको समयावधि जोड्दा १० वर्ष पुग्दैनथ्यो ।


लिले निर्वाचनमा जित हासिल गरेको खण्डमा उनको जितलाई खोस्न सक्ने अधिकार क्विन्स प्रिभि काउन्सिलमा थियो तर पछि बेलायतबाटै यस विषयमा लले फुक्का पाए । तर बेलायतबाट फुकुवा पाउनु अघि नै लिले भाषण गर्दै हिडेका थिए, बेलायतमा जन्मे हुर्केको जोनएडीले सिंगापुरमा एसेम्ब्ली म्यान हुन पाउँछ भने सिंगापुरमै जन्मेहुर्केको म र चार वर्ष मात्र बेलायतमा पढ्न गएको व्यक्तिले यहींको चुनाव लड्न पाँउदिन भन्छ भने यो संसार पक्कैपनि गोलो छैन चेप्टो छ । उनलाई सबैभन्दा अप्ठ्यारो त डेमोक्रेटिक पार्टीका प्रतिस्पर्धि लाम टियानले पारिदिएका थिए । उनले चुनावी प्रचारका दौरानमा भनिदिए “लिलाई चिनियाँ भाषा आउदैन उसले कुन मुखले चिनियाहरुको हितकालागि काम गर्छु भनिराख्या छ हँ ?” तर लि पनि कम थिएनन् उनले त्यसको जवाफमा भने, “त्यसो हो भने लाम टियानलाई तमिल र मलय पढ्न र लेख्न आउदैन । के अब उनी मलय र तमिलका प्रतिनिधि होइनन् त ?” तर अरुले उठाएको जायज प्रश्नमा उनी गम्भीर हुन्थे चिनियाँ मुलको भएर पनि चिनियाँ भाषा बोल्न नआउँदा उनलाई पोल्थ्यो । त्यसैले दिन रात मिहिनेत गरेर सबै भाषामा अलिअलि सम्बोधन गर्ने र बोल्नेकुरा सिक्न थाले र ध्वाँस दिन थाले मलाई सबै भाषा बोल्न आँउछ। म मन्डारिन बोल्छु हाक्का होक्किन र मलय पनि बोल्छु। यो सुनेपछि लाम टियानले उनलाई डबलीमा चिनियाँ भाषामै वादविवाद गर्न निम्तो दिए। यसको जबाफमा लिले भने, कानुन बनाउन अंग्रेजी जान्नु पर्छ कि चिनियाँ ? चिनियाँ फरर बोल्ने बित्तिकै राम्रो नेता होइन्छ भने बेग्लै कुरा तर जनताको सेवा गर्न त यतिबेला अंग्रेजी पढ्ने/जान्ने नै चाहिन्छ ।

चिनियाँ भाषाको अज्ञानताका बाबजुद उनले हार मानेनन् । चिनियाँ भाषामा पोख्त व्यक्तिलाई आफुले बोल्नैपर्ने केहि अनुच्छेद लेख्न लगाएर याद गर्ने गर्थे । यसो गर्दा तीन मिनेट बोल्न सकिन्थ्यो र त्यहि भएपछि जनता पनि खुस । चिनियाँ वामपन्थीहरू लिलाई सहयोग गर्न तयार थिएनन्। उनिहरुको असहयोगका कारण आफै सबैतिर दौडिनुपर्ने अवस्था लिलाई थियो। त्यसैले उनी हरेक गल्लीगल्ली, घरघर, सडकसडकमा आफै दौडिएर नयाँ पार्टीलाई सहयोग गने निस्के, अविचलित - अविराम रूपमा । उनी खेत-खलियानसम्म पुगे, जहाँ दुःख गरिरहेका मजदुरहरूले आफ्नो भविष्यको मसिहाको इच्छाशक्ति बुझिरहेका थिए । यो दौडाहाले लिलाई फाइदा नै पुऱ्यायो किनभने जनताहरू कुन हालतमा छन् भन्ने उनले प्रत्यक्ष देखिरहेका थिए । दौडधुप गरेर आएपछि उनी हरेक पटक नुहाइधुवाइपछि मात्र खान सक्थे उनी त्यति फोहोरी हुन्नथे। लिले आफु दौडधुप गर्दा भविष्यमा पिएपीलाई काम लाग्ने सम्भावित युवा पनि खोजी हिँड्थे । यस्तै खोजीमा लिम चिन सियोङ फेला परेका थिए र उनलाई तत्कालै पार्टीमा प्रवेश गराए । स्थानीय चिनियाँ भाषामा धाराप्रवाह बोन्ने प्राचीन पात्रहरूलाई वर्तमान सन्दर्भमा जोड्न सक्ने लिम चिन सियोङ मात्र भएकाले उनलाई तुरुन्त पार्टी प्रवेश गराएका थिए।

# निर्वाचन, लोकतन्त्र र 'बालेन फ्याक्टर'



रोशन जनकपुरी



यस पटकको निर्वाचनमा 'बालेन फ्याक्टर' गज्जबको मसला बनेको छ । गज्जब त के छ भने यो मसलाले चुनावी गणतन्त्रका धुरन्धर पार्टीहरूको 'हावा टाइट' गरिदिएको छ । पाँचदलीय सरकारी गठबन्धनको साझा उम्मेदवार कांग्रेसकी सिर्जना श्रेष्ठ र एमालेका हक्की र दबंग मानिने केशव स्थापितको गति सुस्त छ भने नपत्याउने 'लौरो' छापका बालेन शाह (साह !) तीव्र गतिमा उचाइ उक्लँदै छन् । यो लेख तयार गर्दासम्म बालेन मतगणनामा पहिलो स्थानमा छन् भने दोस्रो स्थानमा भएकासँग उनको अन्तर १३ सयजतिको छ । उनको हार या जित भविष्यको जिम्मामा छ । तर, 'र्‍यापर बालेन'को पक्षमा देखिएको आकर्षणले एकातिर काठमाडौंको रैथाने संरचनामा आएको परिवर्तनको संकेत दिन्छ भने अर्कातिर राजनीतिक दलहरूप्रति आमजनताको आकर्षणमा आएको ह्रासलाई पनि संकेत गर्छ । बालेनको जन्मथलो तराई मधेस हो । उनी शिक्षामा इन्जिनियर हुन् भने पेसा र लोकप्रियताका दृष्टिले र्‍याप गायक हुन् । उनी राजनीतिसँग सम्बन्धित भने होइनन् । यसलाई नेपाली राजनीतिको धरातलीय कमजोरी नै भन्नुपर्छ कि देशको राजनीतिप्रति सबैभन्दा सचेत मानिने राजधानी काठमाडौंमा एउटा र्‍यापरले जनसमुदायका अधिकांशलाई आफूतिर आकर्षित गरिरहेको छ । काठमाडौंका निम्ति भने यो नयाँ होइन । नेपालको राजनीतिक धरातल कमजोर भएको वेला काठमाडौंका जनताले यस किसिमका अपवादपूर्ण निर्णय विगतमा पनि गर्दै आएका छन् । पञ्चायतकालमा ०३८ सालमा दरबारभित्रको विकृति बाहिर ल्याउने भनिरहेकी नानीमैया दाहालजस्तो सामान्य महिलालाई अत्यधिक भोटले राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित गराउनु होस् वा ०३९ सालमा न्युरोडमा जुत्ता सिउने कालु सार्कीलाई तत्कालीन काठमाडौं नगरपालिकाको प्रधानपञ्चमा जिताउने व्यापक प्रयत्न होस्, सबै जनसमुदायको राजनीतिक व्यवस्थाप्रतिको वितृष्णाको अभिव्यक्ति नै हो । तत्कालीन पञ्चायती प्रजातन्त्र भनिने व्यवस्थाभित्रको भारदारी तथा चाकरीपना तथा जनताप्रतिको दमन र विभेदलाई सार्वजनिक गर्न

विगतमा जनताले यस्तो शैली अपनाएका हुन्। त्यतिवेला विशेषतः छात्रहरूले कालु सार्कीको पक्षमा जसरी चन्दा उठाएर एउटा व्यंग्यात्मक अभियान सुरु गरेका थिए, यसबाट आत्तिएर तत्कालीन शासकले कालुको अपहरण नै गरे। छात्रहरूले त्यसपछि गोल्छे सार्कीलाई उम्मेदवार बनाए। उनले जित्न सकेनन्, तर यसले तत्कालीन पञ्चायती प्रजातन्त्रको खोलभित्रको निरंकुश राजतन्त्रको दमनकारी चरित्रलाई अन्तर्राष्ट्रियस्तरमै नंग्याएको थियो। श्रमजीवी वर्ग र उत्पीडित समुदायको अधिकार भएको राजकीय संरचना मानवीय राज्यका निम्ति उच्च कोटिको शासन व्यवस्था मानिन्छ। तर, अभिजात्य वर्गीय सामन्ती शासकका निम्ति सार्कीजस्तो श्रमजीवी तथा दरबारकी सुसारे भनिएकी नानीमैया दाहाल उच्च ओहोदामा पुग्नु अपमानको विषय थियो। त्यसैले तत्कालीन पञ्चायती शासकहरू जसरी पनि निम्नवर्गीय दाहाल र सार्कीलाई रोक्न चाहन्थे। 'ज्यापर बालेन'को पक्षमा देखिएको आकर्षणले एकातिर काठमाडौंको रैथाने संरचनामा आएको परिवर्तनको संकेत दिन्छ भने अर्कातिर राजनीतिक दलहरूप्रति आमजनताको आकर्षणमा आएको ह्रासलाई पनि संकेत गर्छ

अभिजात्य वर्गीय सामन्ती शासकका निम्ति सार्कीजस्तो श्रमजीवी तथा दरबारकी सुसारे भनिएकी नानीमैया दाहाल उच्च ओहोदामा पुग्नु अपमानको विषय थियो। त्यसैले तत्कालीन पञ्चायती शासकहरू जसरी पनि निम्नवर्गीय दाहाल र सार्कीलाई रोक्न चाहन्थे। 'ज्यापर बालेन'को पक्षमा देखिएको आकर्षणले एकातिर काठमाडौंको रैथाने संरचनामा आएको परिवर्तनको संकेत दिन्छ भने अर्कातिर राजनीतिक दलहरूप्रति आमजनताको आकर्षणमा आएको ह्रासलाई पनि संकेत गर्छ

बालेन नानीमैया र कालु सार्कीभन्दा थोरै भिन्न हुन्। उनी उच्च शिक्षित र (उनको भनाइ मान्ने हो भने) भिजन भएका इन्जिनियर हुन्। बालेन व्यक्तिगत रूपमा राम्रो र देशभक्त पनि हुन सक्छन्। उनी वर्तमान राजनीतिक प्रक्रियामा देखिएको बेइमानी, लुट, भ्रष्टाचार र जनभावनासँगको धोकाधडीबाट आक्रोशित र उत्साहित भएर अगाडि सरेका पनि हुन सक्छन् (यद्यपि, उनी स्वस्फूर्त हुन् वा कुनै योजनामा प्रक्षेपित हुन् भन्ने अन्तरकथा पछि खुल्दै जानेछ)। यति हुँदाहुँदै पनि काठमाड्यौली जनताले जसरी अप्रत्याशित रूपमा उनको पक्षमा आकर्षण देखाएका छन्, त्यसभित्र वर्तमान राजनीतिक प्रक्रिया र नेतृत्वप्रतिको अविश्वासको मात्रा अत्यधिक बेसी छ भन्नु अन्यथा हुँदैन। संसदीय लोकतन्त्रमा यो सामान्य र स्वाभाविक हो र चुनावी लोकतन्त्रको सौन्दर्य यो नै हो भन्नेहरूका निम्ति बालेन फ्याक्टरको महत्व नहोला, तर वर्तमान राजनीतिमा नेताहरूको लफ्फाजीपूर्ण राजनीतिक उपदेश, खुलेआम भ्रष्टाचार र खुलेआम वैदेशिक शक्तिसामु घुँडाटेकाइले जुनखाले राजनीतिक शून्यता जन्माएको छ, यस परिप्रेक्ष्यमा बालेनको आकर्षणले आफूभित्र कैयौं भयावह सम्भावना समेटेको छ। यसपटकको स्थानीय निर्वाचनमा नातागोता तथा आर्थिक मापदण्डमा टिकट वितरणको खबर, मतपेटिका लिएर भागिरहेको दृश्य, मतदान अधिकृतले नै हाकाहाकी मतपत्रमा छाप लगाइरहेको तथा मतदातालाई आर्थिक प्रलोभन दिएका समाचारको स्मरण गर्नुभयो भने वर्तमान संसदीय चुनावी गणतन्त्र तिव्रतापूर्वक विकृत तथा गैरजनवादी हुँदै गएको अनुभूत गर्न सकिन्छ।

चुनावी लोकतन्त्रलाई जतिसुकै महानताको तक्मा भिडाए पनि वर्तमानमा राजनीतिक महानताहरू हराउँदै गएको यथार्थको उपेक्षा गर्न सकिँदैन। जनताको उदासीनता यसैको परिणाम हो। बालेन राजधानीमा छन्, अझ उच्च धनाढ्य वर्गको भएकाले मिडिया जगत्मा उनको 'बिजनेस भ्यालु' बढी छ, त्यसैले उनको चर्चा र आकर्षण बढी छ। होइन भने यस प्रकारका कैयौँ उम्मेदवार मैदानमा छन्, जो राजधानी र राजधानीबाहिर छन् र जसले मिडिया प्रचारतन्त्रलाई आकर्षित गर्न सकेका छैनन्। यसपटकको निर्वाचनमा पार्टीबाट बागी भएका उम्मेदवारलाई छाडिदिने हो भने समाजका विविध क्षेत्रबाट आएका अन्य स्वतन्त्र उम्मेदवार पनि बालेनजस्तै त हुन्! यसमध्ये कैयौँ गायक, कलाकार पनि छन्। प्रश्न छ, बालेनजस्तै उनीहरूले मिडिया प्रचारलाई किन आकर्षित गर्न सकेनन्? बालेन 'र्‍याप' गायक हुन्, त्यसैले हो? पिठ्युँमा नेपाली झन्डा ओढेका यी 'मधेसी' ठिटो कुनै पनि कोणबाट न राजनीतिक, न पारम्परिक नै देखिन्छन्। एउटा आधुनिक ठिटो, जो 'अमेरिकी' शैलीको र्‍यापमा कहिले छिल्लिएको भाषा प्रयोग गर्छ र कहिले नेपाली राजनीतिमा व्याप्त भ्रष्टाचार र विकृतिविरुद्ध आक्रोशितझैँ कुण्ठा गाउँछ। निश्चय, यो नेपाली समाजमा नवसाम्राज्यवादी संस्कृतिप्रतिको आकर्षण हो। यसपटक राजनीतिक पार्टीका उम्मेदवारहरूमा समेत अधिकांशमा पार्टी सदस्यताबाहेक राजनीतिकपनाको अभाव नै देखिन्छ। यसपटकको स्थानीय निर्वाचनमा अधिकांश जुनखाले उम्मेदवार मैदानमा देखिएका छन्, त्यसमा विजयी हुने अधिकांश पात्र निर्वाचनलाई आर्थिक पेसाका रूपमा बुझ्नेखाले नै हुने अधिकतम सम्भावना देखिन्छ। कैयौँ उम्मेदवार त विगतमा भ्रष्टाचारमा नग्न भइसकेका नामुदसमेत छन्। यसले वर्तमान राजनीतिक ढाँचामा जनवादिताका अवसर खुम्चँदै गएको तथा गैरजनवादी प्रवृत्तिको वर्चस्व बढ्दै गएको देखाउँछ। यस्तोमा हालसम्म 'क्लिनचिट व्यक्ति' बालेन कैयौँभन्दा राम्रा हुन सक्छन्। तर, राजनीतिक दलहरूको सक्रियतामा आधारित व्यवस्थाको जनप्रतिनिधिमा जब 'व्यक्ति'प्रतिको आकर्षण बढ्दै जान्छ, त्यसले नजानिँदो पारामा गैरसामाजिक र गैरजनवादितातिर डोर्‍याउन थाल्छ। बालेन तराई मधेसका हुन्। तराई मधेस भूगोलका अतिरिक्त नेपाली राजनीतिमा एउटा विशिष्ट ऐतिहासिक प्रवृत्ति पनि हो, जसले राजकीय दमन र प्रतिरोध दुवै प्रवृत्ति बोकेको छ। यसपटकको निर्वाचनमा उनी जित्छन् वा हार्छन्, एउटा कुरा भयो। तर, उनको मधेसी परिचय खुलेर पनि जसरी काठमाड्यौली जनतामा उनीप्रति आकर्षण देखिएको छ, त्यसले सहिष्णुताको एउटा सुखद अनुभूति पनि दिन्छ। यसले काठमाडौँमा राष्ट्रभन्दा पनि देशको भाव बढी देखिन्छ। देश, जहाँ विविध राष्ट्रियता, जाति र सांस्कृतिक समुदाय अधिकारपूर्वक एकसाथ बस्छन्। तर, यो भाव के उत्पीडित समुदाय र उत्पीडित वर्गपक्षीय हो वा मात्र उच्चवर्गीय सांस्कृतिक आदर्श? राजनीतिक दर्शनको दृष्टिले यो प्रश्न महत्वको हो। विगत केही वर्षदेखि हाम्रो लोकतान्त्रिक गणतन्त्रको चारित्रिकताको चर्चा बढी हुने गरेको पाइन्छ। एकातिर सरकार र राजनीतिक पार्टीहरूको कमजोरीप्रति बढी कटु आलोचक देखिए पनि व्यवस्थाको चारित्रिक कमजोरीप्रति मिडियाले आँखा चिम्लेको देखिन्छ। विशेष गरेर गणतान्त्रिकतामाथि पारम्परिक तथा राजतन्त्रवादी शक्तिहरू जसरी आक्रामक हुँदै छन् र व्यवस्थाको जनवादी र धर्मनिरपेक्षतावादी चरित्रलाई कमजोर पार्दै छन्, त्यसप्रति मिडिया र बौद्धिक समाजमा एकखाले मौनता देखिन्छ। यसले पुँजीवादी चरित्रको हाम्रो लोकतान्त्रिक राजनीतिको गैरजनवादितालाई प्रोत्साहित गर्छ। वर्तमान राजनीतिमा गैरजिम्मेवारी,

बेइमानी र भ्रष्टाचारको व्यवस्थित विकास यसैको परिणाम हो । वस्तुतः पुँजीवादी लोकतन्त्रको फासीवादसँगको सम्बन्धबारे बहस थोरै हुने गर्छ । यो बहस गणतन्त्रको सुरुआतसँगै निरन्तर हुनुपर्ने थियो । यसको उल्टो, नेपाली समाजका सबै समस्या पुँजीवादी लोकतन्त्रले हल गर्ने धारणालाई राजनीतिक दलहरूले बढी प्रश्रय दिए । पुँजीवादी लोकतन्त्रको जगजाहेर नकारात्मक अनुभव भनेको समग्र राजनीतिलाई बजारमा परिणत गरिदिनु हो । यसको अनुभव हामी हाम्रै लोकतन्त्रबाट गर्न सक्छौँ । यस्तो अवस्थामा थुप्रै खाले विकल्प र विभ्रमहरूले टाउको उठाउँछन् । यस्तै नकारात्मकता र अन्योलबाट पुनरोत्थानवादी तत्वले पनि मौलाउने मौका पाउँछन् । पुँजीवादी लोकतन्त्रले जब जनताको समस्या हल गर्न सक्दैन, अनि फासीवादले अगाडि बढ्ने मौका पाउँछ । उसले भन्छ, 'मसँग आऊ, यो लोकतन्त्र बेकारको छ । हामीले तिमीलाई बाटो देखाउँछौँ र तिम्रो समस्या हामी हल गर्छौं ।' यतिवेला हाम्रो राजनीतिक संरचनाभित्र धार्मिक कट्टरता तथा जातीय संकीर्णता निर्वाचनका वेला जसरी राजनीतिक समीकरणका रूपमा देखा पर्छन्, त्यस्तोमा लोकतन्त्रको खोलभित्र अतितमुखी दक्षिणपन्थी चिन्तन सबै पार्टीभित्र प्रवृत्तिका रूपमा हावी हुँदै गएको देखिन्छ । नेपाली गणतन्त्रको ओज हराउनुको एउटा कारण यो पनि हो । बालेन फ्याक्टर जतिसुकै आकर्षक र चित्तबुझ्दो देखिए पनि नेपाली राजनीतिमा सही दिशा होइन । यो नेपाली राजनीतिज्ञहरूले पढ्न सके भने 'गैरजिम्मेवारीले पुनरोत्थानवादी भड्काउमा राजनीतिलाई कसरी लैजान्छ' भन्ने सचेतताको पाठ अवश्य हो । सही दिशा भनेको त यस लोकतान्त्रिक गणतन्त्रमा नब्बे प्रतिशतमा रहेको उत्पीडित वर्ग र उत्पीडित समुदायको वर्चस्वको शासन हो र यसका निम्ति वर्तमान प्रणाली अप्रासंगिक हुँदै छ । यसका निम्ति फरक, सचेत र सामूहिक प्रयत्नको आवश्यकता छ ।





**बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका सामाजिक व्यक्तित्व वरुणध्वज मल्ल हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन,पारदर्शी तथा मितव्ययि समुन्नतत वडा निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**अध्यक्ष** केशवबहादर केसी — **व्यस्थापक** बालाराम न्यौपाने

**एवं एकीकृत वचत तथा ऋण सहकारी संस्था लि.**

गौमुखी गाउँपालिका ५ ठुलाबिसी, प्युठान




**बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस विद्यालयका व्यवस्थापन सिमितिका अध्यक्ष वरुणध्वज मल्ल हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन,पारदर्शी तथा मितव्ययि समुन्नतत वडा निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

प्रधानाध्यापकः अमृत केसी

**एवं प्रस्तावित जनसहयोगी मा.वि. परिवार**

गौमुखी गाउँपालिका ५ खुङ, प्युठान




बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका समाजसेवी धनिराम बि.क. हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नतत पालिका निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष** नविन्द्रबहादुर केसी
**प्रधानाध्याप** अंचलबहादुर केसी

**एवं जनप्रिय प्राथमिक विद्यालय परिवार**
गौमुखी गाउँपालिका ४ काफलवास, प्युठान




बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका समाजसेवी धनिराम बि.क. हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नतत पालिका निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक

**एवं जनता प्राथमिक विद्यालय परिवार**
गौमुखी गाउँपालिका ५ सुन्दरमेला, प्युठान




बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका समाजसेवी धनिराम बि.क. हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नतत पालिका निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष** मानबहादुर खत्री
**प्रधानाध्यापक** शान्ता अर्याल

**जनज्योति आधारभुत विद्यालय**
गौमुखी गाउँपालिका ४ लैसरा, प्युठान




बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका समाजसेवी धनिराम बि.क. हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन, पारदर्शी तथा मितव्ययि समुन्नतत पालिका निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रधानाध्यापक**

**जनजीवन प्राथमिक विद्यालय**
गौमुखी गाउँपालिका ४ वाग्लीवाङ प्युठान

बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस घोराही उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख लगाएत सबै वडामा निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरुलाई अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन,पारदर्शी तथा मितव्ययि समुन्नतत नगर निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रीन्सिपल एवं

**मोडेल इंलिस बोडिङ स्कुल घोराह १० दाङ**

**हार्दिक बधाई तथा शुभकामना**



बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस नौबहिनी गाउँपालिकाको प्रमुख डिलाराम थापा उपप्रमुख विष्णा थापा केसी लगाएत सबै वडामा निर्वाचित सम्पुर्ण वडाध्यक्षसहितका जनप्रतिनिधिहरुलाई सुशासन,पारदर्शी तथा मितव्ययि समुन्नतत नगर निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
तिलकबहादुर पुन

प्रधानाध्यापक
विरबहादुर पुन

**एवं बराह मा. वि. परिवार**

नौबहिनी गाउँपालिका ३ खवाङ झिम्प, प्युठान




बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस क्षेत्रका समाजसेवी धनिराम बि.क. हाम्रो वडाको वडाध्यक्षमा निर्वाचित भएको सुखद अवसरमा अन्य सम्पुर्ण पदाधिकारीहरुलाई सुशासन,पारदर्शी तथा मितव्ययि समुन्नतत पालिका निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
बाबुराम केसी

प्रधानाध्यापक
रामकृष्ण पुरी

**एवं महेन्द्र मा. वि. परिवार**

गौमुखी गाउँपालिका ४ पुजा, प्युठान

**हार्दिक बधाई तथा शुभकामना**



बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस नौबहिनी गाउँपालिकाको प्रमुख डिलाराम थापा उपप्रमुख विष्णा थापा केसी लगाएत सबै वडामा निर्वाचित सम्पुर्ण वडाध्यक्षसहितका जनप्रतिनिधिहरुलाई सुशासन,पारदर्शी तथा मितव्ययि समुन्नतत नगर निर्माणको काम कारबाहीले यस क्षेत्रका सम्पूर्ण उत्पीडित समुदायको मनमा बस्ने प्रेरणा मिलोस् भन्दै सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
भिमबहादुर घर्तिमगर

प्रधानाध्यापक
मिनबहादुर घर्तिमगर

**एवं दुर्गा मा. वि. परिवार**

नौबहिनी गाउँपालिका ३ खवाङ, प्युठान

### जनहितमा जारी सन्देश

ल्ला भित्र बनेका सडक र झोलुङ्गे पुलहरुको निगरानी बढाऔं ।

कास निर्माणका कार्यमा कसैले पनि अनावश्यक अवरोध नगरौं ।

डक पेटी किनारमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।

डक पेटी किनारमा जथाभावी निर्माण सामाग्री नराखौं ।

डक पेटीमा जथाभावी व्यापार, व्यवसाय नगरौं ।

डक निर्माण र संरक्षण कार्यमा सबैले सहयोग र हातेमालो गरौं ।

बै सवारी चालकहरुले लेन अनुशासनको पालना गरौं ।

वारी साधन चलाउदा पैदलयात्री र वन्यजन्तुहरुलाई ध्यान दिऔं ।

डकमा जथाभावी पशुचौपायहरु नछोडौं ।

ोटरेवल पुलहरुमा कसैले क्षति पुर्याउन लागेमा पूर्वाधार विकास कार्यालयमा खबर गरौं ।

प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय सल्यान
कर्णाली प्रदेश, नेपाल



## हार्दिक बधाई तथा शुभकामना



विष्णु योगी

२०७९ बैशाख ३० गते सम्पन्न भएको निर्वाचनमा प्यूठान नगरपालिकामा गठबन्धनबाट मेयर पदका उम्मेदवारले अमूल्य मत प्राप्त गरी विजयी हुनु भएकोमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
वामदेव पोखेल
एवं जानकी मा. वि. परिवार
प्युठान नगरपालिका २ चितिखोला, प्युठान



## पशुपालक कृषक वर्गमा अनुरोध !

– व्यवसायिक रुपमा उन्नत जातको बाख्रा पालन व्यवसाय गरी देश विकासको आर्थिक आधार बनाऔं ! सम्पन्नता, समृद्धि र आन्तनिर्भरता तर्फ उन्मुख होऔं !!

– पशुपादलन तथा पशुजन्य पदार्थ प्रशोधनमा नविनतम असल अभ्यासहरु अवलम्वन गरी शुद्ध एवं स्वच्छ उत्पादनहरुको सुनिश्चिता

– सन्तुलित पशु आहारा प्रवर्द्धनको लागि हरियै पोसिलो घाँसमा आधारिता पशुपालन गरौं ।

– पशुपालन व्यवसाय सञ्चालन गर्नुपूर्व वा सञ्चालन गारि सकेका कृषकहरुले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहका पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सूचिकृत गरौ ।

– कार्यालयले प्रवर्द्धन गारिरहेका पशु नश्ल सुधार कार्यक्रममा सहभागी बनौं र पशुको उत्पादकत्व एवं उत्पादन वृद्धि गरी फाइदा लिऔं ।

– नजिकको पशु सेवा हेर्ने निकायमा सर्म्पक गरी गाईभैसीलाई खोरेत रोगको खोप तथा भेडाबाख्रालाई पी.पी.आर. रोगको खोप लगाई आफ्ना पशुको स्वास्थ्य संरक्षण गरौं ।

पशु अस्पताल तथा पशु सेवा कार्यालय
सल्यान

# लु सुनः सतत संघर्षशील लेखक



इस्माली

नेपाली साहित्यका पाठकहरूका लागि लु सुन (ल्यू सुन,लु श्यून) नौलो नाम होइन । 'आह क्युको साँचो कथा' र 'एक बौलाहाको डाइरी' जस्ता अमर आख्यान कृतिहरू लगायत यिनका थुप्रै फुटकर रचनाहरू नेपालीमा अनुवाद भएका छन् । लु सुनका कृतिहरूलाई नेपालीमा अनुवाद गर्नेहरूमा साहित्यकार शान्तदास मानन्धर अग्रणी रहिआएका देखिन्छन् । यसले गर्दा नेपालका साहित्यकार हरूमा लु सुनप्रतिको प्रेमभाव सहजै बोध गर्न सकिन्छ मात्र होइन यसबाट लेखकसाहित्यकारहरू आफ्ना देशकालका सीमाभन्दा पनि माथिका हुँदा रहेछन भन्ने पनि सन्देश मिल्दछ । हाम्रो छिमेकी देश चीनका आधुनिक र प्रगतिशील साहित्यका जनक लु सुन ई.सं. २५ सेप्टेम्बर १८८१का दिन चीनको पूर्वी प्रान्त झेजियाङको शाओशिङको मध्यमवर्गीय परिवारमा जन्मेका थिए । यिनी परिवारका चार छोरामध्येका जेठा छोरा थिए । यिनी जन्मले झाऊ शुरेन(झाऊ झ्याङशाउ,युशान) थिए । यिनका बाजे झाऊ फिजिङ बेइजिङमा माथिल्लो तहका कर्मचारी थिए । यिनका बुबा झाऊ बोयी समाजका प्रतिष्ठित कन्फ्युसियेली बुद्धिजीवीमा गनिन्थे । झाऊ यिनको पैतृक थर थियोभने लु यिनको मातृक (मावली) थर थियो । आफ्नी आमाको साहस र दृढ सेवाभावनाले यिनी आमाप्रति सँधै नतमस्तक हुन्थे । आमाको त्यही ऋण तिर्न कर्मले यिनी ३७ वर्षको वयमा लु सुन बने किनकि यिनको लालनपालन , शिक्षादीक्षा र संस्कार निर्माणमा सुसंस्कृत आमा लु रुईकै सर्वोपरी भूमिका रह्यो । यिनको जन्मताका चीन अर्धसामन्ती र अर्ध औपनिवेशिक राज्य थियो । क्विङ राजवंशको नेतृत्वको राज्यसत्ता भ्रष्टाचारी र कमजोर थियो तर साम्राज्यवादी शक्तिहरूको प्रभुत्व बढदो थियो । भ्रष्टाचारको आरोपमा बाजेको जागिर गयो ,७ वर्षको जेल सजाय पनि भोग्नु पर्‍यो र वर्षेनी तोकिएको जरिवाना तिर्नुपर्ने भयो । जरिवाना नतिर्दा फाँसी देलान् भन्ने डर भयो र सकिनसकि जरिवानाको जोहो पनि परिवारले गर्नै पर्‍यो । यिनताकै यिनका बुबा झाऊ बोयीलाई क्षय रोगले गाँजिसकेको थियो । तिनताका क्षयरोग दुर्दमनीय रोगको कोटीमा पर्दथ्यो । थला परेका बाबु बोयी कहिल्यै उठन सकेनन् ओछ्यानबाट । एकातिर क्षयले थलिएका बाबुको उपचार अर्कोतिर भ्रष्टाचारको आरोपमा जेलमा थुनिएका बाजेको रेखदेख । समाजमा जोरीपारी सब टाढिँदै गए ,भएको सिरिखुरी सब रित्तिँदै गयो । मुखेञ्जी ठिक्क पारेनि परोक्षमा सबले टीकाटिप्पणी गर्थे,कुरो काटथे भ्रष्टाचारीका सन्तान भनेर । तर आमा लु रुईले तमाम विपत्ति झेलेर पनि परिवारलाई सम्हालिन् । कान्छो छोरो बालखैमा बितेपनि तीन छोराहरूको लालनपालन र शिक्षादीक्षाको बन्दोवस्त पनि मिलाइन् । शहरमा टिक्न नसकेर यिनको परिवार फेरि गाउँ फर्क्यो । किशोर सुरेनको कलिलो मष्तिष्कमा परिवारको यो स्थितिले गहिरो छाप

छोड्यो । बिरामी बुबाको उपचार हुन नसकेकोले परम्परागत चिनियाँ चिकित्सा पद्धतिउपर यिनको विश्वास टुट्यो । बाजेउपर लागेको भ्रष्टाचारको बातले चित्त कुँडियो । माध्यमिक शिक्षा यिनले शाओशिङमै प्राप्त गरे । यहीँ यिनले अङ्ग्रेजी र जर्मनेली भाषा पनि सिके र पश्चिमा साहित्यसँग यिनले चिनारी गर्ने मौका पाए । जोन स्टुअर्ट मिलको 'स्वाधिनताबारे',अल्डस हक्सलेको 'विकासवाद र नैतिकता',वाल्टर स्कटका उपन्यास र कविताहरू तथा ह्यारिओट स्टोवको 'अंकल टम्स केबिन' पढेपछि परम्परागत कन्फुसियसको विचारको घेरो नाघेर पश्चिमा विचारप्रति यिनको झुकाउ बढदै गयो । माध्यमिक शिक्षापछि यिनी छात्रवृत्ति पाई आधुनिक चिकित्सा विज्ञानको अध्ययन गर्नका लागि १९०२ मा जापानको सेण्डाई शहरमा पुगे । चिकित्सा विज्ञानको अध्ययनका सिलसिलामा एक दिन त्यहाँका शिक्षकले युद्धसम्बन्धी एउटा वृत्तचित्र देखाए । तिनताका जापान र रुसको युद्ध पनि चलिरहेको थियो । त्यस वृत्तचित्रमा रुसीहरूको लागि गुप्तचरी गरेको आरोपमा पाता फर्काएर बाँधेर एक चिनियाँ सैनिकलाई जापानी सैनिकहरूले मरणान्त हुनेगरी कुटिरहेका थिए र अरु चिनियाँहरू त्यो दृश्य हेरेर पेट मिचिमिचि हाँसिरहेका थिए । यो दृश्य देखेर यिनी निकै मर्माहत भए । मन छियाछिया भयो । थुक्क चिनियाँहरूको बुद्धि ! यस्तो परचक्री ठाउँमा आफ्ना देशका मान्छे कुटिँदा पनि खित्का छाडेर कसरी हाँस्न सकेका ! कुटिने चिनियाँलाई देखेर हाँस्ने चिनियाँहरू मोटाघाटा र बलियाबाङ्गा थिए । त्यसैले यिनलाई लाग्यो –चिनियाँहरूलाई शारीरिक उपचारको होइन मानसिक उपचारको खाँचो छ । तिनमा चिनियाँ बन्धुत्व र चिनियाँ राष्ट्रवादको भावना छैन । चिनियाँहरूको मानसिक उपचार साहित्यबाट मात्र हुन सक्दछ । यस्तो ठहरका साथ यिनी सेण्डाईको चिकित्सा विज्ञानको पढाइ छाडी साहित्य पढन टोकियो हानिए । यिनको जीवनमा यो एउटा यस्तो महत्वपूर्ण मोड थियो जसले यिनमा राष्ट्रियताको भावना जागृत गर्न हेतु साहित्यको भोक जगाइदियो । चार वर्षे टोकियो बसाइमा यिनले पूर्वी युरोपेली र रुसी तथा स्लाविक कथाहरू,पोल्याण्डेली नोवेल प्राज्ञ (१९०५) हेनरिक सिन्केविजका कृतिहरू लगायत विज्ञान र दर्शनका बौद्धिक जागरणका केही कृतिहरू चिनियाँ भाषामा उल्था गरे । टोकियोप्रवासमै रहँदा यिनी क्विङ शासनविरोधीगतिविधिमापनिलागे। १९०९ मा चीन फर्केपछि यिनी विद्यालय शिक्षक बने । विद्यार्थीकालदेखिनै जागरणसम्बन्धी विभिन्न लेखहरू लेख्न थालेका यिनले १९०९मा पहिलो कथा 'फर्केर हेर्दा' लेखे । १९११ को राजतन्त्रविरोधी आन्दोलनमा बुद्धिजीवीहरूको नेतृत्व गर्दै यिनी सक्रिय भएर लागे । डा.सन यात् सेनको नेतृत्वको गणतान्त्रिक आन्दोलनको सफलतापश्चातको सरकारमा यिनले शिक्षा मन्त्रालयमा विभिन्न महत्वपूर्ण पदमा रही शैक्षिक नेतृत्व सम्हाले । तर

**कुटिने चिनियाँलाई देखेर हास्ने चिनियाँहरू मोटाघाटा र बलियाबाङ्गा थिए । त्यसैले यिनलाई लाग्यो –चिनियाँहरूलाई शारीरिक उपचारको होइन मानसिक उपचारको खाचो छ । तिनमा चिनियाँ बन्धुत्व र चिनियाँ राष्ट्रवादको भावना छैन । चिनियाँहरूको मानसिक उपचार साहित्यबाट मात्र हुन सक्दछ । यस्तो ठहरका साथ यिनी सेण्डाईको चिकित्सा विज्ञानको पढाइ छाडी साहित्य पढन टोकियो हानिए । यिनको जीवनमा यो एउटा यस्तो महत्वपूर्ण मोड थियो जसले यिनमा राष्ट्रियताको भावना जागृत गर्न हेतु साहित्यको भोक जगाइदियो**

गणतान्त्रिक क्रान्तिले अपेक्षित सफलता पाउन सकेन । साम्राज्यवादी शक्तिहरूको दबदबा झनझन बढदै गयो । मुलुक गृहयुद्धमा होमियो । समाजमा चरम शोषण व्याप्त थियो। विश्वका साम्राज्यवादी शक्तिहरू युद्धमा होमिएका थिए । उता रुसमा समाजवादी क्रान्तिको सफलताले थिचिएकामिचिएका चिनियाँ जनतामा स्वतन्त्रताप्रति ठूलो उत्साह जगाइदिएको थियो । यस्तैमा यिनले लु सुनको छद्म नामबाट साम्राज्यवाद र सामन्तवादविरोधी कथा 'एउटा बौलाहाको डायरी' लेखे । यही कथाबाट चीनको आधुनिक कथा साहित्यको थालनी भएको मानिन्छ। साम्राज्यवादीहरूले विश्वयुद्धको समापनतिर चीनको भागवण्डा गर्न लागेका थिए । जर्मनीको अधिनमा रहेको चीनको भूभागलाई भर्सेलिज सन्धिमार्फत् जापानलाई हस्तान्तरण गर्न लागेका थिए । साम्राज्यवादीहरूको उक्त षडयन्त्रका विरुद्ध चिनियाँ राष्ट्रवादी बुद्धिजीवीहरू तथा विद्यार्थीहरू सशक्त रुपमा विरोधमा उत्रिए । चीनको इतिहासमा यो विद्रोह मई ४को आन्दोलनका रुपमा अंकित छ। यस आन्दोलनका अगुवाहरूमा अधिकांशत वामविचारका योद्धाहरू थिए। लु सुन यस आन्दोलनमा अग्रपंक्तिमा रहे । तिनै योद्धाहरूमध्येका अगुवा योद्धा प्राध्यापक ली दा झाओको नेतृत्वमा १९२१मा चीन कम्युनिष्ट पार्टीको स्थापना भयो । यिनताकै यिनले 'आह क्युको साँचो कथा' लेखे । यिनी आजीवन चीनको स्वाधिनताका लागि साहित्यसंस्कृतिको मोर्चाबाट सक्रिय भइरहे। यिनका माहिला भाई पनि साहित्य संस्कृतिको मोर्चामा लागिरहे । निबन्धकारका रुपमा चिनियाँ साहित्यमा परिचित यिनका माहिला भाई भित्रभित्रै जापानी साम्राज्यवादीसँग मिलेका रहेछन् । यसको भेउ पाएपछि भाइसँग यिनको सम्बन्ध बिग्र्यो। जापानविरोधी युद्धका बेला तिनी राष्ट्रद्रोहको आरोपमा गिरफ्तार गरिए र १४ वर्षको जेल सजाय पाए । १९४९मा सम्पन्न जनवादी क्रान्तिपछि कम्युनिष्ट पार्टीले तिनको निन्दा गर्दै बाँकी कैद मिनाहा गरिदियो । यिनका कान्छा भाइ कम्युनिष्ट पार्टीका सक्रिय सदस्य रहे । उनी पार्टीको केन्द्रिय समितिको सदस्यहुँदै उपाध्यक्षसम्म भए। तर लु सुन आफ्नो जीवनकालभरि कम्युनिष्ट पार्टीको सदस्य बनेनन् तर पार्टीको हरेक आन्दोलनमा सक्रियतासाथ लागि रहे । गणतान्त्रिक सरकार स्थापना भइसकेर पनि मुलुक विदेशी प्रभुहरूको चङ्गुलबाट मुक्त हुन नसकेकोले एक प्रसङ्गमा यिनले रोष प्रकट गर्दै भने ,"१९११को गणतान्त्रिक क्रान्ति असफल भयो ।अब चीनमा कथित गणतन्त्र रहेन । मलाई लाग्दछ ,क्रान्ति अघि हामी कमारा थियौं र क्रान्तिको तत्कालपछि हामी कमाराहरूबाट ठगियौं र हामी तिनको कमारा बन्यौं।" १९२८ मा यिनको चिनारी समाजवादी साहित्यसँग भयो । राजनीतिबाट परै रहने यिनको भ्रम टुट्यो र यिनले भने,"क्रान्तिकारी साहित्यले मात्र आमूल परिवर्तन ल्याउन नसक्ने रहेछ । त्यसका लागि त क्रान्तिकारी योद्धाहरू नै चाहिने रहेछ।" राष्ट्रवादी चिनियाँ जनतामाझ लु सुनको लोकप्रियता बढदै गयो। जापानको कठपुतली सरकारको तारो बने यिनी । यिनलाई लक्षित गरी सरकारले साँस्कृतिक दमन गर्न थाल्यो । वामपन्थी साँस्कृतिक आन्दोलनको पक्षमा जनसमर्थन बढदै गयो।१९३०मा यिनी संघाईमा स्थापित चिनियाँ वाम लेखकहरूको लिगको सर्वमान्य अध्यक्ष भए।१९३१मा कोमिन्ताङ सरकारले पाँच जना युवा लेखकहरूको हत्या गऱ्यो । दमनबाट जोगिन यिनी भूमिगत भए । हत्या गरिएका लेखकसाथीहरूको सम्झनामा यिनले कोमिन्ताङ सरकारको विरोधमा अत्याचारी शासनको खेदो खन्दै 'चिनियाँ सर्वहारा साहित्य र अग्रगामी लेखकहरूको रगत' र 'अँध्यारो चीनमा कलासाहित्यको वर्तमान स्थिति' नामक लेखहरू लेखे । संघर्षका यी वर्षहरूमा कोमिन्ताङ सरकारले डेढ लाखभन्दाबढी चिनियाँ क्रान्तिकारीहरूको हत्या

गऱ्यो । तर यिनको संघर्षशील उत्साह कहिल्यै मत्थर भएन ,बरु मृत्युपर्यन्त जुझिरहे । १९ अक्टुबर १९३६का दिन क्षयरोगका कारण यिनको मृत्यु भयो । आजीवन चीनको स्वाधीनताका लागि जुझेर पनि यिनले चीन स्वतन्त्र भएको दिन देख्न पाएनन् तर माओ जे दुङको नेतृत्वको 'लामो अभियान' शानशी आइपुगेकोमा हर्षले विभोर हुँदै यिनले विदेशी पत्रकार स्मेडलीमार्फत् माओलाई बधाई सन्देश पठाउँदै भने ,'चीन र मानवताको आशा तपाईंउपरनै टिकेको छ ।' माओले यिनलाई चीनको सर्वहारा साँस्कृतिक क्रान्तिका सर्वोच्च कमाण्डर माने । स्वतन्त्रता आन्दोलनमा यिनको योगदानको उच्च मूल्याङ्कन गर्दै मृत्योपरान्त यिनलाई पार्टीको मानार्थ सदस्यता प्रदान गऱ्यो । चीनका गोर्की भनेर पनि चिनिने गरेका यिनको नाममा चीन सरकारले लु सुन साहित्य पुरस्कारको स्थापना गरेको छ । विद्यालयका विभिन्न तहका पाठ्यक्रममा यिनका साहित्यिक रचनाहरू समावेश गरिएका छन् ।कान्छा भाईको छोरीले लेखेको 'मेरो ठूलो बुबा लु सुन' भन्ने बाललेख प्राथमिक पाठ्यक्रममा रहेको छ । यिनका नाममा एस्टेरोइड समूहको एउटा ताराको पनि न्वारान गरिएको छ । बुध ग्रहको खाल्डोलाई पनि चिनियाँ वैज्ञानिकहरूले यिनकै नामबाट न्वारान गरेका छन् ।जापानी विद्यालयहरूमा पनि यिनका कृतिहरूको पठनपाठन हुने गरेको छ । जापानी नोवेल प्राज्ञ (१९९४) केन्जाबुरो ओएका शब्दमा यिनी बिसौं शताब्दीका महान एसियाली लेखक हुन् । तर ताईवानमा भने १९८० सम्म यिनका रचनाहरू प्रतिबन्धित नै थिए । यिनका कतिपय रचनाहरू एडगर स्नो र निम वेल्सले अङ्ग्रेजीमा अनुवाद गरेका छन् ।याङ शियन र ग्लाडिज याङको संयुक्त सम्पादनमा अंग्रेजी भाषामा यिनका प्रतिनिधि रचनाहरू चार खण्डमा संगृहित छन् ।



## जनहितमा जारी सन्देश

**व्यक्तिगत सरसफाइ**

- फोहर छोएपछि, खानाखानु वा खुवाउनु अगाडि पछाडि, शौचालय गएपछि, दिसा धोएपछि, घरबाट निस्किएर पुन:प्रवेश गर्ने वित्तिकै साबुनपानीले प्रशस्त फिंज निकालेर मिची मिची हातधुने तथा सफा कपडाले पुछ्ने वा सुकाउने गरौं।
- हात खुट्टाका नङ नियमित काटौं
- नियमित नुहाउने तथा कपडा धुने गरौं।
- नियमित दाँत माझ्ने गरौं।

**घरायसी सरसफाइ**

- घरभित्र बाहिर तथा यसको वरपर नियमित सरसफाइ गरौं।
- शौचालय बाहेक अन्यत्र दिसापिसाब नगरौं।
- शौचालयमा प्रशस्त पानी र साबुनको व्यवस्था गरौं।
- शौचालय नियमित रूपमा सफा गरौं।

**वातावरणीय सरसफाइ**

- घर वरपर तथा टोल समुदायको सरसफाइ गरौं।
- जल्ने, गल्ने तथा नगल्ने फोहर घरायसी रूपमै छुट्याऔं। गल्ने फोहरको मल बनाई प्रयोग गरौं।
- नगल्ने फोहरको सुरक्षित विसर्जन गरौं।
- प्लाष्टिकजन्य पदार्थको प्रयोगमा निरुत्साहित गरौं, प्लाष्टिक जलाउने कामको कडाई गरौं।
- सार्वजनिक स्थानहरूको भूईंलाई क्लोरिन राखेको पानी वा डिटरजेन्टले नियमित पुछ्ने गरौं
- संक्रमणका सम्भावना भएका क्षेत्रको भुईं ०.२ प्रतिशत क्लोरिन झोलले पुछ्ने गरौं।
- संक्रमण हुने स्थानहरूमा गएपछि व्यक्तिको सम्पूर्ण कपडाहरु ०.१ प्रतिशत क्लोरिन झोलको पानीमा भिजाएर घाममा सुकाउने गरौं।
- सार्वजनिक स्थानहरूको ढोकाको हैण्डिल, रेलिङ, भुईं, भित्ता, टेबुल, कुर्सी आदिमा क्लोरिन झोलले नियमित पुछ्ने गरौं।

कर्णाली प्रदेश सरकार
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
खलंगा सल्यान

## हार्दिक बधाई तथा शुभकामना



**यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट यस कुमाख गाउँपालिकाको अध्यक्षमा मान बहादुर बुढाथोकी र उपाध्यक्षमा लाल बहादुर रावत निर्वाचित भएको सुखद अवसरमा यहाँहरुलाई जनपक्षीय तथा नमुना योग्य कामको शुभकामना व्यक्त गर्दै यस पालिकामा निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरुको सफल कार्यकालको कामना गर्दछौं** आसा छ, यहाँहरुको पालामा पालिका समृद्ध हनेछ र जनका समस्या दुर हुँदै र जिल्लाको मुहार बदलिनेछ

**प्रधानाध्यापक** : टेकमकुमारी शर्मा

**एवं वुद्ध जनकल्याण माध्यामिक विद्यालय परिवार**

कुमाख गाउँपालिका मेलटाकुरा, सल्यान

# अस्तव्यस्त बिजुली, अँध्यारोमा जनता

# मिटरैपिच्छे ग्राहक ठग्दै विद्युत प्राधिकरण




जंगबहादुर रेउले, रोल्पा

रोल्पा, स्थानीय सरकार आएसँगै विद्युत विस्तार कार्यले खासै फड्को नमारेको पाइएको छ । स्थानीय तहले विकास निर्माणका कामहरु तुलनात्मक रुपमा गरेको भएतापनि विद्युतीकरणका काम भने कछुवाको गतिमा अगाडि बढेको छ । सरकारले पाँच वर्षको समयमा छिटपुट रुपमा पोल तथा तारहरु टाँग्ने बाहेकका अरु काम गर्न सकेको छैन । स्थानीय सरकार आएको पाँच वर्ष बितिसक्दा समेत ग्रामिन बस्तीहरुमा सहज रुपमा विद्युत आपूर्ति हुन नसक्दा अझैपनि स्थानीय बासीन्दाहरु वैकल्पिक उर्जामा भर पर्नुपर्ने बाध्यता रहेको छ । अधिकांस ग्रामिन बस्तीहरुका जनताहरुले परम्परागत रुपमा प्रयोग हुँदै आएको टुकी, दियालो, लालटीन लगायतका उर्जाको स्रोतको भरमा कष्ठपूर्ण जीवन निर्वाह गरिरहेका छन् । रोल्पाको रुन्टीगढी गाउँपालिकाका सबै वडा कार्यालयसम्म विद्युत विस्तार भएतापति अधिकांस गाउँघरमा बिजुली बत्ती बाल्ने आसा सपना जस्तै भएको छ । वडासम्म विद्युत जडान भएपनि प्राय: वडाका  गाउँ तथा टोलबस्ती भने पुरै बिद्युतविहिन जस्तै बनेको छन् । पालिकाको ६ नं. वडा अन्तर्गत पर्ने ओखरपाटा, छाप, झालवङ, बोरिबाङ, गोठिवन लगाएका अन्य गाउँबस्तीहरुमा पोल गाड्ने र तार टाँग्ने काम भएपनि बत्ती बाल्न पाइन्छ कि पाईदैन भन्नेमा आसंका बढेको हो । विद्युत जडान गर्नका लागि पटक-पटक वडा तथा गाउँपालिकामा गुनासो पोख्दा पनि कुनै प्रक्रियागत रुपमा अगाडि नबढेको स्थानीयबासीहरुले बताएका छन् । गाउँमा पोल गोडेको तीन वर्षमै कतै पोल ढलेको कतै तार नै नटाँगेको विषयमा बारम्बार जानकारी दिदा पनि वडा र गाउँपालिका भने कानमा

तेल हालेझैं गरेर बसेको स्थानीयहरुको भनाइ छ। रुन्टीगढी गाउँपालिका भित्रका वडाहरुमा विद्युत विस्तार तथा जडान कार्यहरु भइरहेको भएतापनि मिटर बक्सको अभावका कारण स्थानीय बासीन्दाहरु अझै अध्यारोमै बस्न बाध्य भएका छन्। पालिका भित्रका केही वडाहरुमा विद्युत जडान कार्य सम्पन्न भएको करिब ३ वर्ष बितिसक्दा पनि गाउँ तथा वडाहरु अध्यारोमुक्त बन्न सकेकका छैनन्।

## सेवाग्राहीबाट बढी रकम असुल्दै विद्युत प्राधिकरण

नेपाल विद्युत प्राधिकरण होलेरीले सेवाग्राहीहरुसँग बढी रकम असुल्दै आइरहेको गुनासो आएको छ। प्राधिकरणले नयाँ मिटर बक्सको मूल्य बढेर आएको भन्दै प्रत्येक सेवाग्राहीहरुबाट मूल्यभन्दा ४ रुपैयाँको दरले बढी रकम असुल गर्दै आइरहको सेवाग्राहीहरुले गुनासो गरेको छन्। मिटर बक्सका लागि स्थानीय जनताहरुले पटक पटक मूल्य तिर्दा समेत अझैसम्म मिटर बक्स पाउँन सकेका छैनन्। रुन्टीगढी गाउँपालिका ६ ओखरपाटा बस्ने जयबहादुर बुढाले नयाँ मिटर बक्सको फर्म भरेको करिब ६ महिना बितिसक्दा समेत मिटर बक्स नपाएको बताए। उनले सुरुमा मिटर बक्सको लागि फर्म भर्दा २ हजार ५ सय ७५ रुपैयाँ तिरेको भएतापनि मिटर बक्समा मूल्य बढेका हुँदा पुनः २ सय ८० रुपैयाँ तिरेको जानकारी दिए। 'मिटर बक्स नपाउँदै दुई पटकसम्म पैसा तिर्नुपऱ्यो, उनले भने 'मिटर बक्स कहिले आउँछ त्यो थाहा छैन्। तर, मिटर बक्समा बढेको मूल्य २ सय ७६ रुपैयाँ भएतापनि हामीले २ सय ८० रुपैयाँ तिरका छौं। बिलमा २ सय ७६ रुपैयाँ भएपनि नगद ४ रुपैयाँ बढी तिरेका छौं।' स्थानीय बुढाका अनुसार गाउँ घरमा विद्युत आउँने खुशीले घरघरमा वायरिङ्ग गरेका सामानहरुमा खिया लाग्ने अवस्था पुगिसकेका छन्। तर, विद्युत प्राधिकरणबाट अझै मिटर बक्स पाउँन सकेका छैनौं। त्यसैगरी रुन्टीगढी गाउँपालिका ६ रहेको बिहानी जागरण युवा क्लबका अध्यक्ष केशरबहादुर रावतले मिटर बक्स आउन निकै ढिला भएको बताए। उनले मिटर बक्सका लागि आफूहरुले दुई पटकसम्म पैसा तिर्दा समेत अझै मिटर बक्स पाउन नसकेको जानकारी दिए। विद्युत प्राधिकरणले मिटर बक्स आइसकेको जानकारी दिएको र चुनाव सकिए लगत्तै मिटर बक्स बाड्ने भनेपनि अझैसम्म वितरण नगरेको प्राणमञ्चसँग गुनासो पोखे। मिटर बक्समा वृद्धि भएको रकम तिर्दा समेत मिटर बक्स नपाउनु दुःखत कुरा भएको र विद्युत प्राधिकरण होलेरीले छिटोभन्दा छिटो जनतालाई मिटर बक्स उपलब्ध गराउँनुपर्ने अध्यक्ष रावतले बताए।

उता नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र होलेरीका प्रमुख नारायणप्रसाद केसीले मिटर बक्सको अभाव होलेरीमा मात्र नभएर देशव्यापी रुपमा देखा परेको बताए। उनले स्थानीय निर्वाचन अघिनै होलेरीमा मिटर बक्स आइसकेको भएतापनि चुनावको समयमा मिटर बक्स वितरण गर्दा प्रभावकारी नदेखिने भएकाले वितरण नगरेको र अबको केही दिनमा मिटर बक्स वितरण गरिने जानकारी दिए। मिटर बक्स मूल्यवृद्धि भएर आएसँगै प्रति मिटर बक्सलाई २ हजार ८ सय ५१ रुपैयाँ पर्ने भएकोले फर्म भरिसकेका सेवाग्राहीले थप २ सय ७६ रुपैयाँ बुझाउनुपर्ने प्रमुख केसीको भनाइ छ। सेवाग्राहीहरुले सुरुमा मिटर बक्सका लागि फर्म भर्दा २ हजार ५ सय ७५ रुपैयाँ बुझाएका थिए। कार्यालयका लेखा कर्मचारीले नयाँ मिटरको थप शुल्क लिदा सेवाग्राहीलाई फिर्ता दिने खुला रकम नभएको हुँदा २ सय ८० रुपैयाँ काटिएको हुनेसक्ने र त्यो विषयमा बुझेर सहजीकरण गरेर अगाडि बढ्ने समेत उनले धारणा थियो। रुन्टीगढी गाउँपालिका भित्रका विभिन्न ५ ठाउँमा ट्रामिटर जडान गरी चार्ज

गर्ने सम्पन्न भएको र विद्युतीकरणको काम टेण्डर प्रक्रियाबाट हुने भएकाले ठेकेदारले विद्युत जडानको सम्पूर्ण काम सकिएको विवरण दिएपछिमात्र विद्युत सुचारु गरिने प्रमुख केसीले बताए। विद्युत प्राधिकरण होलेरीमा अहिले ३ सय वटा मिटर बक्स रहेका छन्।

त्यसैगरी नेपाल विद्युत प्राधिकरण रोल्पाका प्रमुख शम्भुप्रसाद मण्डलले विद्युतको मिटर बक्स अभाव नरहेको बताए। उनले गत चैत १०/१२ गतेबाट नै रोल्पा लिवाङ, सुलिचौ र होलेरीमा सहज रुपमा मिटर बक्स पठाउने काम भइरहेको जानकारी दिए। सेवाग्राहीले ढिलोचाडो सबैले मिटर बक्स पाउँछन् र त्यो फर्म भरेको आधारमा एक हप्ता अगाडि तथा पछाडिको समयमा सो बक्स सबैले पाउँने उनको भनाइ छ। 'मिटर बक्समा मूल्यवृद्धि भएको होइन्, उनले भने गत मंसिर महिनादेखि विद्युतको अन्य सर्भिस चार्ज लागु भएको मात्र हो। र, मंसिरभन्दा अगाडि फर्म भरेका सेवाग्राहीले थप शुल्क बुझाउनु पर्छ। त्यो बुझाएको रकम राजश्वको खातामा जम्मा हुन्छ।' विद्युतको काम ठेक्का मार्फत हुनेभएकाले अहिले प्रायः ठाउँ पोलहरु गाडेर सकिएको हुँदा अब बाँकी अरु काम प्रक्रियागत रुपमा अगाडि बढ्ने प्रमुख मण्डलले स्पष्ट पारे। बिलमा भएको रकम भन्दा बढी पैसा लिन नपाइने र कतै विद्युतका कर्मचारीहरुले बढी रकम असुलेको भए त्यो के रहेछ, त्यस विषयमा आफूले तत्काल बुझ्ने उनले बताए। रुन्टीगढी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष जनक पुनले पालिका भित्रका गाउँ बस्तीमा पोलहरु पुगिसकेका ठाउँमा ६ महिना भित्रमा बिद्युत सुचारु हुने बताए। उनले पोल नपुगेका ठाउँमा भने १ देखि डेढ वर्षको बीचमा सबै ठाउँमा पोलहरु पुऱ्याई विद्युत जडानका कामहरु सकिने र ढिलोमा २ वर्षमा बिजुली पुग्ने गरी काम अगाडि बढाउने जानकारी दिए। विद्युत जडान सम्पन्न भएका ठाउँहरुमा जनताहरुले माग गरे अनुसारको मिटर बक्स अबको १५/२० दिनभित्रमा सबैलाई उलब्ध गराइने र बिल भन्दा बढी रकम लिन नपाइने भएकाले त्यो विषयमा आफूले बुझेर अगाडि बढ्ने उनको भनाइ छ।

तरकारी तथा धान खेती गर्दा लाग्ने रोगकिरा नियन्त्रणको लागि रासायनिक विषादीको अलावा जैविक तथा वनस्पतिक विषादी प्रयोगमा जोड दिउँ। तरकारी तथा धानवाली खेती सम्बन्धि परामर्शको लागि जुनसुकै समयमा पनि सम्पर्क गर्न सक्नु हुनेछ।

**सम्पर्क नं. ९८५७८३६९२०**

नेपाल सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

**परियोजना कार्यान्वयन इकाई**

प्यूठान

अन्तराष्ट्रिय

# युक्रेनद्वारा युद्धविराम अस्वीकार, सुडानमा खाद्य संकट




प्राणमञ्च डेस्क, काठमाण्डौं

सुडानका नागरिकले चरम खाद्यसंकट भो ग्नुपरिरहेको बताइएको छ। यहाँका अधिकारीहरूले दिएको पछिल्लो जानकारीअनुसार यहाँका नागरिकले इतिहासमै सबैभन्दा ठूलो खाद्यसंकट व्यहोर्नुपरेको अवस्थाबारे बताएका छन् । यहाँका केही विज्ञहरले पछिल्लो समयमा सार्वजनिक गरेको तथ्यांकमा सुडानका करिब एक करोड ८० नागरिकले खाद्यसंकटको समस्या भोग्नुपरिरहेको छ। सुडानको खाद्य क्षेत्रका अधिकारीहरूका अनुसार यहाँको चार करोड पाँच लाख जनसंख्यामध्ये एक करोड ८० लाख नागरिकले नै खाद्यान्नको समस्या भ्केल्नुपरिरहेको छ । यहाँ खाद्यान्नको संकट हुनुमा रुस र युक्रेनका बीचको द्वन्द्व पनि रहेको छ । साथै यहाँका नागरिकमा आन्तरिक द्वन्द्व र आर्थिक अवस्था पनि जोडिएको छ । त्यसैगरी कृषि उत्पादनमा हुन पुगेको ह्रासले पनि यो अवस्था आएको अधिकारीहरूले जनाएका छन् । युक्रेन र रुसबाट सुडानमा खाद्यान्न आपूर्ति हुने गरेकामा अहिले त्यस्तो अवस्था नरहेकाले पनि संकट आइपरेको अधिकारीहरूको भनाइ रहेको छ । डोनबास क्षेत्रमा भीषण संघर्ष जारी भए पनि युक्रेनले युद्धविरामलाई अस्वीकार गरेको छ। रूसले पूर्वी डोनबास क्षेत्रमा व्यापक आक्रमण गरिरहेका वेला युक्रेनले युद्धविराम वा मस्कोलाई सहुलियत दिन अस्वीकार गरेको हो।

रणनीतिक दक्षिणपूर्वी सहर मारिउपोलमा अन्तिम युक्रेनी लडाकुहरूले प्रतिरोध समाप्त गरेपछि रूसले डोनबासका दुई प्रान्तमध्येको एक लुहान्स्कमा भीषण आक्रमण गरिरहेको छ। रूसी-समर्थित पृथकतावादीहरूले फेब्रुअरी २४ मा आक्रमण गर्नुअघि लुहान्स्क र छिमेकी डोनेट्स्क प्रान्तको ठूलो भूभाग नियन्त्रण गरिसकेका भए पनि मस्कोले युक्रेनको नियन्त्रणमा रहेको डोनबास कब्जा गर्न चाहेको छ। रूसी सेनाले स्लोभ्यान्स्क र सिभिएरोडोनेत्स्क सहरहरूमा आक्रमण गर्ने प्रयास गरिरहेको, तर युक्रेनी सेनाले उनीहरूको दुष्प्रयासलाई असफल पारेको जानकारी दिँदै युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले डो नबासको अवस्था अत्यन्तै कठिन भएको बताएका छन्। राष्ट्रपति जेलेन्स्कीका सल्लाहकार मिखाइलो पोडो ल्याकले युद्धविराममा सहमत हुन अस्वीकार गर्दै किभले मस्कोसँगको कुनै पनि सम्झौता स्वीकार नगर्ने स्पष्ट गरेका छन्। युद्ध नरोकिने बताउँदै उनले त्यसो गर्दा मस्कोले नयाँ आक्रमण गर्ने तथा भारी मात्रामा रक्तपात हुने युक्रेनका प्रमुख वार्ताकार पोडोल्याकले कडा सुरक्षामा राखिएको राष्ट्रपति कार्यालयमा भएको अन्तर्वार्तामा रोयटर्सलाई बताए।

यसैबीच, अमेरिकी रक्षामन्त्री लोयड अस्टिन र इटालीका प्रधानमन्त्री मारियो ड्राघीबाट तत्काल युद्धविरामका लागि आह्वान गरेका छन्। रासस/रोयटर्स

# सर्जकको सिर्जना

# आत्मसमिक्षा गरौँ

कविता



बिपि बिद्रोही

उनिहरुको देश मिल्दैन
ईश्वर मिल्दैन,भाषा मिल्दैन,जात मिल्दैन
रुप रङ्ग आकार प्रकार मिल्दैन, खानपिन
आहार बिहार मिल्दैन, व्यापार मिल्दैन
एउटा पुँजीवाद पृथ्वीको उत्तरि गोलार्धमा
बस्छ
अर्को पुँजीवाद पृथ्वीको दक्षिणी गोलार्धमा
बस्छ
तर तपाई र मलाई दबाउन
बहुदेशिय पुँजीवाद एउटै झण्डा बोकेर
आउँछ, दमनको

कतै कालो छ कतै गोरो छ, कतै रातो छ
कतै पहेँलो छ
तर तपाई र मेरो गाला रंग्याउन
एउटै रङ्गको बनेर आउँछ, बहुरङ्गी
पुँजीवाद

कोहि अङ्गेजी बोल्छ, कोहि फारसी बोल्छ
कोहि हिन्दी बोल्छ, कोहि अरबी बोल्छ
तर तपाई र मलाई थर्काउनु पर्दा
एउटै भाषा बोल्छ पुँजीवाद
धम्किको

अल्लाह पुज्छ, शिव पुज्छ, येसु पुज्छ
अनेकथरी देउता पुज्छ, तपाई र मलाई
शासन गर्न
एउटै धर्म पुज्छ
अपराधको

हरियोलाई सेतो चस्मा लगाएर हेर्छ
सेतोलाई रातो चस्मा लगाएर हेर्छ
अनेकथरी आकृतिलाई अनेकथरी चस्माले हेर्छ
तर तपाई र मलाई हेर्दा, एउटै चस्माले हेर्छ शोषणको

सयथरी भाषा बोल्ने पुँजीवाद
सय थरी झण्डा बोक्ने पुँजीवाद
तपाई र मसँग लडन, एउटै बनेर आउँछ भने
तपाई र म एउटै विचार बोकेर, एउटै झण्डा बोकेर
एउटै उदेश्य बोकेर हिडेका कमरेडहरु
किन नमिल्ने ?

आउनुहोस् कमरेड, आत्मसमिक्षा गरौं
कस्ले के छोड्नुपर्छ छोडौँ
तर क्रान्ति नछोडौँ,आन्दोलन नछोडौं
पुँजीवादलाई सहि तरिकाले चिनौं
एक ढिक्का भएर लडौं !

बहुरुपी पुँजीवादको विरुद्ध
संसारभरका कम्युनिस्टहरु एकाकार हुनुपर्ने बेला
हामी एउटै घरभित्र चारतिर फर्कनु हुन्न
आउनुहोस् कमरेड आत्मसमिक्षा गरौं
लडौं जितौं ।

# समानता कहिले आउने ?



देबेन्द्रकुमार रिजाल

जीवन जगतको वास्तविक ज्ञान त वैज्ञानिकलाई होला । विज्ञानका चमत्कारले कतिलाई अन्तरिक्षमा पुऱ्याएका छन् भने कतिलाई नर्कमा पुऱ्याएका छन् । विभिन्न धर्म दर्शनका ग्रन्थमा पनि राजा महाराजा र हुने खानेका बखान त पाइन्छन्, तर तिनका सुरक्षा गार्डदेखि लिएर हरेक कर्ममा सघाउने सच्चा कर तिरेर राष्ट्र सञ्चालनमा टेवा पुऱ्यानेको चर्चा कतै पाइदैन् । धर्ती साझा घर हो र यो संसारमा जे जति जीवजन्तु र तिनका प्रजाति छन् ती एउटै मूलबाट आएको सत्य त कतै देख्न पाइँदैन् । विकासका नाममा अनेक कालखण्डमा हत्याहिंसा र आतंकले कति सिद्धयायो कति ? आदिकालदेखि वर्तमान सम्मका अनेक बानाका इतिहासमा नामका क्रान्ति त कति भए कति ? तर वास्तवमा समानताविनाको त रहेछ मात्र क्रान्ति । आदिम साम्यवादी युगका कल्पनाका रचना त कतै सुनियो कतै पढियो तर वास्तवमा साम्यवादको मूल यन्त्र त बुझ्नै सकिएन । संसारमा चर्चा गरिने नामका वादका कथन भनौं कि दर्शन भनौं त धेरै छन्, तर व्यवहारमा मनोविज्ञानवाट हेर्दा त स्वार्थवाद भन्दा केही रहेनछन् । प्रगतिवाद त मानवले खोज अनुसन्धान गर्दै भौतिकवादको रटानमा वस्तुको प्रधानतालाई मान्यो तर चेतनतत्वको सारलाई बुझ्न नसकेर होकि क्रान्तिको भाकामा भ्रान्ति छर्ने र आफू जसरी भएपनि महाराजा बन्ने स्वभावमा परिवर्तन कहिल्यै भएन् । प्राकृतिक रुपलाई फेर्न कृतिमताको साम्राज्य त चल्छ नै त्यही नाममा मानवले गर्ने कार्य रोवटले गर्ने भयो । अणुबम, परमाणु बम, इलक्ट्रोन, न्यूट्रन आदि जे प्रयोग गरेर हुन्छ अरुलाई मार्ने र आफू अजम्बरी हुने युग हो रे, चमत्कारको कलियुग ।

भन्न त जुन नाममा भएपनि 'विश्वका मजदुर एक हौं' भनियो तर व्यवहारमा जसरी पनि पुँजी कमाएर आफू सम्राट बन्ने चाहना कहिल्यै फेरिएन् । सधैं पुँजीपतिले शोषण गरिरहँदा मजदुरपनि संगठित भएर एकताबद्ध हुन्छन् र पुँजीपतिसँग संघर्ष गरेर पुँजीपतिलाई परास्त गरी श्रमजीविहरुको राज्य हुन्छ भन्ने मिठो कल्पना भए । तर व्यवहारमा त विज्ञानका चमत्कारको काराणले हजारौं श्रमिकले गर्ने काम एउटा यन्त्र भनौं मेसिनले गर्ने भएपछि मजदुर किन चाहियो ? त्यसैले विकासको नाममा विनास गर्न पहिलो , दोस्रो विश्वयुद्ध जे भने पनि करोडौं मानलाई मारेर मुट्ठीभरको पकडमा राज्य चलाउन सुरु गरियो हाम्रै देशको इतिहासका अनेक कालखण्डमा जे जस्ता काण्ड भनौं विद्रोह भए तिनबाट उनै टाठाबाठा हुने खानेका शान त बदे तर श्रमजीविको अपमान भन्दा त केही भएको जस्तो लाग्दैन् । जतिजति सालका परिवर्तनका नाटक हेरेपनि वास्तवमा जनताले भोग्ने

त पीडा नै रहेछ। अहिले सात सय एकसट्ठी सरकार छन् । सरकारका नायक त जनप्रतिनिधि हुन् । भन्न त समाजसेवाका निम्ति आएका धक्कु पिट्छन् तर व्यवहारमा सत्ताको गरिमा र भत्ताको शानमा अरबौंका गाडी चढ्छन् । यही हो समाजवाद र साम्यवादको सार ? अझ क्विन्टलका माला लगाएर ठूलाठूला टेवुल कुर्सीमा उभिनुहुन्छ र म भन्दा अर्को कोही छैन् ठूलो मान्छे भन्नुहुन्छ । यही हो रहेछ समानतावादको धक्कु, अज्ञानी यो कलमले बुझ्नै सकेन। कुनै बेला रुस र चिनको सहयोगमा बनेका सरकारी उद्योगलाई निजीकरण गरेर बेचिन्छ भने त्यहाँका जनताले आफ्नै देशमा के पाउँछन् ?

हाम्रो आत्माकथा भनौं कि जीवन कथा अनौठो बनेको छ, किन ? आफ्नै चेतनशीलताको कमीले त होला । हामीलाई सियोपनि विदेशबाट ल्याउनुपर्छ तर अरबौंका गाडी चढ्न पर्ने नेता जन्माउँछौं भने, जनताले बगाएको पसिनाको फल त उतै जान्छ जहाँबाट गाडी आउछन्। कृषि प्रधान देश भन्छौं तर हाम्रो फलफूल खाद्यान्नदेखि लिएर सबै वस्तु विदेशबाट ल्याउँछौं भने हाम्रो पसिना कहाँ पुग्छ ? आफै स्पष्ट हुन्छ। जमिन कसको ? जोत्नको, घर कसको ? पोत्नेको, जस्ता नारा त लगाइए तर वास्तवमा समाजवादी अवधारणाका आधारमा जग्गा जमिनको राष्ट्रियकरण गरेर कम्युन पद्धतिबाट गरी खाने अवस्था आउला यस संसारमा ? एउटै कथा मात्र हो । खेती योग्य भूमि प्लटिङ गर्ने विकसित नामका देशमा नीति छैन भन्ने कुरा पत्रपत्रिका पढेर वा भनौं रेडियो सुनेर थाहा पाइयो। तर हाम्रो देशमा खेतीयोग्य भूमि प्लटिङ गरेर भूमाफिया अरबपति भएका छन् । बाल्यकालिन अवस्थामा देखेका सार्वजनिक जग्गाहरु व्यक्तिका भएका देखिन्छन् । वस्तीमा ल्याएर भनौं, खेतीयोग्य भूमिमा विदेशी भनौं कि, स्वदेशी भनौं मालिकका कारखाना किन बनेका छन् ? हेरौं न , योग्यता, दक्षता र क्षमताको आधारमा काम गर्ने समानता र न्यायलाई आधार बनाएर व्यवहार गर्ने जनप्रतिनिधि भन्दापनि दलगत, गुटगत, फुटगत, भुटगतका आधारमा चयन हुन्छन् र जनताले तिरेको करबाट भत्ता खाने व्यवस्था छ । अमेरिकालाई साम्राज्यवादको नायक भनियो, त्यस्तै पढियो तर व्यवहारमा त हाम्रो मालिक रहेछ र उतैका थरीथरी नीति यहाँ आउँदा रहेछन् । प्रगतिवादका पक्षधर भन्नेहरुले पनि वर्गीय विचार छाडी जातिवादी मुद्धा ल्याएर अनौठो तरीकाले वर्तमान चलाएको अवस्था हेर्दा त लाग्छ नेपालमा जातिय द्धन्द्ध सिर्जना गरी अन्तर्राष्ट्रिय नामका सेना ल्याउने र सारमा उत्तरको हाम्रो छिमेकीलाई हान्ने तयारी जस्तो लाग्छ । अहिले अमेरिकासँग सामरिक आर्थिक हर हिसाबले लड्न सक्ने चिनलाई कमजोर पार्न चिनको इर्ष्या गर्नेहरु सबै मिलेर कमजोर पार्ने उपायको रुपमा हाम्रा नामका वामपन्थीहरुलाई जातिवादी बनाएको आभाष हुन्छ। साम्यवादी विचारको आधार त विश्वलाई साझाभर मानेर मानिस सबै समान हौं, समानता र न्याय नै हाम्रो जीवन दर्शन हो, प्रकृतिका सन्तान हामी सबै मिलेर प्रकृतिको उपयोग पनि समताको आधारमा गर्ने हो र प्रकृतिको संरक्षण पनि गर्ने नीति हो । अझ एउटा महादेशमा समाजवाद आएपछि अर्को महादेशमा पनि समाजवाद आउछ र हामी साम्यवादमा जान्छौं भन्ने हो । साम्यावादमा प्रकृतिको उच्चतम् उपयोग हुन्छ, उच्चतम् उत्पादन हुन्छ र हामी सबैले आफ्नो क्षमता अनुसार मिलेर काम गर्छौं अनि आवश्यकता अनुसार उपभोग गर्न पाउने उच्चतम् सुखको अवस्था साम्यावाद हो भन्नेले पनि छिमेकी भारको उत्तर प्रदेश भन्दा झण्डै आधा सानो देश नेपालमा चौधवटा प्रदेश बनाउने सपना थियो । तैपनि सात त बनाइयो नै त्योपनि जातिपातिको उपयोग गरेर । त्यसैले कताकता वर्तमानलाई हेर्दा त लाग्छ भनाई एउटा गराइ अर्को भएपछि सच्च परिवर्तन कहिले होला र ? अमेरिकाको राष्ट्रपति बाराक ओबामा राष्ट्रपतिको

कार्य अवधि सकिएपछि सन्तानको हेरचाह गर्न भनौं खर्च जुटाउन काम गर्न गएको सुनियो, रेडियोबाट भएपनि । तर हाम्रो देशमा त जनप्रतिनिधिलाई सुरक्षा गार्ड चाहिन्छ। एक पटक मन्त्री भएपछि सधैं सुरक्षा गार्ड चाहिन्छ। उच्च पदमा पुगेमा विकसित देशमा पुग्ने उपचारका नाममा जनताले तिरेको करबाट करोडौं भने पनि अरबौं भने खर्च गर्न पछि नपर्ने त्यहाँ पुगेर । तर हाम्रा वीर अस्पताल, टिचिङ अस्पताल जस्ता अस्पताललाई आधुनिक प्रविधि युक्त र आम जनताले उपचार पाउन सक्ने बनाउने कहिले ? विदेशी अस्पतालमा पुगेर पक्का बाँचिरहने भए त्यहाँका मासिनले हाम्रा समक्ष प्रतिभालाई यो वा त्यो नाममा त्यहाँ पुऱ्याउँछ र ? यस्तै छ हाम्रो सामन्तवादी संस्कारको मूल विशेषता त्यसैले हाम्रो समानताको भावलाई आगो लगाएको छ । कुनैबेला जे जस्तो अवस्था भएपनि विदेशी ऋणको भारी पनि थिएन, यसो भनौं, तिरोको मात्रा पनि त्यती थिएन । अहिले त जनताले तिर्ने करको मात्रा कति बढ्यो कति ? अपराधिले सजाय पाउने जमाना पनि हरायो । आज जन्मने बच्चाको काँधमा विदेशी ऋणको भारीझण्डै त्रिसठ्ठी हजार छ। चुरे पहाडदेखि नदीनाला सबैतिर दोहन कति भएको छ कति ? वन जंगल ध्वस्त गर्नेदेखि लिएर नदीनालाको दोहनले वातावरण नै ध्वस्त भएको छ । वैज्ञानिक शिक्षा नीति बनाएर जल, जमिन, जंगलको उचित उपयोग गर्ने, कृषिलाई आधुनिकीकरण गर्ने र युवालाई यहिँ रोजगार दिने हो भने प्राकृतिक रुपमा हामी गरिब छैनौं र आत्मनिर्भर भएर रहन सक्छौं । तर हाम्रा ७ सय एकसट्ठी सरकारमा स्वाबलम्बनका नीति बनाउने सरकार कहिले बन्छन् ? हामी यहि आशा वा निराशामा तड्पिरहेका छौं। उच्च परिवर्तनका लागि त आफू फेरिनुपर्छ। संसार फेर्न चाहनेले पहिले आफू फेरिनुपर्छ र काम, क्रोध, लोभ, मोह, पद, मात्संर्य त्यागे मानव जाति हामी सबै समान बन्नुपर्छ। न्याय, समानता र मानवतालाई समान मानेर तेरो, मेरो होइन, हाम्रो मान्ने हो । सत् मार्गमा लागेर समान व्यवहार गरेमात्र सच्चा परिवर्तन हुन्छ भन्ने यो लेखनीलाई लागिरहेको छ । अन्यथा मनोविज्ञानको आधारमा इद, इगो सुपर इगो, घृणावृत्ति र परपीडन रहिरहने हो भने समानताको सच्चा परिवर्तन आउने कहिले ? यही तीतो सत्यमात्र रहनेछ ।


**स्वास्थ्यप्रेमी महानुभावहरुमा हाम्रो अनुरोध**

**भरपर्दो गुणस्तरिय स्वास्थ्य सेवाको लागि स्वास्थ्य बिमा गरि कम शुल्कमा जटिल रोगहरुको सुलभ उपचार लिन सकिन्छ। कोभिड खोप लिन छुटेका व्यक्तिहरुले नजिकको वडामा संपर्क गरि कोभिड लगायत अन्य नियमित खोपहरुको अभियानमा लामबद्ध हुनुपर्छ। स्वास्थ्य कार्यालय तथा जिल्ला असपतालबाट प्रदान गरिने निशुल्क उपचार तथा औषधिको लाभ लिन कोहि पनि नछुटौं। नियमित रुपमा गर्भ जचाउने काम गरि बर्थिङ सेन्टर वा जिल्ला असपतालबाट मात्र प्रसुति गराउने गरौं र शिशु तथा मातृ मृत्युदर शुन्यमा पुऱ्याउने अभियानमा सबै जिल्लाबासिहरु एकजुट बनौं। सबैले बुझौं, स्वास्थ्य नै सबैभन्दा ठुलो धन हो।**

**गुल्मी जिल्ला अस्पताल परिवार तम्घास गुल्मी**


❖❖❖

# मातृ चित्कारको बोध र संघर्ष



पदम प्रसाद पोखेल

इतिहासदेखि हामी नेपालीको विश्व मानचित्रमा बहादुरिताको प्रतिक विराजमान छ । चाहे विश्वमा चलेका कैयौं युद्ध मोर्चामा वीर गोर्खालीहरुले कुसलतापूर्वक देखाएको फौजि सफलता होस् वा स्वाभिमान र स्वाधिनताको विरुद्धमा बोल्ने कुनै पनि दुस्मनको विरुद्ध लडेको इतिहास होस्, कहि पनि वीर गोर्खाली झुकेको पाइँदैन । तत्कालीन इस्ट इण्डिया कम्पनी (ब्रीटिस साम्राज्यवाद) ले सिङ्गो भारतमा एक छत्र शासन गर्दा पनि हाम्रो सानो मुलुक ती दासहरुको हिंस्रक नङग्राहरुबाट बच्दै विश्व मानचित्रमा गुलामरहित रहनु चानचुने बिषय थिएन । त्यतिबेला नेपाल आमाका महान् सपुतहरु भिमसेन, वीर बलभद्र, अमरसिंह थापा लगाएतका साहसिक व्यक्तित्वहरुको महत्वपूर्ण योगदानले हाम्रो देशलाई सार्वभौम सत्ता सम्पन्न बनाउन सफल भयो । ती अमर योद्धाहरुले त्यतिबेलाको समयमा मातृ भुमिको रक्षार्थ वीरतापूर्वक हाँसी हाँसी रगत पोख्न तयार नभएको भए वीरहरुको देश, सगरमाथाको देश, बुद्धको देश भनेर हामीले गर्व गर्न सायदै पाउँथ्यौं होला । युगौं युगदेखि भएका नेपालहित विश्वका हरेक कुना कन्दरा र बस्तीहरुमा चलेका हजारौं आन्दोलनका आँदी बेहरीहरुमा विशेस गरी नौजवान युवाहरुले नै उच्चतम् त्याग, तपस्या र बलिदानीका किर्तीमान रचेको इतिहास जगजाहेर छ । नेपालको सन्दर्भमा पनि २००७ सालदेखि १० बर्षे महान् जनयुद्ध हँदै २०६२/०६३ को जनआन्दोलन सम्मको हरेक परिवर्तनकारी संघर्षमा युवाहरुकै उल्लेखनिय योगदान रहेको कहि कतै लुकेको छैन । तर नालायक व्यवस्था र त्यसका स्वघोषित शासकले गरेका राष्ट्रघाती श्रृङखलाहरुले हिजो संसार जितेर आजको समयमा फेरी संसारभर निरिहको “ट्याग” भिर्नुपरेको छ । यस्तो दुखद स्थितिको सिर्जना हुनुमा हरेक कालखण्डका शासकहरुद्वारा गरिएको गद्दारी नै प्रमुख कारण हो । यस आलेखमा देशको बुर्जवा शिक्षा पद्धतीले नेपाली यूवा बिद्यार्थीहरुको मन भित्ररुपमा राज गरेको पलाएनता, निरासा, हिनताबोध आदिलाई सामान्य चर्चा गर्न खोजिएको छ।

> मालेमावादको आलोकमा गठित कुनैपनि राजनीतीक पार्टीले अधिकारको पहुँचबाट कटेका जनता र देशको राष्ट्रिय स्वाधिनताको पक्षमा आन्दोलन गर्नु र संघर्षलाई विजय नगर्दासम्म निरन्तर लडिरहनु अनिवार्य हुन्छ र उक्त आन्दोलनको आँधिवेरीलाई नेतृत्व प्रदान गर्ने नेता तथा कार्यकर्ताहरु निडर, दृढ आत्मविस्वास र देशभक्त भावले भरि पूर्ण हुनुपर्छ र आन्दोलन विजयको शिखरमा नचुँम्दासम्म यो वा त्यो बहानामा बिचमा रोकेर क्रान्तिलाई अलपत्र पार्नु हुँदैन

माओले भन्नुभएको छ कि “यो संसार हामी सबैको हो र विशेस गरी तपाई यूवाहरुको हो ।” भनिन्छ , यूवा भनेको रातो र तातो रगत भएको

शक्ति हो, देशको मेरुदण्ड हो, यूगको निर्माता हो, जोसँग संसार बदल्ने तागत हुन्छ । यूवा नै संसारको सबैभन्दा शक्तिशाली हतियार हो, यूवा इतिहासको निर्माता हो, त्यसमा पनि नेपाली यूवा जस्को मगजमा हार र अपमान भन्ने शब्द नै हुदैन । त्यसैले हो, क्रुर तानाशाहिहरु पनि गोर्खालीको नाम लिने बित्तीकै उनको सातो पुत्लो उडेको । हालसम्म नेपालमा भएका सबैखाले परिवर्तनकारी आन्दोलनमा यूवाहरुकै कुसल नेतृत्व र उच्चतम् बलिदानी भएको छ। विश्वभरि नेपालीको पहिचान पनि हार्न नजानेकै हो । मुलुकमा भएका सबै संघर्षहरुमा नेपाली यूवाहरुको तातो र तातो रगत पोखिएको भएपनि त्यो आन्दोलनलाई दमन गर्न देशी विदेशी प्रतिक्रियावादीहरुको अत्याधिक ठुलो घुसपैठ र षड्यन्त्र हुने र त्यस्तोखाले षड्यन्त्र र प्रलोभनलाई दृढतापूर्वक सामना गर्नुको साटो उनीहरुको छत्र छायाँबाट प्रभावित भई विजयको शिखरमा पुग्नै आटेको आन्दोलन र संघर्षलाई निर्लज्ज ढंगले सम्झौतावादमा टुङ्ग्याउने र तत्कालिन आन्दोलनका नायकहरु नै खलनायकमा पतित हुने तितो यथार्थ रह्यो । अझ यसो भनौं, विदेशी साम्राज्जयवादीहरुको डलर र भारुमा बिक्दै नेपालको आमुल परिवर्तनसँग जोडिएको क्रान्तिकारी आन्दोलनलाई नै बेच्ने प्रतिगामी कदमकका कारण आन्दोलनबाट प्राप्त उपलब्धिहरुको पनि रक्षा भएन । जस्ले गर्दा आम नेपाली यूवा वर्गमा ठुलो निरासा र अकर्मन्यताले पलाएनताको स्थिती सिर्जना भयो। तथाकथित दलका जनविरोधी  शासकहरुले मुलुक र जनताप्रति गरेको गैरजिम्मेवारी हर्कतका कारण नेपाल आज विश्व मानचित्रमा पराजितहरुको देश, विश्वका सबैभन्दा सस्ता मजदुरहरु उत्पादन गर्ने देश, बेश्याहरुको देश, आत्मसमर्पणवादी लम्पसाहरुको देश, अधिकारविहिन नागरिकको देश, संसारका सबैभन्दा भ्रस्ट्राचारी, कमिसनखोर, माफिया र इन्डियाका बफादार नोकरहरुको देश भन्दै विश्वभर नेपाल आमा र नेपालीको बद्नाम भइरहेको दुखद स्थिती छ । यसको मुल कारण भनेको तत्कालीन आन्दोलनका तथाकथित नेतृत्वका षड्यन्त्रपूर्ण गद्दारिपनलाई आम नेपाली जनताले सचेततापूर्वक छुट्याउन नसक्नु र यदि ढिलो चाँडो गरी छुट्याइएको भएपनि त्यसको विरुद्धमा प्रतिकार गर्दै त्यो पंक्तिबाट सचेततापूर्वक विद्रोह गर्न नसक्नु नै हो ।

कुनै पनि देशको नागरिक कस्तो बनाउने र समयानुकुल नागरिकको शिक्षा, स्वास्थ्य, रोजगार आदी कस्तो बनाउने भन्ने दायित्व राज्यको हुन्छ र ति सबै विषयले आम नागरिकलाई कस्तो चेतना प्रवाह गर्छ भन्ने कुरा मुख्य रहन्छ । जब कुनै पनि देशका नागरिक मानव न्याय र मुक्तिको सभ्यताबाट प्रशिक्षित हुँदै देशको माटो सुहाउदो शैक्षिक चेतनताले भरिपूर्ण हुन्छन् र त्यो प्रकारको शिक्षा आर्जन गर्छन्, त्यो देश स्वाधिन हुन्छ, सभ्य हुन्छ, आत्म निर्भर हुन्छ, हरेक काममा विजय प्राप्त गर्दै अन्य सबै विषयले सम्पन्नशाली बन्छ । त्यो चाहे मानव सभ्यताको जननी यूरोप होस्, एसिया होस् वा अमेरिका अथवा विश्वका अरु विकसित देशहरु नै हुन् । ति सबै देशका नागरिकले तत्कालीन सत्ताले देशको हित अनुकुल काम गरेको छ वा छैन, वर्तमान राज्य सत्ताले नागरिकहरुको असलि प्रतिनिधित्व गर्दै देशको रास्ट्रिय स्वाधिनता र सार्वभौमिकतालाई कायम राख्न सकेको छ वा छैन भन्ने विषयमा ज्ञात छन् र आवश्यकता अनुरुप जनघात र रास्ट्रघात एवं जनबिरोधी कार्य गर्ने शासकको विरुद्ध तत्काल विद्रोह गर्छन् । जस्तो सुकै तानाशाहहरु सत्तामा विराजमान भएपनि सत्ताको कुर्सिबाट गरल्याम गुर्लम्म पल्टाइदिन्छन् र दोष अनुरुपको कडा भन्दा कडा दण्ड सजाय दिलाउछन् । नेपालको सन्दर्भमा यी सबै विषयहरु उल्टो

दिशााबाट अगाडी बडिरहेका छन् । माथि उल्लेख गरिएको सबै विषयको सवाल आम नागरिकले ग्रहण गर्ने शिक्षासँग संम्बन्धित हुन्छ, शिक्षाले प्रवाह गर्ने चेतनासँग हुन्छ । देशको मेरुदण्ड भनेकै शिक्षा हो । नेपालको शिक्षा पद्धती त “कागलाई बेल पाक्यो हर्ष न विस्मात” जस्तै छ । जनविरोधी दलाल राज्य सत्ताद्वारा जानि-जानिकन शिक्षालाई अव्यवहारिक, अवैज्ञानिक र नकामसिद्ध बनाइएको छ। तत्कालीन ब्रिटीस साम्राज्वादले भारतमा आफ्नो उपनिवेशलाई पूर्ण सहयोग गर्ने उदेश्यले तयार गरिएको शिक्षालाई नेपालमा लागु गरिएको छ। हाल पठन पाठन हुने नेपालको वुर्जवा शिक्षा पद्धतीले भारतको एक छत्र रुपमा चलेको औपनिवेशिक साम्राज्यवादलाई कतैबाट पनि विरोध नगर्ने खालको छ। नेपाली नौ जवान यूवा विद्यार्थीहरुलाई शिक्षामै अप्रत्यासित ढंगले पराजित गरिएको छ । नेपालको शिक्षा देशको माटो अनुकुलको नहुँदा नै आज हामी संसारभरि पराजित अनुहार देखाउन विवस छौँ र डिग्री वा पिएचडी गरेकै भएपनि संसारमा सस्तो श्रममा मजदुरको रुपमा बिक्न विवस छौँ । देशभित्र रोजगारीको कुनै अवसर छैन । नेपालका तथाकथित भारतको हितमा काम गर्ने शासकहरु आफ्नो लुटको स्वर्ग मच्याउन सहयोग गरिरहेको यो प्रकारको वुर्जवा शिक्षालाई चिरकालसम्म कायम राख्न चाहान्छन्, कथित शिक्षाको नाममा नेपाली यूवाहरुलाई करिब ४ दशकसम्म स्कुल क्याम्पस र विश्वविद्यालयहरुमा अल्मल्याउने र अन्तत विदेशीको  गुलाम बन्नका लागि योग्य बनाउने र देशमा सधैभरी अस्थिरता लम्व्याउदै अन्तनः सिक्किमीकरको बाटो हुँदै नेपाललाई भारतको एक प्रान्त बनाउन चाहान्छन् । शिक्षा पद्धती, त्यसको पठन्पाठन शैली र त्यसले आम बिद्यार्थी वर्गलाई दिने चेतनाको प्रभावले सम्बन्धित मुलुकको भबिष्य निर्धारण हुन्छ । शिक्षा पद्धतीसँग मुलुकको निति निर्माण लगाएत महत्वपूर्ण विषय जोडिएको हुन्छ। योजनाबद्ध ढंगले शिक्षा, स्वास्थ्य, यातायात, व्यापार, कल कारखाना आदिमा खुल्याएम निजीकरण र व्यापारिकण गराएर राज्कोषको ढुकुटी थोत्रो बनाउने र निजिकरणलाई दिइएको राजनैतिक संरक्षणबाट प्राप्त भएको अकुत सम्पत्तीमा दलका कथित नेता नामका एजेण्टहरुले ती क्षेत्रबाट खरबौं कमिसन कुम्ल्याउने अनि व्यक्तिगत सम्पत्ति थोपर्नेबाहेक आजसम्म दलाल संसदीय व्यवस्थामा अरु केहि हुन नसकेको स्थिती छ । नेपालको सन्दर्भमा शिक्षा प्रणाली र त्यसमा हुनुपर्ने अनुसासनको सामान्य भन्दा सामान्य सिकाई र प्रयोग भएको छैन । आज हरेक क्याम्पस र विश्वविद्यालयहरु शैक्षिक बेरोजगारीहरु उत्पादन गर्ने फ्याक्ट्रीमा रुपान्तरण भएका छन् । कुनै पनि शिक्षण संस्थामा अध्ययन गर्ने अधिकांस विद्यार्थी चरम अराजकताको शिकार बन्दै होटल र रेस्टँरामा गाजा, चुरोट र ह्विस्की लिँदै कैयौँ अपराधिक कार्यहरुमा सरिक हुने कुरा सामान्य जस्तै छ । लाखौँ यूवा विद्यार्थीहरु देशको राष्ट्रिय राजनीति, स्वाधिनता र सार्वभौमिकताको विषयमा पूरै बेखबर छन् । विद्यार्थी मात्र होइन, कैयौँ बुद्धिजिवि वर्ग, नौजवान युवासहित तथाकथित संसदीय राजनितीक दलका कार्यकर्ताहरु सम्म हेर्दा यो प्रथा वा व्यवस्थाप्रति अविश्वास, बितृष्णा, नैराश्यता, पलाएनता र अकर्मन्यताबाहेक अरु देख्न सकिदैन । गठबन्धनको डम्फु बजाउने वर्तमान जनविरोधि कर बृद्धि र महंगीवाला सरकारले जसरी हुन्छ स्वतन्त्रताको उत्कट चाहाना राख्ने स्वाभिमानी आम जनतालाई पूर्णतया निस्तेज पार्न उद्दत छ । क्रान्तिकारी आन्दोलनलाई विभिन्न वहानामा निषेध गर्दै दलालहरुले आफै निर्माण गरेको संबिधान

प्रदत्त अधिकारहरुको ठाडो उल्लंघन गरेको छ र मुलुकलाई जबरजस्त रुपमा यूद्धमा धकेलेको छ । कुनै पनि नागरिकले कुनै पनि माध्ययमबाट आफ्नो अधिकारको माग गर्दछ भने राज्य पक्षले त्यसको माग सम्बोधन गर्नुपर्दछ । यसले के प्रष्ट हून्छ भने जनविरोधि दलाल संसदीय व्यवस्था स्वंम दलालहरुबाट नै संचालित हुन्छ र संरक्षण पनि महाभ्रस्ट्र र दलालहरुकै गर्दछ । यी माफियाहरुले उपेक्षित उत्पीडित जनतको पक्षमा कहिल्यै पनि काम गर्दैन । स्थानिय तहदेखि केन्द्र तहसम्म सबै ठाउँमा एनजिओ र आईएनजिओले एकछत्र रुपमा आफ्ना कार्यक्रमहरु लागु गरेको छ । जनतामारा जनप्रतिनिधीहरु त साम्राज्यवादी दलालका एजेण्टहरुले कसैले, आज राति म तिम्रो छोरि र श्रीमतीसँग बस्छु है' भन्ने प्रस्ताव गरेपनि हुन्छ भन्दै तालि बजार्छन् । उनीहरु आइएननिआको भत्तामा लुछाचुँडी गर्न व्यस्त छन् । नेपालमा एनसेलले करिब १ खरब कर तिर्दैन, २२ अरब घोटाला गर्ने गोपाल खड्का, २ अरब भन्दा बढि भ्रस्ट्राचार गरेका चुडामणी, लोकमान आदि महाभ्रस्ट्रहरुलाई सर्वोच्च अदालतले सुनपानी छर्केर चोखो बनाउछ । सारमा नेपालको व्यबस्थापिका, कार्यपालिका, न्यायपालिका लगाएत कुनैपनि निकाय नेपाल र नेपाली जनता भन्दा पनि भारतको स्वार्थ र भलाइको निम्ति काम गर्दै आएका छन् । नेपाली जनताले त खाली कर तिर्ने र चुनावमा उत्सब मनाउदै भोट हाल्ने मात्र भएको छ । त्यसबापत हामीले नेपालको ३ भागमध्य २ भाग जमिन गुमाएर पनि हालको नेपालको पनि ९३ ठाउँमा लाखौं हेक्टर जमिन गुमाएका छौं, राति नेपाली भुमि बिहानपख भारतको हुँदै नेपालीत्व गुमाएका छौं, टनकपूर गुमाएका छौं, लिपुलेक गुमाएका छौं, कालापानी, सुस्ता गुमाएका छौं, करिब ७० लाख यूवा गुमाएका छौं, हजारौं चेलीबेटीहरु मुम्वई र दिल्लीका बेश्यालयमा पुगेका छन् । चरम महंगीले गर्दा गाउँ शहरका किसान मजदुर सुकुम्वासीहरु आत्महत्या गर्नुपर्ने स्थिति बनेको छ । नेपालका विदेशी साम्राज्यवादी परस्त शासकको यस्तो प्रकारको हर्कतले सिंगो बचे खुचेको नेपाल र नेपाली जनतालाई लज्जित बनाएको छ । एकातिर दलाल संसदीय व्यवस्थाको महङ्गो चुनावी तामझामले गर्दा बजारको  महंगी, कालोबजारी, र कमिशनतशनत्रले चारैतिर अस्तव्यस्तता र अन्यौलता छाएको छ भने अर्कोतिर तिनै कमिशन खोरहरु र लुटेराहरुका रक्तपिपासु नङग्राहरुले नेपाल आमाको मुटुमाथि छुरा प्रहार गर्दै रक्ताम्य बनाएका छन् । धर्ती माताले मरणाशन्न अवस्थामा पल्टिएर कारुणिक चित्कार गरिरहेकि छन् । नेपाल आमाको यस्तो चित्कारपूर्ण स्थितीमा हामीले उनको चित्कार सुन्नुपर्छ । आमाको आँसु पुछ्ने साहस गर्नुपर्छ । घाईते अवस्थाबाट उपचार गर्ने र उनलाई सदासदाका लागि स्वाधिन र स्वतन्त्रतापुर्वक खुसी र हर्सित बनाउने सबै काम गर्नुपर्छ । त्यसको लागि नेपाल आमालाई थोरै भएपनि माया गर्ने सबै देशभक्त, वामपंथी, क्रान्तिकारी, प्रगतिशील, बुद्धिजिवी, कलाकार, पत्रकार, महिला, मजदुर, किसान, सुकुम्बासी, प्रहरी, सेना, अन्य कर्मचरी लगाएत सबै एकढिक्का भई काँधमा काँध मिलाई एकताबद्ध ढंगले आन्दोलनको अन्तिम मोर्चामा सामेल हुनुपर्छ । भारतबाट पोषित नेपालका स्यालहरुलाई रक्सौल कटाईदिनुपर्छ र साँच्चिकै वीरहरुको तागत देखाएर देशलाई पुन एकपट विश्वसामु चिरपरिचित बनाउनुपर्ने छ । अर्जेन्टिना आदि मुलुकको इतिहासबाट राम्रो शिक्षा लिएर त्यसलाई नेपालको सापक्षेतामा सिको गर्नुपर्छ ।

# युवा विद्यार्थीले आलोचनात्मकताको रक्षा गर्लान ?



रमेश केसी

यो लेख तन्नेरी युवा विद्यार्थीहरुसँग आधारित छ। त्यसकारण यहाँ केही प्रश्न जिज्ञासा, कौतुहलताहरु छन्। त्यसको उत्तर भने तपाईहरुको जिज्ञासु चेतनाले नै खोज्नुपर्ने हुन्छ । यहाँ विद्यार्थी विद्यार्थी र शिक्षेकबीच के भिन्नता छ, किन पढ्ने, के पढ्ने, कसरी पढ्ने, पढेर के हुन्छ ? आदि कुरा युवाहरुलाई जीवनमा सक्रिय पार्ने आन्तरिक तत्व हो । तर, त्यसको महत्व आफ्नै जीवनमा आफ्नै युवाले धैर्यताकासाथ खोज्नुपर्छ । आजको युवाले महत्वकांक्षा र समग्र मनोविज्ञानको पक्षमा सवाल जवाफ खोज्ने कि नखोज्ने ? आफ्नो महत्वकांक्षा पुरा भएन भने मानिस तुरुन्तै किन निरङस हुन्छ ? सामाजिक, पारिवारिक जिम्मेवारी, स्वाभिमानी भूमिकाबाट निरास बनेर किन केही युवा पलायन हुन्छन् । मान्छे र मावबमा भिन्नता के छ , विश्वास र अन्धविश्वास बीचको भिन्नता के हो, विज्ञान र आध्यात्मकबीच के फरक छ, नृत्य नयाँको खोजी ज्ञानप्राप्तिको भोक, मानबीच दायित्व र विज्ञानवादी चेतबाट कसरी आफूलाई आजापी रहने युवा विद्यार्थीहरुले पहिला यी प्रश्नको आफैंलाई चित्त बुझाउँदो उत्तर खोज्नुस् । मेरो बुझाईमा आजको सहज पुँजीको चिन्ता क्यारियरवाद योग्यताको म्याराथून डौडमा रहेका युवा विद्यार्थीहरु सबभन्दा ठूलो चुनौती भनेको वैज्ञानिक दर्शन तार्किक चिन्तन लायक हुदैनन् । उनीहरुले आफ्नै मुक्तिको बाटो र स्वाभिमानी युगिनपथ छान्न सन्दैनन् सामाजिक परिवर्तनका मित्रशक्ति पनि बन्न सक्दैनन् । सबैलाई चलाउने केहि न केहि नीति र नियम हुन्छन् । नीतिहरुको पनि माउनीति भनेको राजनीति नै हो । जबसम्म यो ठिक बाटडेमा हुँदैन्, चल्दैन् तवसम्म हरेक क्षेत्र अस्तव्यस्त हुन्छ । भूमिका फरक हुन सक्लन् तर चाहेर पनि नचाहेर पनि कोही राजनीतिकबाट टाढा भने हुन सक्दैन् । राजनीतिबाट भागेर पलायन भएपनि ढोका थुनेर बन्द कोठामा बसेपनि राजनीतिले तपाईलाई भने पछ्याउँछ र तपाईको भाग्य एवं भविष्यलाई निर्धारण र निर्देशन भने सधै गरिरहन्छ । नेपाली समाज अहिले राजनीतिकको चरम संक्रमनकालबाट गुज्रिरहेको छ । त्यसको प्रभाव युवा विद्यार्थीहरुको गतिविधिमा परिहेको छ । सिद्धान्त, आदर्श र दायित्व भन्दा राजनीतिको चालक शक्ति, आस, र त्रास बन्छ । युवा विद्यार्थीहरुले जवसम्म यसको हाकाहाकी प्रतिरोध गर्दैनन् तबसम्म न उनीहरुको व्यक्तित्व विकास हुन्छ न स्वाभिमानको रक्षा न पुरानो एउटा लेख थपघटसहित छलफल अगाडि बढाउँदै छु। समाकालिन नेपाली राजनीतिको राज्यसत्ताकै चरित्र फेर्ने सबभन्दा प्रजातान्त्रिक आन्दोलनमा विपि कोईरालाको भूमिका र माओवादी जनयुद्ध थियो तर उसका अहिलेका निर्णाय, संगठन र व्यवहार फोहोरको डंगुर झैं डुङ-डुङती गर्न आउने भएको छ । आर्थिक र राजनीतिक समान्तवादलाई पराजय गरेतापनि संस्कृतिक समन्तवादबाट भने अझै हाम्रो समाज थिलो थिलो छ। बितेको डेढसय वर्षमा संसारमै दर्शन र राजनीतिकमा सम्बन्ध भन्दा ज्यादा मार्क्सवादी विचारको खण्डन गरिएतापनि सट्टमा अर्को दर्शनको प्रतिपादन भएन ।

> विश्वका मेहनतकस उत्पीडितहरुको मुक्ति सपनाको महल बनाउँदै जब मार्क्सइज्म तयार भयो । यसले संसारकै राजा महाराजा, धनपति, धर्मपतिहरुको दिउँसोको चैन र रातको निद्रा हराम गरिदियो । मार्क्स भूतले संसारकै शासकवर्ग अत्तालियो भने निम्छरा आवाजहिन भुइमान्छेले विचारको तागत पाए ।

छ । प्रभावशाली आधुनिक र मानव सभ्यताको विकास कालदेखि नै चयइज्मको कुनै दार्शनिक व्याख्याता भने अहिलेसम्म देखिएको छैन । विश्लेषण पनि कुनै शास्त्रीय रुपका पुस्तकमा भएका पनि छैनन् । मानविय सफलताको रुपमा यसलाई प्रयोग भने हरेक काल देश र परिवेशमा भइरहेको छ । यो दर्शन कर्ममा नभई चातुर्य र कलामा भर पर्ने दर्शनको नाम हो । चयइज्म त्यसो भनिरहदा गान्धी, मण्डेला, लिंकन, सुन्जु, चाणक्य, माइकावेली, टैगार वा हेनरी किसन्जर जस्ता राजनीतिक पण्डितहरु नै कतै चयइज्मका प्रणेता होइनन् भन्ने भान पनि पर्न सक्छ । तर ती सबै मानवीय गुण दोषका आधारका जालझेल र शास्त्रका खेल भएतापनि चयइज्मसँग भने त्यसको कुनै पनि साइनो थिएन् । वैदिक साहित्यमा सफलताको पहिलो सुत्रमा शान्तिको आरधाना कार्यमा नभई चाप्लुसी गरेर खुसी तुल्याउने गणेशले नै चयइज्मको पहिलो प्रयोग गरेको देखिन्छ ? संसारमा सबभन्दा मन पर्ने विषय भनेको चाप्लुसीशास्त्र हो । पूजा र बली प्रथा त्यसैको कचरा हो । भजन किर्तनवाददेखि देवता खुशीहुने र यक्ष पाइन्छ भन्ने मान्यता नै धर्मान्धिको परिचय हो । मेरोपछि लाग्छ म नै तिम्रो मुन्तिकोद्धार हो भन्ने येसु मसिहाको भनाई होस् । इस्लामका कथन ती सबैका पछाडि चयइज्मको दार्शनिक मान्यता रहेछ । नयाँ स्वामी स्वीकार्दा वा धर्म परिवर्तन गर्दा पुरानोको उछितो काढ्नु चयइन्मको संस्कार हो । उ विवेकले नभई दिमागले चन्छ । धर्म परिवर्तन वा दल परिवर्तनका मान्छेहरुले चरित्र हिजो निन्दारस ओकल्नु र उनाजको महिमा गाउनूमा विवेकले नभई चयइन्मको दार्शनिक स्विकारक्तिले गर्दा हो ? हरेक धार्मीक खेलाडिले उनैको आरधनाबाट आफ्ना कार्यको थालनी गर्नुको प्रमुख कारण यहि हो सुमेरु पर्वत घुमेर पहिले जो आउँछ त्यो नै मेरो शान्तिको हकदार हुन्छ, त्यसपछि ज्ञानीहरुको मान्यता रहेको गुरु कहलिएका मुसाधिपति नै चयइज्मका पहिलो ज्ञानी र गुरुवाणी पाएका हुन् भन्ने ठहर छ । चयइज्म र मार्क्सबीच कुनै साइनो छैन् । अभ्यासको कालखण्ड पनि फरक छ । आलोचनात्मक चेत र शक्ति सनातन सत्ताको बिरोधी र विद्रोही चेत नै लेलिन हुन् । यहुदी कुलमा जर्मनीमा जन्मेका द्धन्दात्मक भौतिकवादी चिन्तक कार्ल माक्सको नामबाट बनेको दर्शन हो मार्क्सवाद । उनले जीवन र जगतलाई विज्ञापनको आँखीझ्यालबाट नियाल्दै हरेक विषयको कार्य कारणसँग जोडेर भूँइमान्छे र मानवतावादीलाई सपना देखाए । निम्छरा भनिएकाहरुले सपनादेखि सार्थक बन्ने भूमिकामा उत्रिए । दर्शनको मुख्य काम संसारलाई बदल्न र व्याख्या गर्नमात्र नभई फेर्ने कला हो र त्यसमा लागि पर्ने हो भने आफ्नो उर्जा उत्प्रेरित गर्ने दर्शन हो मार्क्सवाद । उनी हरेक विषयमा शंका गर्नु तर शंकावादमा कहिल्यै नफस्नु भन्थे । जर्मनी भाषामा मार्क्सले दुमिन्तसम भनेर सर्वथोकको जीवन र जगतको गतिशीलता बुझ्दा द्वन्द्ववादको सिद्धान्त प्रतिपादित गरे । धनी र गरिब बीचको खाडल पर्नूमा अर्थशास्त्रमा अतिरिक्त मूल्यको सिद्धान्त हो भन्ने किटान गरे । धर्मको नसा अफिमभन्दा कडा हुन्छ भन्दै विज्ञापनले संसारका सबै प्रश्नको जवाफ दिन सक्छ भन्ने उनको ठहर थियो । वर्ग विभाजित समाजमा अन्तरसंघर्ष नै समाज विकासको कारक पक्ष हो भन्दै संघर्षको रुप गर्न र कारण त्यसको असर सामाजिक सांस्कृतिक आचरणमा पनि देखिन्छ भन्ने गर्दथे । विश्का मेहनतकस उत्पीडितहरुको मुक्ति सपनाको महल बनाउँदै जब मार्क्सइजम तयार भयो । यसले संसारकै राजा महाराजा धनपति, धर्मपतिहरुको दिउँसोको चैन र रातको निद्रा हराम गरिदियो । मार्क्स भूतले संसारकै शासकवर्ग अत्तालियो भने निम्छरा आवाजविहिन भुइमान्छेले विचारको तागत पाए । हे ज्ञानीजनहरु हो, यो छोटो लेखमा यति मात्रै भन्न खोजिएको हो । चयइज्मले आफ्नो मालिक र ईश्वर खोज्छ र शान्तिको वरिपरी घुमेर मडारिएर भजनकिर्तन गाएर शान्ति आर्जन गर्दछ । लम्बोदर त्यसका प्रधान पात्र हुन भने आलोचनात्मक चेत राख्दै दुनियाँलाई रमिते र तमासे बनेर हैन्, त्यसका हरेक क्रियाकलापमा प्रतिवादी चिन्तन र भूमिकामा स्वयम देखिनु मार्क्सइज्मको चरित्र हो भन्ने ठहर गरेकाले यी दुवैबीच कुनै समानता र साइनो हुँदैन् ।

# हार्दिक बधाई तथा शुभकामना

यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख ,उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरूलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रूपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जनहितमा जारी सूचनामुलक सन्देश**

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौं ।
- नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
- कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । - सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

## कुमाख गाउँपालिकाको कार्यालय, सल्यान

## समग्र कृषि विकास र वातावरणिय सन्तुलनका लागि

घरघरमा बनाउँ करेसाबारी

आफ्नो लागि आफै उब्जाउँ तरकारी

प्रांगारिक खेती प्रणाली अपनाउँ

विषादीरहित समाजको निर्माण गरौं

हामीले देखेका सबै किराहरु हानिकारक हुँदैनन् बालीनालिका लागि हानिकारक र फाइदाजनक किराहरुको पहिचान गरी मित्र किरा फट्याङ्ग्राहरुको सरक्षण गरौं

## कृषि ज्ञानकेन्द्र रुपन्देही

प्रदेश सरकार
लुम्बिनी प्रदेश
श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बुटवल, रुपन्देही

**जनहितमा जारी सन्देश**

- सवारी नियमको अनिवार्य पालना गरौं, दुर्घटनाबाट बचौं र बचाऔं ।
- रुट परमिट लिएर मात्र सवारी साधन चलाऔं ।
- सवारी चालक अनुमतिपत्र, ब्लुबुक लगायत आवश्यक कागजात सधैं साथमा राख्ने गरौं ।
- सवारी चालक तथा सह-चालकहरूले यात्रीसँग सभ्य र आदरपूर्वक व्यवहार गरौं ।
- सवारी साधन नियमित मर्मत संभार गरेर मात्र चलाऔं ।
- सार्वजनिक सवारी साधनले अनिवार्य रुपमा देखिने ठाउँमा भाडादर टाँस्ने गरौं र तोकिएबमोजिमको भाडामात्र लिने गरौं ।
- यात्रुहरूले फाल्ने फोहोरको व्यवस्थापन गर्न सवारी साधनभित्र डस्टबिन अनिवार्य राखौं ।
- तोकिएभन्दा बाहेकको प्रयोजनमा सवारी साधनको प्रयोग नगरौं ।
- कोभिड-१९ को प्रकोपलाई मध्यनजर राख्दै स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्ने गरौं ।
- यात्रुवाहक सवारी साधनमा नियमानुसार पाउने सहुलियत अनिवार्यरुपले प्रदान गरौं ।

# हार्दिक बधाई तथा शुभकामना

यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख ,उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरुलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रुपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जनहितमा जारी सूचनामुलक सन्देश**

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौ ।
- नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
- कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । – सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**सारदा गगरपालिकाको कार्यालय, सल्यान**

# हार्दिक बधाई तथा शुभकामना

यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख,उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरुलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रुपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनजनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जनहितमा जारी सूचनामुलक सन्देश**

– घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौ ।– नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
– कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । – सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**गढवा गाउँपालिकाको कार्यालय, दाङ**

# हार्दिक बधाई तथा शुभकामना

यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरुलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रुपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनजनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जनहितमा जारी सूचनामुलक सन्देश**

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौ ।
- नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
- कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । – सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।


**तुलसीपुर उपमहानगरपालिका, दाङ**

# बालेनहरु मक्किएको व्यवस्थाको बलियो टेको




प्राणमञ्च डेस्क, काठमाण्डौं

दलिय व्यवस्थालाई चुनौती दिँदै भारि मतका साथ काठमाण्डौको मेयरमा स्वतन्त्र उम्मेदवार बाले न शाह (६१७६७) विजय भए । खासगरी यसपालिको स्थानीय तहको निर्वाचनमा देशभरका सात सय ५३ स्थानीय तहका ३५ हजार दुई सय २१ पदका लागि एक लाख ५२ हजार ६ सय ७६ जनाको उम्मेदवारी पर्‍यो । आयोगको प्रणालीमा प्रविष्ट भएको तथ्यांकअनुसार दुई सय ९३ नगरमा मेयरका लागि तीन हजार चार सय ९९ र उपमेयरका लागि दुई हजार एक सय ५८ जनाको उम्मेदवारी परेको हो । यसैगरी चार सय ६० गाउँपालिकामा अध्यक्षका लागि तीन सय तीन सय ८७ र उपाध्यक्षका लागि दुई हजार चार सय दुईको उम्मेदवारी दर्ता भयो । ६ हजार सात सय ४३ वडाध्यक्षका लागि ३५ हजार तीन सय सय १० जनाको उम्मेदवारी पर्दा १३ हजार चार सय ८६ खुला वडासदस्यका लागि ५५ हजार पाँच सय ५९ जनाको उम्मेदवारी पर्‍यो । त्यस्तै, ६ हजार




सात सय ४३ दलित महिला सदस्यका लागि २३ हजार आठ सय ८७ र ६ हजार सात सय ४३ महिला सदस्यका लागि २६ हजार आठ सय ८४ जनाको उम्मेदवारी पर्‍यो ।

देशको केन्द्रीय राजधानीमा परेका ११ उपमहानगरपालिकामध्ये धरानमा हर्कराज राई, जनकपुरधाममा मनोजकुमार साह र धनगढीमा गोपाल हमाल स्वतन्त्रबाट विजयी भएका छन् । जनकपुरका साह भने कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र रूपमा उम्मेदवार बनेका हुन् । धरानका राई खानेपानी समस्यालाई मुख्य मुद्दा बनाएर चुनावी मैदानमा उत्रिएका थिए । उनले सत्ता गठबन्धनबाट उम्मेदवार बनेका कांग्रेसका किशोर राईलाई ४ हजार ७ सय ६२ मतान्तरले पराजित गरेका हुन् । हर्कले २० हजार ८ सय २१ मत पाउँदा किशोरले १६ हजार ५९ पाए । अघिल्लो स्थानीय चुनावमा पनि हमाल र वड आमनेसामने थिए । चुनावमा पराजयपछि पनि सक्रिय भएकाले हमाल विजय भएका हुन् । 'जनताले नयाँ अनुहार खोजिरहेका थिए तर हामीसँग परामर्शसमेत नगरी पुरानैलाई माथिबाट सिधै टिकट थमाइयो,' कैलाली कांग्रेसका एक पदाधिकारी भन्छन् । 'जसरी पनि धनगढी बनाउने योजना हो । चरणबद्ध रूपमा सबैबाट सहयोग लिएर अघि बढ्छु,' हमालले भने । मनोजले १३ हजार

४ सय ६५ मत ल्याउँदा गठबन्धनका लालकिशोरलाई ५ हजार १ सय ९४ मत खसेको थियो । मनोजका निकटतम प्रतिद्वन्द्वी एमालेका शिवशंकर साहले ९ हजार ५ सय ३२ मत ल्याएका थिए । 'जनताले आफ्नो दैलोको सरकार राजनीतिक दलले होइन, असल व्यक्तिले राम्ररी चलाउन सक्छ भन्ने बुझेका छन्,' मनोजकुमारले भने, 'मैले अहिले पाइरहेको जनविश्वास त्यसकै प्रतिफल हो, मेरो जित राजनीतिक दललाई ठूलो सबक पनि हो ।'

संघीयताविद् खिमलाल देवकोटा स्वतन्त्र उम्मेदवारको विजयले सकारात्मक सन्देश प्रवाह भएको बताउँछन् । उद्यपी दलका राष्ट्रघात र जनघाती क्रियाकलापले वाक्कदिक्क मतदाताले भएर भोट डाइभर्ट गरेको यो व्यवस्थाभित्र चरम समस्या देखा परेकाले यो व्यवस्था विरुद्धको पनि भोट भएको राजनीतिक विश्लेषक भरत दाहाल बताउँछन् ।

स्वतन्त्र उम्मेदवारहरूको जितले स्थानीयस्तरमा हुने दलीय प्रतिस्पर्धा र केन्द्रबाट हुने चरम राजनीतिक हस्तक्षेपलाई पनि चुनौती दिएको छ । छिमेकी देश भारतका अधिकांश राज्यमा स्थानीय तह (ग्राम पञ्चायत) को निर्वाचन निर्दलीय प्रणालीमा आधारित छ । केही राज्यमा दलीय प्रतिस्पर्धा भए पनि केन्द्रबाट यतिबिघ्न चासो र हस्तक्षेप हुँदैन । ग्राम पञ्चायतको चुनाव स्थानीय क्षेत्र र बढीमा प्रदेशको चासोभित्र पर्ने गर्छ । 'स्थानीय तहमा निर्दलीय प्रतिस्पर्धा हुँदा जनताले राम्रा र योग्य उम्मेदवार छान्ने अवसर पाउँछन्, जनताबीच दलीय द्वेष पनि हुँदैन,' संघीयताविद् देवकोटा भन्छन्, 'यस पटकको चुनावी परिणामले स्थानीय निर्वाचन निर्दलीय प्रतिस्पर्धामा हुनुपर्ने माहोल बनाएको छ ।' बर्दिबास (महोत्तरी) नगरपालिका प्रमुखमा स्वतन्त्र रूपमा विजयी प्रह्लादकुमार क्षत्रीलाई कांग्रेसले टिकट दिएर पछि खोसिएको थियो । त्यसपछि उनी प्यानल नै बनाएर चुनावमा उत्रेका थिए । बर्दिबासमा प्रमुख, उपप्रमुख र चार वडाध्यक्ष स्वतन्त्रले जितेका छन् । त्यहाँ प्रमुख र उपप्रमुखमा कांग्रेसका आधिकारिक उम्मेदवारले भने चौथो मत ल्याए । 'चन्दननाथ नगरपालिका (जुम्ला) मा पनि राजुसिंह कठायत कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र रूपमा उम्मेदवारी दिएर विजयी भए । उनले कांग्रेसका पदमबहादुर शाहीलाई ६२ मतको अन्तरले पराजित गरे । 'ममाथि पार्टीले बारम्बार ठूलो अन्याय गरिरह्यो, यस पटक सहन नसकेर उम्मेदवारी दिएँ, जनताले विश्वास गरे,' कठायतले भने, 'मेरो विजयले पार्टीको निर्णय गलत थियो भन्ने प्रमाणित भएको छ ।' एकीकृत समाजवादीका कालीकोट जिल्ला उपाध्यक्ष रहेका कमलबहादुर शाही पनि स्वतन्त्र हैसियतमै खाँडाचक्र नगरपालिकाको प्रमुखमा विजयी भएका छन्। शाहीले एमालेका जसीप्रसाद पाण्डेलाई ३ सय १० मतान्तरले हारएका हुन् ।

राजनीतिक विश्लेषक श्रीकृष्ण अनिरुद्ध गौतम स्थानीय तह केन्द्रको तजबिजमा राख्दाको परिणाम देखिन थालेको बताउँछन् । केन्द्रबाट हुने हस्तक्षेपले स्थानीय जनमतसँग दल जोडिन नसकेको उनले बताए । 'प्रतिनिधिमूलक व्यवस्थामा जनताले दलमात्र नभई दलले दिएका उम्मेदवारलाई पनि हेर्ने गर्छन्, तर नेपालका राजनीतिक दलले यसतर्फ ध्यान दिएनन्,' उनले भने, 'स्थानीय तह निर्वाचनमा दलहरूले मतदाताको चाहनालाई उपेक्षा गरेर आफ्नै भित्रको लेनदेनलाई थोपर्दा स्वतन्त्र उम्मेदवारहरू छनोटमा परे ।' गौतमको भनाइमा संघीय शासन प्रणाली भएका अधिकांश देशमा स्थानीय तहलाई प्रदेश (राज्य) मातहत राखिएको छ । ... सहप्राध्यापक अर्जुनबहादुर अयडी कर्णाली र सुदूरपश्चिम प्रदेशमा मौलाएको राजनीतिक गुटबन्दीले स्वतन्त्र उम्मेदवारी धेरै परेको बताउँछन्। खसक्षत्री बहुल यी दुई प्रदेशको सामाजिक संरचनाले पनि स्वतन्त्रको संख्या बढेको उनको भनाइ छ । 'खसक्षत्री समुदायमा स्वतन्त्रता बढी खोज्ने प्रवृत्ति छ, यसले पनि स्वतन्त्रबाट जित्नेको संख्या बढी भएको हो,' अयडीले भने । यथास्थितीमा रमाउन चाहाने बदनाम दलाल संसदीय व्यवस्थामा पात्र जस्तो आएपनि शासन सत्ताको अन्तर वस्तुमा कुर्न फरक नपर्ने र फरक धारबाट उदाएका स्वतनत्र नामका पात्रहरुले ढल्नै लागेको व्यवस्थालाई बलियो टेको को काम गर्ने र परिवर्तनकारी आन्दोलनलाई झन पछाडि धकेल्ने विश्लेषक यादव देवकोटाको ठहर छ ।

# विज्ञानको चमत्कारः हावाबाट खान्की

डा. सुभाष पोखरेल

केहि समय अघि विज्ञानका विभिन्न विधाका नोबल पुरस्कार घोषणा भए। अद्वितीय अनुसन्धान गरेबापत वैज्ञानिकहरूले सर्वोच्च पुरस्कार पाए । उपाधि घोषणालगत्तै फलानो अन्वेषणकर्ताको नाम छुट्यो, त्यो अनुसन्धानले मौका पाउनुपर्थ्यो लगायतका प्रतिक्रिया सुनियो/पढियो । संसारका सैकडौं अनुसन्धानशालामा हजारौं प्रकृतिका अनुसन्धान गरिँदा दर्जनौं अन्वेषण मानव जीवनमा दीर्घकालीन प्रभाव पार्नेखालका हुन्छन नै। दसौं खँदिला अनुसन्धानमध्ये सीमितलाई छनोट गरी पुरस्कृत गर्ने काम विवादमा पर्नु अनौठो भएन । बहसको विषय भए पनि नोबल पुरस्कार पचाउनै नसक्ने अवस्थामा भने पुगेको देखिएन । वैज्ञानिकहरू नोबल पुरस्कार घोषणाको प्रतीक्षामा रहँदा 'चाइनिज एकेडेमी अफ् साइन्सेज' का अनुसन्धानकर्ताहरूले जर्नल 'साइन्स' मा एउटा अन्वेषण प्रकाशित गरे। साइन्समा प्रकाशित सबै लेख विशेष महत्त्वका हुने भए तापनि चाइनिज प्रयोगशालाको उल्लिखित अन्वेषण भने विशेष दर्जाको देखियो। गत महिना सार्वजनिक भएको उक्त अनुसन्धानले फरक विधाका वैज्ञानिकहरूको समेत ध्यान तान्न सफल भयो। सम्बन्धित क्षेत्रका वैज्ञानिकहरूले उक्त अनुसन्धानलाई 'गेम चेन्जर' पनि हुन सक्ने ठानेकाले त्यसको चर्चा यहाँ सान्दर्भिक ठानियो । घट्दो उब्जाउ जमिन अनि वातावरणीय परिवर्तनले मौसमलाई प्रतिकूलतातर्फ धकेलेका कारण कृषि उत्पादन घट्दै गइ निकट भविष्यमा ठूलो खाद्य समस्या आउने आकलन भएकै बखत चिनियाँ वैज्ञानिकले ल्याबमा समेत सस्तो र सुलभ रूपले बृहत् परिमाणमा खाद्यान्न उत्पादन गर्न सकिने अनुसन्धान सार्वजनिक गरेका छन् । उक्त अनुसन्धानमा चिनियाँ वैज्ञानिकहरूले हावामा रहेको 'कार्बनडाइ अक्साइड' ग्यासलाई प्रशोधन गरी प्रयोगशालामै खाद्यान्न उत्पादन गर्न सकिने देखाएका छन् । अहिले 'रुफ अफ् प्रिन्सपल' को सूक्ष्म रूपमा सार्वजनिक भएको उक्त अन्वेषणले पछिल्ला दिनमा ठोस नतिजा दिने ठानिँदैछ । खराब हावा कहलिने कार्बनडाइअक्साइड प्रयोग गरी ठूलो मात्रामा प्रयोगशाला विधिमार्फत 'स्टार्च' बनाउन सकिने घोषणा वातावरणविज्ञहरूका लागि 'बाघ खाने बोक्सी' सावित हुन सक्छ । औद्योगिकीकरणपछि ऊर्जाको माग धान्न कोइला तथा खनिज तेलको प्रयोग ह्वात्तै बढ्यो। खनिज ऊर्जा दहनका क्रममा निस्कने कार्बनडाइ अक्साइडको मात्रा पनि आकासियो । अन्य हावाभन्दा फरक चरित्र भएको कार्बनडाइ अक्साइडले सूर्यको किरणलाई परावर्तन गर्नुको बदला शोषण गर्ने भएकाले वायुको घनत्व उकासिँदा वातावरणीय तापक्रम पनि बढ्यो । यसरी हावामा कार्बनडाइ अक्साइडको मात्रा उकालिँदा संसार 'ग्लोबल वार्मिङ' को चपेटामा परी वातावरणीय

**अनुसन्धानमा चिनियाँ वैज्ञानिकहरूले हावामा रहेको 'कार्बनडाइ अक्साइड' ग्यासलाई प्रशोधन गरी प्रयोगशालामै खाद्यान्न उत्पादन गर्न सकिने देखाएका छन् । अहिले 'रुफ अफ् प्रिन्सपल' को सूक्ष्म रूपमा सार्वजनिक भएको उक्त अन्वेषणले पछिल्ला दिनमा ठोस नतिजा दिने ठानिँदैछ**

अनिष्ट निम्तने आकलन भएकै बेला त्यही खराब ग्यास प्रयोग गरी स्टार्च बनाउन सकिने विधि अनुसन्धानमा भित्रँदा वातावरणविज्ञहरू खुसी हुनु अन्यथा भएन । धान, गहुँ, आलु लगायतका सबै अन्न बालीमा पाइने 'स्टार्च' मानवलाई चाहिने अत्यावश्यक प्रजातिको कार्बोहाइड्रेट हो । अनि मानव भोजनको ठूलो हिस्सा स्टार्चले नै ओगट्छ । अणुवांशिक पदार्थ 'डिएनए', आरएनएमात्र होइन, प्रोटिन तथा इन्जाइमको बनोटमा नाइट्रोजनको हिस्सा महत्त्वपूर्ण छ । वायुमा झण्डै ८० प्रतिशत हिस्सा ओगट्ने 'नाइट्रोजन' लाई वनस्पतिले सास फेरे जसरी सरक्क हावाबाट लिन सक्दैन बरु सरल रासायनिक 'कम्पाउन्ड' आवश्यक हुन्छ ।

रासायनिक पदार्थ जराबाट वनस्पतिले लिन्छ अनि 'बायोलोजिक प्रक्रिया' मा प्रयोग गर्छ । त्यस्तै प्राणीले वनस्पती सेवन गरी नाइट्रोजनको माग धान्छ । आफैंमा अति महत्त्वपूर्ण भए पनि प्रकृतिमा हावाको नाइट्रोजनलाई कम्पाउन्डमा परिणत गर्ने रासायनिक पदार्थ त्यति सजिलो छैन । भएका पनि त्यति प्रभावकारी छैनन् । त्यसले गर्दा प्रारम्भमा वनस्पतिका लागि नाइट्रोजनको आपूर्ति न्यून थियो । माटोमा आवश्यक नाइट्रोजनको मात्रा कम भएकाले कृषि राम्रो थिएन, उत्पादन न्यून थियो। खानाका लागि संघर्ष थियो। भोजनको सीमित उपलब्धताले निम्त्याएको संघर्षले गर्दा पृथ्वीको जनसंख्या सन् १९०० मा केबल १ अरब ६० करोडमात्र थियो। समष्टिगतरूपमा माटोमा नाइट्रोजनजन्य रासायनिक पदार्थको न्यून उपलब्धताले जनसंख्या नियन्त्रण गऱ्यो ।

बीसौं शताब्दीको पूर्वार्धमा जर्मन रशायनशास्त्री 'फ्रिज्ड ह्याबर' ले वायुमण्डलमा रहेको नाइट्रोजन र हाइड्रोजन ग्यासलाई 'ह्याबर संस्लेषण' मार्फत'अमोनिया' ग्यास बनाए । उक्त विधिमार्फत दैनिक रूपले संसारमा हजारौं टन अमोनिया उत्पादन भयो । अमोनियाको प्रयोग मलखाद 'युरिया' बनाउनमात्र प्रयोग भएन, बरु बालिनालीमा लाग्ने कीरा, फट्याङ्ग्रा मार्ने 'इन्सेक्टिसाइड तथा पेस्टिसाइड' को उत्पादनमा समेत उपयोग भयो । यसरी पर्याप्त मलखाद अनि कीटनाशक विषादी उपलब्ध भए पनि खाद्यान्नको उत्पादन धेरै गुणाले बढ्यो । कृषिमा क्रान्ति भयो । पहिला एक परिवार पाल्न पुग्ने जमिनले दर्जनौं जहानलाई ख्वाउन सक्ने भयो । खान पर्याप्त पाएपछि विश्वको जनसंख्या बढेर अहिले ८ अरब पुग्यो । ह्याबर विधिमार्फत अमोनिया 'सिन्थेसिस' गर्ने प्रविधि नभित्रिएको भए पृथ्वीको जनसंख्या अहिले ४ अरबमा खुम्चने अनुमान गरिँदैछ ।

संसारका मानव शरीरमा रहेको 'नाइट्रोजन' मध्य ५० प्रतिशत नाइट्रोजन ह्याबर सेन्थेसिससमार्फत उत्पादन भएको यथार्थले जर्मन रशायनशास्त्रीले संसारलाई कति ठूलो गुण लगाए भन्ने प्रष्ट्यायो। संसारलाई यत्रो ठूलो योगदान दिने प्राध्यापक ह्याबरले सन् १९१८ मा रसायनशास्त्रको नोबल पुरस्कार पाए । सबै रसायनशास्त्रमा नोबल पुरस्कार पाउने वैज्ञानिकको योगदान डा. ह्याबरको बराबर छ त ? निश्चय नै छैन । त्यसैले सबै नोबल पुरस्कारजन्य काम समान महत्त्वका होइनन् भन्ने बुझ्न आवश्यक छ । शाब्दिक हिसाबमा भन्नुपर्दा दुवै प्रधानमन्त्री नै त हुन् नि भनेर विश्वेश्वरप्रसाद कोइराला र केपी ओलीलाई एकै तराजुमा हाल्नु जस्तै हो । अब रसायनविज्ञका रूपमा वनस्पतिले कसरी संसारलाई ख्वाउँछ त भन्ने विषयमा मनन गरौं । हावामा रहेको कार्बनडाइ अक्साइड र जराबाट सोसिएको पानी बिरुवाको हरियो पातमा सौर्य शक्तिको तागतले ग्लुकोजमा रूपान्तरित हुन्छ। यसरी विरुबाले ग्लुकोज बनाउने प्रक्रियालाई 'फोटो सिन्थेसिस' भनिन्छ । हरियो पातमा बनेको ग्लुकोज बिरुवाको पृथक भागमा सुर्कोज, स्टार्चलगायतका पृथक स्वरूपमा भण्डारण हुन्छन्। ग्लुकोज, स्टार्च तथा सुक्रोज कार्बोहाइड्रेटका विभिन्न स्वरूप हुन्। प्रचुर मात्रामा स्टार्च पाइने धान, मकै, आलुलगायत सेवनले हामीलाई कार्बोहाइड्रेट आपूर्ति गर्छ। शरीरको सबैभन्दा महत्त्वपूर्ण अङ्ग मस्तिष्क ग्लुकोजबिना क्षणभर बाँच्न सक्दैन भन्ने

यथार्थले स्टार्चको महत्त्व भन्छ । संसारलाई खुवाउन कृषिका लागि अथाह जमिन, पानी, मलखाद, कीटनाशक ओखती, श्रम, ऊर्जालगायत आवश्यकत पर्छ । प्राकृतिक संशाधनको अत्यधिक दोहन गरिँदा जमिनले ऊर्वरता ह्रास गर्ने तथा पानीको सतह तल जान्छ । अनि कृषि उत्पादनका क्रममा मलखाद तथा कीटनाशक ओखतीको प्रयोगले नवीन रोग तथा विभिन्न शारीरिक समस्या भित्रिएको यथार्थ जगजाहेर छ ।

पुँजीगत लगानी तथा प्राकृतिक दोहन दुवै हिसाबले फोटोसिन्थेसिस विधिमार्फत संसारलाई ख्वाउन आवश्यक कार्बोहाइड्रेट उत्पादन गर्ने काम त्यति सजिलो छैन भन्ने कुरा सबैले महसुस गरे । अनि, कम खर्चिलो हिसाबले संसारको पेट भर्न सकिने उपाय खोज्न वैज्ञानिकहरू सक्रिय हुनु स्वाभाविकै हो । वर्षौंको लगानी तथा अनुसन्धानपछि गत महिना चाइनिज एकेडेमी अफ् साइन्सेजका वैज्ञानिक यान्हे मा नेतृत्वको अनुसन्धान समूहले 'फोटो सिन्थेसिस' को विकल्प प्रस्तुत गरेको छ । वातावरणको कार्बनडाइ अक्साइडलाई चरणबद्ध रासायनिक प्रक्रियामार्फत प्रयोगशालामै स्टार्चमा परिणत गराउन सकिने यथार्थ प्रमाणित गरेका छन् । डा. मा अगुवाइको अन्वेषण टोलीले स्टार्च बनाउने क्रममा हावालाई थप संस्लेषण गर्न प्रयोगशाला निर्मित रासायनिक उत्प्रेरक तथा परिमार्जित इन्जाइम प्रयोग गरेकोमात्र बताएनन्, बरु स्टार्चको प्रमुख स्रोतका रूपमा रहेको मकैको बोट भन्दा आफ्नो रासायनिक विधि झण्डै ९ गुणा अधिक प्रभावकारी रहेको पनि बताए । ऊर्जा खपतका हिसाबले समेत चिनिया टोलीले स्थापित गरेको 'रियाक्सन' प्रकृतिको वरदान भन्दा फारु देख्दा कतै संसारलाई ख्वाउने हिसाबमा 'ह्याबर सिन्थेसिस' को विकल्प आएको हो कि भन्ने धेरै देखिए। बालीनाली हुर्किएर नागरिकको खाने थालमा पुग्न महिनौं कुर्नुपर्नेमा रासायनिक विधिमार्फत ल्याबमा बन्ने स्टार्च केही घण्टामै तयार हुने देखियो । क्षणिक खाद्य संकट धान्न तुरुन्त अन्नको विकल्प बन्ने भयो ।

अन्वेषण टोलीले स्टार्च बनाउने क्रममा हावालाई थप संस्लेषण गर्न प्रयोगशाला निर्मित रासायनिक उत्प्रेरक तथा परिमार्जित इन्जाइम प्रयोग गरेकोमात्र बताएनन्, बरु स्टार्चको प्रमुख स्रोतका रूपमा रहेको मकैको बोट भन्दा आफ्नो रासायनिक विधि झण्डै ९ गुणा अधिक प्रभावकारी रहेको पनि बताए

प्रयोग भएका रासायनिक उत्प्रेरक र इन्जाइम निकै 'स्टेबल' भएकाले बडेमानको 'रियाक्टर' स्थापना गरी निकै कम खर्चमा स्टार्च उत्पादन गरी संसारभर बेच्न सकिने आशमा वैज्ञानिक डाक्टर माको समूहले आफ्नो रिसर्चलाई प्याटेन्ट गरेको छ। थोरै प्रशोधन गरी हावामा रहेको कार्बनडाइ अक्साइडलाई सिधै रियाक्सनमा प्रयोग गर्न सकिने भएकाले यो विधिले वायुमण्डलीय हावाको सन्तुलनलाई स्थिरता दिन सक्ने वातावरणविज्ञले अपेक्षा गरे । कार्बनडाइ अक्साइडको बढ्दो घनत्वका कारण सिर्जित ग्लोबल वार्मिङ संसारको सबैभन्दा ठूलो वातावरणीय चुनौतीका रूपमा छ । भूमण्डलीय वातावरणीय चुनौती समाधानका खातिर कार्बनडाइ अक्साइडको मात्रा घटाउन संसार अग्रसर भएको बखत हावामा रहेको ग्यास प्रयोग गरी कम खर्चमै व्यापारिक मात्रामा स्टार्च उत्पादन सम्भव भएको खबरले सबैलाई खुसी बनाउनु अस्वाभाविक हैन । तर विगतमा पनि ल्याबको सानो परिमाणमा निकै सफल देखिएका केमिकल रियाक्सनहरू 'कमर्सिएल' उत्पादनमा असफल भएका धेरै दृष्टान्त देख्दा अहिलेको बहुचर्चित स्टार्च उत्पादनले पनि त्यही नियति नभोग्ला भन्न सकिन्न। तर व्यापारिक उत्पादनका क्रममा समेत अपेक्षित परिणाम आएको खण्डमा यो अन्वेषणले संसारको धेरै क्षेत्रमा ठूलो फड्को मार्ने देखिन्छ। खाद्य संकट समाधानदेखि विश्व पर्यावरणलाई समेत सन्तुलित बनाउन सक्ने हैसियत राख्ने अनुसन्धान बहुचर्चित बन्नु अस्वाभाविक होइन नै ।

हार्दिक शुभकामना

यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख ,उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरुलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रुपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सूचनामुलक सन्देश

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौ ।
- नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
- कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । - सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

प्युठान गगरपालिकाको कार्यालय, विजुवार

हार्दिक शुभकामना

यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख ,उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरुलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रुपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सूचनामुलक सन्देश

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौ ।
- नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
- कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । - सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

नौबहिनी गाउँपालिकाको कार्यालय, प्युठान

हार्दिक शुभकामना


यहि बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यस पालिकाका प्रमुख ,उपप्रमुख तथा वडाका सम्पुर्ण पदाधिकारीहरुलाई भ्रष्टाचारको समुल नष्ट गरि सुशानसहितको सामाजिक र अर्थ-राजनीतिक रुपान्तरणको दिशामा उच्चतम् फड्को मार्ने सफलता मिलोस् भन्दै चौतर्फी विकासको मुल फुटाई यहााका सम्पपुर्ण जनको मनमनमा बस्न सफल हुनुहुनेछ भन्ने अपेक्षासहित सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनहितमा जारी सूचनामुलक सन्देश

- घरआगन, शौचालयहरु सफा राखौ, लैंगिक हिंसाको अन्त्य गरौ, आधुनिक कृषि प्रणाली अपनाई व्यवसायिक कृषक वनौ ।
- नगर भवन संहिताको पूर्ण पालना गरि मापदण्ड अनुसार भवन निर्माण गरौं ।
- कुनैपनि व्यवसाय दर्ता गरेर मात्र संचालन गरौं । - सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सारदा गगरपालिकाको कार्यालय, सल्यान

# नक्कली सुनको सिक्का देखाएर
# ग्राहकहरु ठग्ने प्रयास




प्राणमञ्च डेस्क, काठमाण्डौं

नेपाल टेलिकमका ग्राहकहरुलाई एउटा म्यासेज आयो, कुनै एउटा पेजको सब्सक्राइब गरेपछि १० ग्राम सुन जित्ने मौका । म्यासेज कसले कहाँबाट पठाएको हो, त्यो समेत नदेखिने गरी अनपजल नामबाट आएको म्यासेजमा भनिएको छ, 'वर्षको बम्पर अफर, साताको २० रुपैयाँ खर्च गर्ने गरी सब्सक्राइब गरेपछि १० ग्राम सुन जित्ने मौका ।' उक्त म्यासेजमा एउटा लिंक दिइएको छ । जब उक्त लिंकमा क्लिक गरिन्छ, त्यसपछि 'सुनको सिक्का उपहार' भन्ने रोमनमा लेखिएको अक्षर आउँछ । त्यसभन्दा तल प्ले एण्ड विन गोल्ड क्वाइन्स' भन्ने रोमनमै लेखिएको विज्ञापन देखिन्छ र त्यसको तल ' ग्राण्ड पइज, टेन ग्राम्स गोल्ड क्वाइन्स' भन्ने देखिन्छ । त्यसको तल यस गेम खेल्नका लागि तल दिइएको लिंकमा सब्सक्राइब गर्नुहोस् भनेर निलो ब्याकग्राउण्डमा सेतो अक्षरमा स्पष्टसँग देखिने गरी लेखिएको छ ।

सब्सक्राइब गर्ने स्थान पनि स्पष्टसँगै नै देखिन्छ । तर त्यसको तल टर्म्स एण्ड कण्डिसन्स र पैसा काटिनेबारेको सूचनाचाहिँ सानो अक्षरमा झट्ट हेर्दा नदेखिने गरी राखिएको छ । जहाँ यस 'खेल' खेलेवापत सातामा २० रुपैयाँ काटिने कुरा उल्लेख छ र एकपटक सब्सक्राइब गरेपछि ८ सातासम्म आफै सातामा २० रुपैयाँका दरले १६० रुपैयाँ ग्राहकले गरेको रिचार्जबाट सोझै गेम खेलाउनेको खातामा जान्छ । यो म्यासेज झट्ट हेर्दा ठगी गर्ने उद्देश्यले नै पठाइएको वा तयार पारिएको जस्तो बुझिन्छ ।

सुरुमा यहाँ टर्म्स एण्ड कन्डिसनमा क्लिक गर्दा पनि अर्को लिंक खुल्दैनथ्यो । त्यसपछि यो म्यासेज कसले किन कुन उद्देश्यले पठाएको भन्ने नै अस्पष्ट भयो । यस सम्बन्धमा रातोपाटीले नेपाल दूरसञ्चार प्राधिकरणलाई म्यासेज आएको ५ मिनेटभित्रै सम्पर्क गरेर यो कस्तो म्यासेज हो र कसले किन पठाएको हो भनी सोधेको थियो । प्राधिकरणका सहायक प्रवक्ता अच्युतानन्द मिश्रलाई यसबारे अपरान्ह १२:३४ सम्म सोध्दा अनुसन्धान भइरहेको र यसबारे चाँडै विज्ञप्ति निकाल्ने तयारीमा रहेको प्रतिक्रिया दिए । तर यो म्यासेज कसले किन र कुन उद्देश्यले पठाएको भन्ने जवाफ भने दिएनन्, बरु दोहोराएर 'अनुसन्धान भइरहेको प्रतिक्रिया दिए ।'

# पितृसत्तालाई कहिल्यै नपचेको "थुतुनो"



मेनुका बस्नेत

सन् १९९० मा न्युयोर्कमा आयोजित एउटा पार्टी सकिएपछि हलिउडका चर्चित निर्माता हार्वे विन्स्टनले अभिनेत्री एनाबेला सिओरालाई उनको घरसम्म ड्रप गरिदिए (छाडिदिए)। आफूलाई छोड्न आएका विन्स्टन फर्किएपछि अभिनेत्री सिओरा सुत्ने तयारी गर्दै थिइन् । त्यत्तिकैमा उनको फ्ल्याटको ढोकाको घन्टी बज्यो। जब उनले ढोका खोलिन त्यहाँ उभिएका थिए, विन्स्टन । सिओराले अदालतमा दिएको बयान अनुसार विन्स्टनले उनलाई उनको कोठाभित्रै घँचेढे र उनलाई बलात्कार गरे । फिल्म निर्माता विन्स्टनले योसहित बलात्कारका दर्जनौं मुद्दा खेपेका छन्। सन् २०१७ उनीमाथि सिलसिलाबद्ध रूपमा बलात्कारका आरोपहरू लाग्न थाले, दर्जनौं मुद्दा चल्यो र अहिले उनी २३ वर्ष कैद सजाय भोगिरहेका छन्। सन् २०१७ मा सामाजिक सञ्जालमा एउटा यस्तो ट्रेन्डिङ चल्यो, जसले विन्स्टनलाई जेल मात्रै पुर्याएन, विश्वका रंगिन क्षेत्रसहित विभिन्न क्षेत्रका प्रतिष्ठित भनिएका व्यक्तिहरूको पसिना छुट्यो। त्यो ट्रेन्डिङ थियो- 'ह्यासट्याग मिटू ।'

**मिटूको सुरुवात**

सन् २००६ मा अभियन्ता टुराना बर्कले यौनहिंसा विरुद्ध 'मि टु' अभियान सुरु गरेकी थिइन् । तर उनले यो अभियान सुरु गरेको १७ वर्षपछि मात्रै यसले विश्वव्यापी अभियानको रुप लियो । सन् २०१७ अक्टोबर १६ मा जब हलिउड अभिनेत्री एलिसा मिलानोले ट्विट लेखिन्, तब विश्वभरी यस अभियानले चर्चा पायो। सन् २०१८ को अक्टोबर महिनाताका फिल्म निर्माता हार्वे विन्स्टनले महिलाहरूलाई यौन शोषण गर्ने गरेको घटना सार्वजनिक हुन थालेपछि एलिसाले ट्विटरमा लेखेकी थिइन्, 'यदि तपाइँको पनि यौन शोषण भएको छ भने जवाफमा ह्याजट्याग मि टू लेख्नुहोस् ।' साथै हलिउड अभिनेत्री लेडी गागा, एन्जोलिना जोली, केट लगायतले यौन हिंसाको विषयमा बोले। मिलानोको ट्विटपछि दुई दिनमै यो ह्यासट्यागमा लाखौंले आफू यौनहिंसामा परेको बारे पोस्ट गर्न थाले । विस्तारै यो ट्रेन्डिङ फेसबुकमा पनि फैलियो। त्यसपछि अन्य सामाजिक सञ्जालमा 'ह्यासट्याग मि टू' अभियान नै सुरु भयो । यही क्रममा नेपालमा पनि यसको ट्रेन्डिङले व्यापकता पायो र कतिपय प्रतिष्ठित भनिएका व्यक्तिहरूको कतुर्त उदाङ्गिन थाल्यो । मिटुले छिमेकी मुलुक भारतका गनिएका र मानिएका सेलेब्रेटीहरूको पनि मथिङ्गल हल्लाइदियो । यही ट्रेन्डिङ्कै क्रममा गायिका सोना मोहापात्रा र केही महिलाले बलिउड गायक तथा संगितकार अनु मलिकलाई यौन दुर्व्यवहारको आरोप लगाए। यो आरोपपछि चर्चित गायन प्रतियोगिता 'इन्डियन आइडल' बाट अनु निकालिए। यस्तै नाना पाटेकर, चेतन भगतजस्ता चर्चित व्यक्ति पनि 'मि टू' आरोपमा मुछिन पुगे ।

महिलामाथि जतिसुकै दमन, हिंसा र अत्याचार भएपनि उनी चूप बसुन् भन्ने पितृसत्तात्मक मानसिकताको चाहना हुन्छ । महिलालाई जसरी वा जुनसुकै रूपमा पनि अमानवीय व्यवहार गर्ने र उनी बोल्न खोज्दा भने 'संस्कार, धैर्यता, इज्जत/बेइज्जत'जस्ता विभिन्न भाष्य प्रयोग गरेर आवाज दबाउने प्रयास गरिन्छ। त्यसैले स्थापितहरू हाकाहाकी भन्छन्, 'तिमी राम्री छ्यौ तर तिम्रो थुतुनो भएन

सामाजिक सञ्जाल ट्विटरमा सुरु भएको ट्रेन्डिङ 'ह्यासट्याग मि टू' मा एकपछि अर्को गर्दै यौन हिंसाविरुद्धका आवाज उठाउन थालियो । महिलाहरूले विगतमा आफूमाथि भएका हिंसा र पीडकका नाम सार्वजनिक गर्न थाले। हलिउडबाट विश्वभर फैलन सुरु भएको ' मि टू' ट्रेन्डिङबाट नेपाल पनि अछुतो रहेन। यहाँका राजनीति र कला क्षेत्रका केही व्यक्तिमाथि यौनहिंसाको आरोप लागेका बारे पोस्ट हुन थाल्यो । जसमध्ये काठमाडौं महानगरपालिकाका मेयर केशव स्थापितमाथि लागेको आरोपले उतिखेर चर्चा पाएको थियो। 'मि टू' आरोप लागेका स्थापितले अहिले काठमाडौं महानगरपालिकाको मेयरमा उम्मेद्वारी पाएपछि यो मुद्दा पुनः सतहमा आएको छ। काठमाडौं महानगरपालिकामा यसअघि पनि मेयर पदमा रहेका स्थापितलाई महानगरपालिकाकै पूर्व कर्मचारीहरू रश्मिला प्रजापति र उज्वला महर्जनले यौन दुर्व्यहारको आरोप लगाएका थिए। मिटुबारेको आरोप रहेको बारे ज्ञान हुँदाहुँदै हुँदाहुँदै पनि स्थापितलाई उनको पार्टी नेकपा एमालेले मेयरको उम्मेद्वार बनाउने कुरा विडम्बनापूर्ण त थियो नै, उम्मेद्वारी दिएपश्चात् स्थापितले सार्वजनिक मञ्चमा आफूमाथि लागेको आरोपको प्रतिवाद गर्ने क्रममा अपनाएको अराजक र स्त्रीद्वेषी शैली पनि उत्तिकै दुखद छ ।

सन् २०१८ मै उनीमाथि लागेको यो आरोपलाई कतिपयले 'चुनावी फण्डा' भनेका छन् र भने कतिले वर्षौंअघि भएको त्यस घट्नाबारे पीडित भनिएकाहरूले प्रमाण बुझाउनुपर्ने माग गरेका छन्। स्थापित आफैंले पनि यस आरोपबारे ठोस प्रमाण लिएर आउन रश्मिला र उज्वलालाई चुनौती दिएका छन्। सामान्यतः यौन दुर्व्यवहारको प्रमाण र साक्षी जुटाउन कठिन हुने गर्छ। किनभने जो कोहीले पनि बुझ्न सक्छ कि यौनहिंसा प्राय कसैले नदेख्ने वा कुनै प्रमाण नरहनेगरी नै हुने गर्छ । दुर्व्यवहारको आरोप लागेका व्यक्तिले आरोपको खण्डन गर्न अवश्य पाउँछ । त्यतिमात्र होइन गलत आरोप लगाइएकोमा अदालतमा मुद्दा चलाउन पनि पाउँछ। तर, स्थापितले आरोपको प्रतिकारमा उत्रने क्रममा स्त्रिद्धेषी अभिव्यक्ति नै दिए । केहीदिनअघि राजधानीको एउटा कलेजमा आयोजना भएको सार्वजनिक बहसको कार्यक्रममा स्थापितले महिला हिंसालाई प्रश्रय दिनेखालको अभिव्यक्ति दिएका थिए ।

**महिलालाई निषेध**

'मिटू'बारे प्रश्न सोध्दा स्थापितले मञ्चबाटै प्रश्नकर्तालाई भनेका थिए 'योर फेस इज नाइस, तर थुतुनो ठीक छैन तपाईंको। मजत्तिको मान्छेलाई आरोप लगाउने ?' स्थापितले व्यक्त गरेको त्यस अभिव्यक्तिको भित्रि आसय यस्तो थियो , 'तिमी राम्री छौ तर तिमीले उठाएको प्रश्न जायज भएन। एउटी सुन्दर केटीले मजस्तो पुरुषलाई चिढ्याउने? प्रश्न गर्ने? तिमी त रुप र सौन्दर्यका निम्ति हौ, प्रश्नका निम्ति होइनौ।' उनलाई मात्र होइन पितृसत्तात्मक सोच भएका आम मानिसलाई महिलाको अनुहार र शरीरसँग नै मूल सरोकार हुन्छ । 'पोथी बासेको मन नपराउने समाज'लाई महिलाले आफूमाथि भएका हिंसाको विरुद्ध आवाज उठाउँदा थुतुनो अप्रिय लाग्नु स्वभाविक पनि हो । हाम्रो समाजमा आज पनि बलात्कार तथा यौन हिंसाका मुद्दामा आरोपितलाई भन्दा बढी पीडितलाई नै शंका गर्ने गरिन्छ। अथवा 'भिक्टिम'लाई 'ब्लेमिङ' गर्ने गरिन्छ। झन् आरोपित 'हाइप्रोफाइल'का छन् भने त आरोपितको पक्षमा खुलेरै वकालत गर्नेहरूमा आफूलाई अधिकारको पक्षधरता मान्नेहरूको पनि लर्को देखिन्छ ।

यस्तो अवस्थामा बालिका तथा महिलाहरूले आफूमाथि भएको हिंसाका विषयमा खुलेर बोल्न वा प्रतिकार गरिहाल्न निकै हिम्मत जुटाउनुपर्ने हुन्छ। यदि महिलो हिम्मत जुटाइहालिन् भने पनि उनलाई कतिजनाले नै साथ देलान् र? यौनजन्य हिंसाविरुद्ध उठ्दा, त्यसमाथि समाजमा कुनै न कुनै रुपमा प्रतिष्ठित व्यक्तिले गरेका यौनजन्य हर्कतविरुद्ध उभिँदा अधिकांश मानिसको साथ रहँदैन भन्ने जान्दाजान्दै महिलाले आफ्नो र परिवारको सुरक्षा र 'इज्जत' लाई जोखिममा राखेरै बोलेकी हुन्छिन्। महिलाहरूलाई केवल भोग्याको रूपमा मात्रै व्यवहार गर्ने र प्रतिकार गर्न निषेध गर्ने यो पितृसत्तात्मक समाज आज अझैपनि नयाँ-नयाँ रूप र शैलीमा

महिलाहरूलाई निषेध नै गरिरहेको छ। कहिले 'चुनावी फण्डा'को नाममा त कहिले 'चर्चाको लोभ'को आरोपमा महिलाहरूलाई प्रतिकार गर्नका लागि बारबार हतोत्साही गर्ने गरिन्छ । यो असन्तुलित लैंगिक सम्बन्धको जगमा टेकेर पुरुषहरूलाई झुटा आरोप लगाउने केही पात्रहरू पनि होलान् । तर के त्यो नै मूल ट्रेन्ड् हो र? लाखौँमा कतिवटा त्यस्ता घट् नाहरू भएको हामीले थाहा पाएका छौँ? अपवादका केही घट्ना भएकै आधारमा हामीले यौनजन्य दुर्व् यवहारजस्ता गम्भीर घट्नाहरूलाई जनरलाइज गर्नु अर्को अपराध हुनजान्छ। र, हामीकहाँ त आधिकारिक निकायबाट फैसला हुनुअघि नै आमस्तरमा विभिन्न आँकलन गर्ने, पीडितलाई थप पीडा थप्दै तिनको चरित्र हत्या गर्नेसम्मका अभिव्यक्ति आउँछन् ।

**प्रमाणको प्रश्न**

यौन हिंसाविरुद्ध बोल्ने र न्यायको अपेक्षा गर्ने महिलाहरूप्रति सहानुभूतिभन्दा बढी प्रश्नहरू तेर्साइन्छन्। मानौं कि महिलाहरू हरक्षण संसारभर पुरुषलाई यौन दुर्व्यवहारको आरोप लगाएरै हिँडिरहेका छन्। मिटू कै सन्दर्भमा आएका आरोपहरूमा पनि आफूलाई अधिकारकर्मी दाबी गर्नेहरूले नै सामाजिक सञ्जालमा आएर रोस पोख्नुको सट्टा कानुनको सहायता लिन सुझाउँछन् । तर हदम्याद तथा प्रमाण जुटाउनुपर्ने जस्ता झमेलाका कारण पीडित सबैका लागि कानुनको बाटो अपनाउन सहज छैन। फेरि सबै खालका यौन दुर्व्यवहार र हिंसाको प्रमाण जुट्न पनि सक्दैनन् । बलात्कार तथा यौनहिंसाको मुद्दामा पीडितको बयानलाई नै सबैभन्दा बलियो प्रमाणका रुपमा लिइन्छ । यसको कारण पनि छ। हाम्रो समाजमा 'यौनजन्य दुर्व्यवहारमा म परेँ' भन्ने स्विकारोक्तिलाई नै घृणा र हेय भावले हेरिन्छ। समाजले पीडितलाई गर्ने घृणा र अपमानको मूल्यमा पीडितले यौन दुर्व्यवहारको घट्ना सार्वजनिक गर्नुको अर्थ हो-पीडितले ठूलो सकसपछि र ठूलो हिम्मत बटुलेर मात्रै सो कुरा वाहिर ल्याएको हो। सामान्यतः बलात्कार तथा यौन हिंसा गर्ने व्यक्ति सबै तवरले पीडितभन्दा माथिल्लो दर्जाकै हुने गर्छ। यस्तो अवस्थामा पीडितले पीडकविरुद्ध लड्ने हिम्मत राख्न सक्दिनन् वा पीडकले आफ्नो शक्तिको प्रयोग गर्दै कानुनलाई समेत हातमा लिनसक्ने खतरा हुनसक्छ। स्थापितको सन्दर्भमा, पीडित प्रजापतिले उनको प्रस्ताव अस्वीकार गरेपछि उनलाई जागिरबाट निकालिएको र पछि भ्रष्टाचारको आरोप लगाइएको बताइएको छ। आफूमाथिको हिंसाको खुलासा गरिसकेपछि प्रजापतिले एउटा आलेखमा भनेकी छिन्, 'म कानुनी बाटोबाट न्याय पाउने कुरामा विश्वास गर्दिन थिएँ। मेयरले आफ्नो शक्तिको प्रयोग गर्दै म निर्दोष हुनुका बावजूद मैले भ्रष्टाचार गरेको प्रमाण देखाइदिन सक्थे। त्यसैले म चुप बसेँ ।'

महिलामाथि जतिसुकै दमन, हिंसा र अत्याचार भएपनि उनी चूप बसुन् भन्ने पितृसत्तात्मक मानसिकताको चाहना हुन्छ । महिलालाई जसरी वा जुनसुकै रूपमा पनि अमानवीय व्यवहार गर्ने र उनी बोल्न खोज्दा भने 'संस्कार, धैर्यता, इज्जत/बेइज्जत'जस्ता विभिन्न भाष्य प्रयोग गरेर आवाज दबाउने प्रयास गरिन्छ । त्यसैले स्थापितहरू हाकाहाकी भन्छन्, 'तिमी राम्री छ्यौ तर तिम्रो थुतुनो भएन।' तर, हातमा स्मार्ट फोन बोकेका यस युगका कुनैपनि महिला कसैको धम्कीपूर्ण आदेश मानेर बस्न वाध्य छैनन्। आफूलाई परेका जुनसुकै अन्यायविरुद्ध लड् नका लागि सक्षम छन् । हामीसँग पहिलेभन्दा उन्नत संविधान छ। महिलाले नै सर्वोच्च न्यायालय हाँकेको हाम्रो मुलुकमा आज महिला अधिकारको वकालत गर्ने महिला वकिलहरू नै प्रशस्त छन्। छनलाई पितृसत्ता जब्बर छ, शरीर महिला भएपनि पितृसत्ताको भारी बोक्ने महिलाहरू पनि प्रशस्त छन। यता, महिलालाई दबाउन प्रयोग गरिने भाष्य भत्काउन लागेका महिला पत्रकारहरू पनि प्रशस्त छन्। समाजलाई मन नपर्ने यस्ता 'चोथाले- थुतुना'हरूले स्थापित पितृसत्ताका जराहरू उधिन्ने हिम्मत राख्छन्।

# विपन्नहरुको उपचार कसले गर्ने

# उपचारकै कारण गरिब बन्दै नेपाली




प्राणमञ्च डेस्क, काठमाण्डौं

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने व्यवस्था संविधानको मौलिक हकमै समावेश गरिएको छ। तर, सरकारी स्वास्थ्य संस्थामा आवश्यक सेवा नपाउँदा हरेक वर्ष देशका १.७ प्रतिशत जनसंख्या उपचारकै कारण गरिब हुने गरेको सरकारी अध्ययनले नै देखाएको छ। हालको जनसंख्याअनुसार यो करिब पाँच लाख जनसंख्या हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत नेपाल राष्ट्रिय स्वास्थ्य लेखाले तयार गरेको १० वर्षे राष्ट्रिय स्वास्थ्य वित्त रणनीतिको मस्यौदामा औषधोपचार गराउँदा भएको व्यक्तिगत खर्चकै कारण प्रत्येक वर्ष १.७ प्रतिशत जनसंख्या गरिबीको सूचीमा पर्ने गरेको उल्लेख छ। अर्थ मन्त्रालय, श्रम मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र योजना आयोगसँगको सहकार्यमा रिपोर्ट तयार गरेको हो। सामान्य स्वास्थ्य उपचार गराउँदासमेत ठूलो संख्यामा नागरिक गरिब बनेको मस्यौदामा उल्लेख छ। आर्थिक वर्ष ०७३/७४ लाई आधार वर्ष मानेर अनुसन्धान गरिएको स्वास्थ्य मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेलले बताए। 'आर्थिक वर्ष ०७३/७४ लाई आधार मानेर पहिलोपटक गरिएको अनुसन्धानले कुल जनसंख्याको १.७ प्रतिशत मानिस उपचारमा गरेको खर्चकै कारण गरिबीको रेखामुनि पुगेको देखाएको छ। तर, यो दर अहिले पनि घटेको छैन, बरु बढेकै होला,' डा. पौडेलले भने। अबको १० वर्ष (०७९-०८९) का लागि स्वास्थ्यमा गर्नुपर्ने लगानी र त्यसबाट आउने प्रतिफल अध्ययनसमेत गरेर रणनीतिक मस्यौदा तयार गरिएको छ। मस्यौदामा उल्लेख भएअनुसार ०८०/८१ सम्म उपचारकै कारण हुने गरिबी घटाएर १ प्रतिशतमा झार्ने, ०८४/८५ मा ०.५ प्रतिशतमा कायम गर्दै ०८८/८९ मा शून्यमा पुऱ्याउने लक्ष्य मन्त्रालयको छ। 'उपचारमा भएको खर्चकै कारण निम्तिएको गरिबी अन्त्य गर्नुको विकल्प छैन। १० वर्षभित्र यसलाई शून्यमा झार्ने लक्ष्य लिइएको छ,' डा. पौडेलले भने, 'स्वास्थ्य वित्त रणनीतिले हाल

सरकारले स्वास्थ्यमा प्रतिव्यक्ति वार्षिक २० डलर खर्च गर्दै आएको देखाएको छ। १० वर्षभित्र लगानी बढाएर ८६ डलर पुऱ्याउनुपर्नेछ। मस्यौदा सोही अनुसार तयार पारिएको छ।

**गरिबी ९.१६ प्रतिशत मात्रै स्वास्थ्य बिमामा आबद्ध**

सबै नागरिकलाई स्वास्थ्य बिमा भन्ने सरकारी नीति छ। तर, हालसम्म ५३ लाख चार हजार दुई सय ७० जना मात्रै स्वास्थ बिमामा आबद्ध छन्। यो कुल जनसंख्याको २०.३ प्रतिशत हो। बिमित भएकामा पनि कुल अंकको ९.१६ प्रतिशत अर्थात् चार लाख ८८ हजार नागरिक गरिबीको रेखामुनि रहेका छन्। ७७ मध्ये २६ जिल्लामा मात्रै अति गरिबको पहिचान गरिएकाले संख्या नै कम भएको स्वास्थ्य बिमा बोर्डका वरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भुप्रसाद ज्ञवालीले बताए। सबै जिल्लामा गरिब पहिचान गरेर परिचयपत्र वितरण गर्ने हो भने यो संख्या बढ्ने उनको भनाइ छ। ०८०/८१ सम्म गरिबीको रेखामुनि रहेका बिमितको संख्या बढाएर ५० प्रतिशत पुऱ्याउने लक्ष्य राष्ट्रिय स्वास्थ्य वित्त रणनीतिले लिएको छ। १० वर्षभित्र शतप्रतिशत पुऱ्याउने लक्ष्य छ। १० वर्षे राष्ट्रिय स्वास्थ्य वित्त रणनीतिको मस्यौदाअनुसार स्वास्थ्यमा व्यक्तिगत खर्च ५७ प्रतिशत छ। क्रमशः यसलाई ४० प्रतिशत, ३० प्रतिशत र २५ प्रतिशतमा झार्ने लक्ष्य रहेको पौडेलले बताए। स्वास्थ्यमा खर्च धेरै हुँदा धनी व्यक्ति मध्यम वर्गमा पुग्ने, मध्यम वर्ग गरिब हुने र गरिबले उपचार नै नपाउने अवस्था आएको अधिकारीहरूको बुझाइ छ।

**के हो स्वास्थ्य बिमा ?**

नेपालको संविधान, २०७२ को धारा ५१ (ज) (१५) मा राज्यका नीतिअन्तर्गत नागरिकको स्वास्थ्य बिमा गरेर स्वास्थ्य-उपचारमा पहुँच पुऱ्याउने सुनिश्चित गरिएको छ। स्वास्थ्य बिमा ऐन, २०७४ र नियमावली, २०७५ अनुसार गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा सबै नागरिकलाई उपलब्ध गराउने र आर्थिक जोखिम न्यून गर्ने राज्यको प्रतिबद्धताअनुसार स्वास्थ्य सेवालाई स्वास्थ्य बिमा कार्यक्रममार्फत अघि बढाउने संकल्प छ। कार्यान्वयनका लागि स्वास्थ्य बिमा बोर्ड स्थापना गरेर कार्यक्रम सुरु गरिएको हो। उक्त कार्यक्रमबाट गरिब, विपन्न एवं सुगम क्षेत्रमा समेत सेवाको पहुँच पुगिरहेको बोर्डका वरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भुप्रसाद ज्ञवाली बताउँछन्। स्वास्थ्य बिमाको मुख्य उद्देश्य गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने हो। साथै स्वास्थ्य सेवाका क्षेत्रमा पूर्वभुक्तानी र जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागि थप वित्तीय संरक्षण प्रदान गर्ने लक्ष्य पनि हो। स्थानीय तहका हरेक वडामा एकजना दर्ता सहयोगी छनोट गरी घरघरबाटै तथ्यांक संकलन गरेर सर्वसाधारणलाई स्वास्थ्य बिमामा आबद्ध गराइन्छ। बिमित भएपछि सेवा प्राप्त गर्नका लागि कार्ड उपलब्ध गराइन्छ। पाँचजनासम्म सदस्य रहेको परिवारले प्रतिपरिवार प्रतिवर्ष एक लाख रुपैयाँसम्मको स्वास्थ्य सुविधा पाउँछन्। त्यस्तै, पाँचभन्दा बढी सदस्य रहेका परिवारको हकमा प्रतिसदस्य २० हजार रुपैयाँका दरले वर्षमा अधिकतम दुई लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार पाउँछन्। ७० वर्ष उमेर नाघेका ज्येष्ठ नागरिकले प्रतिवर्ष एक लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार पाउने व्यवस्था पनि स्वास्थ्य बिमाले गरेको छ। स्वास्थ्य मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेल भन्छन्: उपचारमा भएको खर्चकै कारण निम्तिएको गरिबी अन्त्य गर्नुको विकल्प छैन आर्थिक वर्ष ०७३/७४ लाई आधार मानेर पहिलोपटक गरिएको अनुसन्धानले कुल जनसंख्याको १.७ प्रतिशत मानिस उपचारमा गरेको खर्चकै कारण गरिबीको रेखामुनि पुगेको देखाएको छ।

# घोराही–मुर्कुटी मार्गको मुद्दा उच्चमा पुग्यो, होला त समाधान ?





२०७२ असार ३२ गतेदेखि सडक स्तरोन्नती तथा कालोपत्रे निर्माणको काम २०७८ चैत मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने सडक डिभिजन दाङ र निर्माण कम्पनी बीच भएको थियो । कोरोना महामारीका कारण एकवर्ष निर्माणको समयसीमा थप गर्दा झण्डै ६ वर्ष सडक निर्माणको काम लम्बियो । सरकारको ३४ करोडको लगानी उक्त सडकमा खर्च भयो । न सडक बन्न सक्यो, न जनताले सरकारको लगानीको अनुभुती गर्न पाए । सडक निर्माण भएको ४ महिना भित्रमा नै सडक बिग्रीएर साबिकको भन्दा अझ खराव स्थितिमामा पुगेको छ।

जनताका लागि सरकारले गरेको लगानीको खेर गएको मापदण्ड अनुरुप सडक निर्माण नभएको, जनताले उक्त सडकमा अझ सास्ती खेप्नु , सरकारको करोडौं राजस्व दुरुपयोग भएको भन्दै एडभोकेसी फोरम नेपालको लुम्बिनी उच्च अदालत तुलसीपुरमा जिल्ला प्रशासन दाङ र प्रमुख जिल्ला अधिकारी सडक डिभिजन दाङ, सडक डिभिजन प्रमुख ,जिल्ला समन्वय समिति दाङ, जिल्ला समन्वय समिति प्रमुख, उक्त सडक निर्माणको जिम्मा लिएको लुम्विनी जेभी बिरुद्धमा मुद्दा दायर गरेको छ ।

सडकको स्थलगत अनुगमन तथा अध्ययन टोली गठन गरि सडकको अवस्थाको बारेमा स्थलगत अध्ययन गरेका खण्डमा यथार्थ अवस्था जानकारी भै न्याय निरोपणका लागी सहज हुने भएकाले अदालतबाटै बिज्ञ सहितको स्थलगत अध्ययनटोली गठन एडभोकेसी फोरम नेपालको लुम्बिनी कानुनी उपचारको खोजीका लागि मुद्दा दायर गरेको हो । स्थानीय प्रशासन तथा प्रमुख सबैले जिम्मेवारी बहन गर्न नसक्दा सडक निर्माणको काम र लगानी खेर गएको उल्लेख छ । दलाल र विचौलियाहरुको विगविगी भएको मुलुकमा मुद्दा जहाँ-जहाँ भएपनि समस्या समाधानमा कुन ै परिणमा नआउने विश्लेषकहस्को निश्कर्ष छ ।

# विश्वकै उत्कृष्ट चित्र बनाउछन् गोरखाका विद्यार्थी






लोकमणी भण्डारी, घोराही, दाङ

गोरखा इन्टरनेशनल पब्लिक सेकेण्डरी स्कूल घोराहीले जापान सरकारले प्रदान गर्ने अन्तर्राष्ट्रिय सहकार्य शैक्षिक अवार्ड २०२१ प्राप्त गरेको छ । जापानको शिक्षा मन्त्रालयले दिने सो अवार्डका लागि जापान आर्ट माइलले कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो प्रतियोगितामा भाग लिने यो विद्यालय नेपालमा दोस्रो भए पनि अवार्ड पाउने भने पहिलो बनेको छ । पहिलोपटक भक्तपुरको माउन्टभ्यू स्कूलले यो प्रतियोगितामा भाग लिएको थियो । गोरखा माविले सन् २०२१ लागि प्रस्ताव पेश गरेर प्रतियोगितामा पहिलोपटक भाग लिएको थियो । यो प्रतियोगिताअन्तर्गत अरु कुनै देशका विद्यालयसँग साझेदारी गरी संयुक्तरुपमा विद्यार्थीहरुलाई चित्रकलाको माध्यमबाट सिकाइ प्रक्रिया शुरु गर्नुपर्छ । सोही अन्तर्गत गोरखा माविले जापानको सान्नो जुनियर हाइस्कूलसँग साझेदारी गरी 'प्रकृति बआचौं' शीर्षकको कार्यक्रममा भाग लिएको थियो । त्यसका लागि गोरखा मावि दाङका कक्षा ५ देखि ८ सम्मका १२ देखि १४ बर्षसम्मका ४० जना विद्यार्थीले भाग लिएको थिए । यही कार्यक्रमअनुसार जापानको सान्नो जुनियर हाइस्कूल र नेपालको गोरखा माविका विद्यार्थीहरुले सामूहिकरुपमा तयार गरेको चित्रकला विश्वमा उत्कृष्ट भएपछि यो उपाधि प्राप्त भएको कार्यक्रम संयोजक थम्मन बस्नेतले जानकारी दिनुभयो । गोरखा माविको तर्फबाट बस्नेतले कार्यक्रम संयोजक र चित्रकला शिक्षक सन्तोष नेपालीले बिषय विज्ञको रुपमा भूमिका निर्वाह गर्नुभएको थियो । सन् २०३० सम्म विश्वका अल्पविकसित देशहरुलाई विकासशील देशमा लैजाने उद्देश्यसहित सञ्चालन भइरहेको दिगो विकासका लक्ष्य कार्यक्रम तथा सोही कार्यक्रमबाट निर्देशित नेपालको शैक्षिक सिकाइ उद्देश्यअन्तर्गत रहेर चित्रकलाको माध्यमबाट विद्यार्थीलाई शिक्षक सिकाइको अन्तर्राष्ट्रिय आयाम जोड्नु यो कार्यक्रमके उद्देश्य रहेको संयोजक बस्नेतले जानकारी दिनुभयो । यसमा विद्यार्थीहरुले संसारभरिका विभिन्न देशका विद्यार्थीसँग साझेदारी गरेर परियोजना कार्य गरेका थिए । यसैबीच मंगलवार एक कार्यक्रमका बीच सो अवार्ड विद्यालयलाई हस्तान्तरण गरिएको छ । घोराही उपमहानगरपालिका वडा नम्बर १४ का अध्यक्ष शक्तिराम डाँगीले गोरखा ग्रुपका उपाध्यक्ष बिष्णुप्रसाद घर्ती र विद्यालयका प्राचार्य मानसिंह घर्तीलाई अवार्ड हस्तान्तरण गर्नुभएको थियो । सो क्रममा प्रतियोगितामा सहभागी ४० विद्यार्थी र संयोजक तथा सहजकर्ता शिक्षकलाई पनि पुरस्कृति गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि डाँगीले यो पदक नेपालका लागि गौरवको बिषय भएको बताउनुभयो । अहिले कलाकारिताबाट देश चिनाउने विद्यार्थीहरुले भोलि देश निर्माणका लागि पनि योगदान गर्नसक्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । कार्यक्रममा घोराही उपमहानगरपालिका शिक्षा महाशाखाका अधिकृत शेरबहादुर बिष्ट, प्रतियोगी विद्यार्थीहरु आयुष देवकोटा र क्रिसमस पाइजालगायतले बोल्नुभएको थियो ।

# कंगो स्वतन्त्रता संग्राम र लुमुम्बा



चिन्तामणी घिमिरे

कङ्गो र पेट्रिस  लुमुम्बा एक आपसमा जोडिएका र अलग गर्न नसकिने नाम हुन् । कङ्गो अफ्रिकी महादेशको दोस्रो ठुलो मुलुक हो भने पेट्रिस लुमुम्बा कङ्गोका महान सहिद हुन् । जसले अमेरिकी साम्राज्यवादका विरुद्ध लड्दा लड्दै विरगती प्राप्त गरेका थिए । अफ्रिकी महान क्रान्तिकारी, जसले आफ्नो देश कङ्गोलाई विदेशीहरुको शोषण र उत्पीडनबाट मुक्त गरेका थिए । ती क्रान्तिकारी योद्धालाई अमेरिकी जासुसी संस्था सिआइएको योजनामा पाशविक ढंगले हत्या गरिएको थियौ । ती बहादुर क्रान्तिकारी महान योद्दाको नाम थियो पेट्रिस लुमुम्बा । यो सानो लेखमा कङ्गो र लुमुम्बा बारेमा छोटकरीमा जानकारी दिने प्रयास गरिएको छ ।

**कङ्गोको संक्षिप्त परिचय** :

अफ्रिकाको नक्सा हेर्ने हो भने अफ्रिकी महादेशको सबैभन्दा ठुलो देश कङ्गो देखिन्छ । यो अफ्रिकी मुलुकहरू मध्यमा सबैभन्दा ठुलो देश हो । यसको आधिकारिक नाम हो डिमोक्रेटिक रिपब्लिक अफ कङ्गो । संक्षेपमा कङ्गो भनेर चिनिन्छ । यहाँ विशाल कङ्गो नदी वहन्छ र यही नदीको नामबाट यस देशको नाम कङ्गो बन्न पुगेको हो । कङ्गोमा हिरा ,रबर र हात्तीको दात प्रसस्त मात्रामा पाइन्छ । प्रकृतिले नै कङ्गोलाइ प्रसस्त मात्रामा प्राकृतिक खजाना उपलब्ध गराएको छ । यस्तो प्राकृतिक सौन्दर्य देखेर युरोपियनहरुको मनमा ईर्ष्या र डाहा उत्पन्न हुन्छ । यसै सिलसिलामा उन्नाइसौं शताब्दीमा बेल्जियमका राजा लियोपोल्डको कुदृष्टि कङ्गोमाथी पर्न जान्छ । बेल्जियम एक युरोपियन देश हो । त्यहाँका राजा लियोपोल्डले सन १८८० मा कङ्गोमाथी कब्जा गरे र आफ्नो निजी सम्पत्तिको रूपमा घोषणा गरे । यसपछि राजाले कङ्गोको राजधानीको नाम फेरे र आफ्नो नामबाट राजधानीको नामाकरण गरियो । अर्थात राजधानीको नाम लियोपोल्ड रहन पुग्यो । त्यसपछि राजाले कङ्गो र कङ्गोवासीहरुलाइ प्रत्यक्ष रूपमा लुट्न शुरु गरे । कङ्गोका जनतामाथि अत्यन्तै अमानवीय ढंगबाट शोषण दमन गर्न थालियो । त्यहाँ मानवता भन्ने चीज नै गायब हुन पुग्यो । बिस्तारै कङ्गोको अवस्था बिग्रदै गयो र दयनीय अवस्थामा पुग्यो । विश्वभरी नै राजा लियोपोल्डको आलोचना हुन थाल्यो । सन १९०८ मा राजाले कङ्गो माथिको आधिपत्य बेल्जियमको सरकारलाई सुम्पन पुगे । कङ्गो बेल्जियमको उपनिवेश बन्न पुग्यो । कराइको माछा उम्केर भाग्न खोज्दा भुंग्रोमा (अगेनामा) परेजस्तै भयो । एउटा रापबाट अर्को तापमा ।

**लुमुम्बा र स्वतन्त्रता आन्दोलन**

औपनिवेशिक शोषण र दमनको जुवामुनी पिल्सिएको देश कङ्गोमा सन १९२५ मा पेट्रिस लुमुम्बाको जन्म हुन पुग्छ । देशले एउटा वीर र असल सपूत खोजेको बेला लुमुम्बाले आफ्नी आमाको कोखबाट कङ्गोको धर्तीमा पाइला टेक्न पुग्छन । पेट्रिस लुमुम्बाको जन्म एउटा अत्यन्तै सानो कविलामा भएको थियो । जो राजनीतिक रुपले प्रभावहीन थियो । प्रोटेस्टेन्ट मिसनरी नाम गरेको स्कुलमा गएर शिक्षा आर्जन गर्न पुग्छन् । पढाइमा अत्यन्तै मेहनती र लगनशील हुन्छन् । विद्यालयबाट आफ्नो लेखाइपढाई पूरा गरेपछि राजधानी लियोपोल्डको एउटा गाउमा रहेको डाकघरमा कलर्कको पदमा जागिरे बन्न पुग्छन् । त्यतिबेलासम्म उनको मनमा रास्ट्रवादी भावनाहरु जागृत हुन पुग्छन् । उनले सोच्न लागिरहेका थिए  कि कसरी कङ्गोलाइ बेल्जियमको उपनिवेशबाट मुक्त गर्ने ?

उनको हृदयमा उपनिवेश विरोधी विचारहरु छचल्किन पुग्छन् । उनले बेल्जियम सरकारप्रति घृणा प्रकट गर्न थाल्छन्। उनी उपनिवेशविरोधी बन्न पुग्छन्। लुमुम्बाले अफ्रिकी देश घानाको यात्रामा निस्कन पुग्छन् । त्यही बेलामा घानामा अफ्रिकी रास्ट्रवादीहरुको एउटा ठुलो सम्मेलन भइरहेको हुन्छ । त्यस सम्मेलनमा उनी भाग लिन पुग्छन् र आफ्ना विचारहरु राख्न थाल्छन् । त्यस सम्मेलनमा भाग लिएपश्चात् एउटा दृढ संकल्पका साथ लुमुम्बा कङ्गो फर्कन्छन् । कुनैपनि हालतमा कङ्गोलाइ बेल्जियमको दासताबाट मुक्त पार्नुपर्छ र एउटा स्वाधीन, स्वाभिमान र आत्मनिर्भर देशको रूपमा खडा गर्नुपर्दछ भन्ने अठोट लिए । संगठित शक्तिबिना आन्दोलनलाई टुंगोमा पुऱ्याउन सकिदैन भन्ने महसुस गरेर उनले सन् १९५० को दशकमा कङ्गोलिज नेसनल पार्टीको निर्माण गरेर बेल्जियमको विरुद्ध संघर्ष गर्न शुरु गरे । लुमुम्बाको नेतृत्वमा कङ्गोवासी जनताहरु बेल्जियमका विरुद्ध स्वतन्त्रताको प्राप्तिको लागि संघर्षको मैदानमा उत्रे । अधिकार मागेर होइन खोसेर पाइन्छ भन्ने कुरामा उनीहरू ढुक्क देखिन्थे । आन्दोलनको आँधिहुरी बड्दै जाँदा परिस्थिति यस्तो बन्दै गयो कि सन् १९५९ आउदै गर्दा बेल्जियमलाई छिटोभन्दा छिटो नै कङ्गोलाई स्वतन्त्र घोषणा गर्नुपर्ने भयो । ३० जुन १९६० मा कङ्गोलाई बेल्जियमले स्वतन्त्र देशको रूपमा घोषणा गऱ्यो। कङ्गो उपनिवेशबाट नवउपनिवेश बन्न पुग्यो । राजधानी लियोपोल्डको नाम बदलेर किन्सासा नामाकरण गरियो।

## साम्राज्यवादका बिरुद्ध संघर्ष र सहादत

लुमुम्बा शुरुदेखी नै वामपन्थी विचारधाराका थिए । त्यो समय विश्व दुई खेमामा बिभाजित थियो । एक खेमा अमेरिकी पक्ष र अर्को सोभियत संघ पक्ष । शितयुद्धले चरम रूपमा थियो। वामपन्थी विचारधाराको पक्षधर हुनुको कारण लुमुम्बा अमेरिकी जासुसी संस्था सिआइएको तारो बनेका थिए । कङ्गोको युरेनियम ,सुन र हिराखानी अमेरिकाको कब्जामा थियो । उनले त्यसको विरोध गरेका थिए । कङ्गोको स्वतन्त्रता पछि रास्ट्रपतिले लुमुम्बालाइ कङ्गोको पहिलो प्रधानमन्त्रीको रूपमा नियुक्त गरेका थिए । लुमुम्बा ३ महिना मात्र प्रधानमन्त्री हुन पाएका थिए । कङ्गो बेल्जियमको उपनिवेशबाट मुक्त भएपनि स्वाधीन र पुर्ण रुपले स्वतन्त्र बन्न सकेको थिएन । कंगो नवऔपनिवेशिक साङ्लोले बेरिएको थियो । लुमुम्बाले देशलाई नवउपनिवेशबाट मुक्त गराउन चाहन्थे । त्यो कुरा अमेरिकालाइ मन परेको थिएन । किनकि उसले त्यहाँ लूटन पाइरहेको थियो । बेल्जियमको मद्धतबाट लुमुम्बाका विरोधीहरुले कटाङगा नामको एक प्रान्तलाइ कङ्गोबाट अलग गरे । कटाङगा पहाडहरुले घेरिएको कङ्गोको दुर्गम क्षेत्र थियो । जुन युरेनियम र सुनखानी भएको क्षेत्र थियो । लुमुम्बाले कटाङगालाई पुनः कङ्गोमा सामेल गर्नका लागि संयुक्त रास्ट्रसंघसङ्ग सहयोगको लागि अपील गरे । तर संयुक्त रास्ट्रसंघले कङ्गोलाइ कुनैपनि खालको मद्धत दिने कुरालाई सिधै अस्वीकार गऱ्यो । यसपछि पेट्रिस लुमुम्बाले सोभियत संघसित सैनिक सहयोग मागे । त्यस समय सोभियत संघका नेता निकिता खुस्चेव थिए । जब लुमुम्बाले सोभियत संघसँग सैनिक सहयोग मागे तब अमेरिकाको कान ठाडो भयो । उसलाई लाग्यो कि कङ्गोमा दोस्रो फिडेल कास्त्रोको जन्म भयो । अमेरिकालाइ यस्तो लाग्न थाल्यो कि यदि सोभियत संघको सेना कङ्गोको सहयोगको लागि त्यहाँ गयो भने कङ्गो सधैका लागि सोभियत पक्षधर बन्ने छ । यसपछि सिआइएले लुमुम्बाको हत्याको योजना बनाउन थाल्यो । सबभन्दा पहिला सिआइएले कङ्गोमा जहर बनाएर पठायो । जुन जहर लुमुम्बाले

> उनका विरोधीहरुले लुमुम्बालाइ गिरफ्तार गरे । उनलाई त्यहाँको सैन्य क्याम्पमा राखियो र अत्यन्तै अमानवीय ढंगबाट क्रुर यातना दिइयो । १७ जनवरी सन १९६१ मा लुमुम्बालाइ चर्को शारीरिक यातना दिइयो, तेजाव (एसिड) ले पुरै शरीर नुहाइदिएर गोली हानेर हत्या गरियो । त्यस समय उनी ३६ बर्ष उमेरका थिए ।

दात माझ्ने टुथपेस्टमा मिलाउने योजना थियो । जसबाट लुमुम्बा दात माझ्दै मृत्युको घाटमा पुगुन । तर यो षड्यन्त्र सफल भएन । त्यसपछि कङ्गोका रास्ट्रपतिले लुमुम्बालाइ प्रधानमन्त्रीको पदबाट बर्खास्त गरे । लुमुम्बाले हार खाएनन् । उनले समानान्तर सरकारको गठन गरे । तर त्यसको केहि समयपछि उनका विरोधीहरुले लुमुम्बालाइ गिरफ्तार गरे । उनलाई त्यहाँको सैन्य क्याम्पमा राखियो र अत्यन्तै अमानवीय ढंगबाट क्रुर यातना दिइयो । १७ जनवरी सन १९६१ मा लुमुम्बालाइ चर्को शारीरिक यातना दिइयो, तेजाव (एसिड) ले पुरै शरीर नुहाइदिएर गोली हानेर हत्या गरियो । त्यस समय उनी ३६ बर्ष उमेरका थिए । लुमुम्बाका विरोधिहरु उनीदेखि यति डराउँथेकि उनको लासलाइ तेजाव हालेर जलाइयो । जसबाट लुमुम्बाको कुनै नामनिशान नरहोस् भन्ने थियो । केही बर्षपछि लुमुम्बाको हत्याको योजना बारेको एउटा दस्तावेज सार्वजनिक भयो । त्यस दस्तावेजबाट थाहा हुन गयो कि लुमुम्बाको हत्यामा सिआइएको हात थियो । पेट्रिस लुमुम्बा देशका लागी सहिद बनेर अमर भय । उनलाइ क्युवाका महान क्रान्तिकारी नेता चेग्वेवाराले क्रान्तिको बलिदानी भनेर भनेका छन् ।

**अप्ठ्यारो मोडमा नेपाल**

कङ्गो जस्तै नेपाल पनि प्राकृतिक सौन्दर्यले भरिएको देश हो । यहाँ जल, जङ्गल, खनिज र युरेनियम प्राकृतिक रुपमा उपलब्ध छ । बेलायती साम्राज्यवादबाट अर्धउपनिवेश बनेको नेपाल अहिले नवउपनिवेशको अवस्थामा छ । अहिलेसम्म नेपालको प्राकृतिक स्रोत साधन र सम्पदा माथि भारतीय साम्राज्यवादले एकलौटी रुपमा भोगचलन गर्दै आएको थियो । अब त्यसमा अहिले अमेरिका पनि समावेश भएको छ । :ऋऋ सदनबाट बहुमतले पारित भयपछि अमेरिकालाइ वैधानिक रुपले भित्र्याउ काम संसदबादी दलहरुले गरेका छन् । उसको काम भनेको नेपालीहरुलाइ फुटाउने, लूटने र शासन गर्ने हो । जसरी अहिले कङ्गोबासी जनताहरुले भिखारीको अवस्था झेल्नुपरेको छ । त्यही अवस्था भोलि नेपालमा नआउला भन्न सकिदैन । अमेरिकाले कङ्गोमा पाइने युरेनियम र सुनखानी कब्जा गरि कङ्गो र कङ्गोली जनतालाई भिख माग्ने बनायो । भोलि नेपाललाई बनाउने त्यही नै हो । नेपालका कतिपय नेताहरूले एमसीसी सदनबाट पास नभए अमेरिकाले कासिम सुलेमानी बनाइदिन्छ भन्दै रुदैरुदै हिडे । अहिले ती नेताहरु खुसीनै होलान् । नेपाल एमसीसीको साङ्लोले बाधियको छ । त्यो साङ्लो चुडाल्न हजारौं लुमुम्बाहरु जन्मिनुपर्छ । कङ्गोको इतिहासबाट शिक्षा लिइ स्वाभिमान र स्वाधीनताको बाटोमा लागौ । परनिर्भर र पराधिनताको बाटो त्यागौं । यसैमा देश र जनताको भलाई छ ।


## आम नागरिकमा हाम्रो अनुरोध

- सडकसँगै लगाइएका फूल तथा रुख बिरुवाहरुको संरक्षण संरक्षण गरि हरियाली बढाऔं
- सडक संरतचनामा निर्माण गरिएका रेलिङ तथा कन्भर्ट सर्भस्टोनको संरक्षण गरौं
- पैदल यात्रीहरुले जेब्रा क्रसिङ, सडकपेटी तथा आकाशे पुलबाट मात्र बाटो काट्ने गरौं
- सडक किनारमा जथाभाबि पार्किङ नगरौं - सडक तथा फुटपातको जग्गा अधिकरण नगरौं, अनुमतिबिना जथाभावी सहायक रुट खोलेर मुलसडकको अवरोध नगरौं
- सडक किनार र सडक पेटीमा मालसामान, सवारी राखि आवागमनमा अबरोध नगरौं
- साइकल र रिक्सा चालकले सर्भिसरोडको मात्र प्रयोग गरौं, सडक नियमको पालना गरौं

**डिभिजन प्रमुख**

**डिभिजन सडक कार्यालय, प्युठान**



## प्रणमञ्च मासिकको जनहितमा जारी सन्देश

**कतै तपांई विभिन्न बहानामा महिलामाथी घरेलु हिंसा, योन दुर्वव्यबहार वा कथित बोक्सीको आरोपमा यातना दिनुभएको त छैन ? आफु हिंसामा परेर पनि कतै तपांई पनि चुपचाप सहेर बस्नुनुभएको त छैन ? ख्याल गरौा, अन्याय सहेर बस्नु पनि दण्डनिय कार्य हो । संसारका जननी नारीहरु सन्तुलित वस्त्रसहित उचित संस्कारमा रहि हिंसामुक्त समाजको निर्माण गरौं, अनावश्यक तडकभडक र फजुल खर्च विल्कुल नगरौं ।लैंगिक समानता, सामाजिक सद्भाव र राष्ट्रिय अखण्डताको लागि सबै नेपाली एकजुट होऔं ।**